मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

पूर्णाङ्क २६
साउन २०५६

संचेतना द्वैमासिक




## किन बनेन मानव अधिकार आयोग?

## कस्तो रह्यो संसदको आठ वर्ष?

झलक


मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक

वर्ष ७, पूर्णाङ्क २६, साउन २०५६



प्रस्तुति/समवेत ........................................२
शहीद दिवस अघि/वासुदेव अधिकारी ...........३
किन बन्दैन मा.अ. आयोग/टिकाराम भट्टराई ..४
के यी बाल अपराधका .../आत्माराम शर्मा ....७
कस्तो रह्यो संसदको आठ वर्ष/शार्दूल भट्टराई९
अधिकार यात्रा/राष्ट्रिय लज्जा/कुन्दन अर्याल १६
युवा वर्ग कत्तिको सचेत?/प्रकाश ज्ञवाली ......१७
मानवअधिकार खै कहाँ छ?/रघुनाथ लामिछाने१९
भूईंचालो / कमला पराजुली ......................२२
टिमोर स्वतन्त्रताको शुभेच्छा/सुशील प्याकुरेल२४
कहाँ छे जुनेली?/अग्निशिखा ...................२६
पूर्वी टिमोरको सन्दर्भ/मुकुन्द कट्टेल ..........२८
के यो जनशपथ पूरा होला/विन्देसर मण्डल..३२
कृपया क्षमा गर्नुहोस्/राजव.......................३६



**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुशील प्याकुरेल
कुन्दन अर्याल

**अतिथि सम्पादक**
अग्निशिखा

**कार्यकारी सम्पादक**
आत्माराम शर्मा

**सम्पादन समिति**
राजव
शार्दूल भट्टराई
देविका तिमिल्सिना

**आवरण**
किरण माली

**ले-आउट**
गोविन्द त्रिपाठी

**व्यवस्थापन**
राजनारायण नेपाली

**सहयोगी**
गीता माली, वाशु क्षितिज

मुद्रक : इन्द्रणी अफसेट, बागबजार

**पत्राचार**
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन - २७०७७०/२७८७७०

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित





किन बन्दैन

## मानवअधिकार आयोग ?



कस्तो रह्यो

## संसदको आठ वर्ष ?

## के यो जनशपथ पूरा होला ?



# सदा सदाको स्मृतिमा प्रकाश

*समय गतिशील छ। दिन, हप्ता, महिना र वर्षहरू भएर समय बितिरहेको छ । बिगत वर्षमा आएको साउन महिना जसरी नै यस पटक पनि साउन महिना आएको छ। ०४९ साउन १६ देखि प्रत्येक पटक आउने त्यो दिनले हामीलाई प्रकाश काफ्लेको सम्झना गराउँछ। अत्यन्त दुःखित दिनको रूपमा हाम्रा सामु प्रत्येक वर्ष आउने गर्छ साउन १६।*

*यो दिन अथक मानवअधिकार योद्धा प्रकाश काफ्लेको सम्झनामा हाम्रो मन मस्तिष्क उद्वेलित हुँदै गम्भीर हुन्छ र हाम्रा मन र शीरहरू झुक्छन्। मानवअधिकार आन्दोलनका अग्रणी नेपाली नायक प्रकाश काफ्लेको सम्झनाले हाम्रा भावनाका उच्चतम बोलीहरू यस दिन प्रतिध्वनित भएर बोल्छन्। हामी फूलका थुंगाहरू उन्दै मनका कुना कन्तरबाट उनकै नाममा श्रद्धाञ्जली व्यक्त गर्दछौं। जीवनको प्रारम्भदेखि कठोर आततायी मृत्यु पर्यन्त उनैले देखाएको बाटोमा आजसम्म हामी हिंडिरहेका छौं। त्यही मार्गमा हिंड्ने क्रममा हामीलाई प्रत्येक क्षण प्रकाश काफ्लेको सम्झना हुने गर्छ।*

*पोहोर साल जस्तै यस पटक पनि साउन १६ आउनु कुनै ठूलो कुरो र नयाँ भने पक्कै होइन। तर पनि साउन आउँछ र प्रत्येक साउन १६ गतेले हामीलाई गम्भीर बनाउने गर्छ। यस मानेमा हामी गम्भीर हुन्छौं कि अघिल्लो पटकको साउन १६ देखि यो दिनसम्म हामीले प्रकाशको भावना र चिन्तनलाई सम्मान गर्ने गरी मानवअधिकारको क्षेत्रमा कति काम गऱ्यौं ? कति गर्न सकेनौं ? र अब कति बाँकी छ ? त्यसको चर्चा समीक्षा निश्चय पनि आजैको दिन गर्ने छौं। जुन दिन प्रकाशले हामीलाई जिम्मेवारी बुझाउनु भयो त्यसै दिनदेखि निरन्तर आजसम्म हामीले उहाँकै मार्गदर्शनमा काम गर्दै आएका छौं। उहाँको मार्गदर्शनलाई हामीले आफ्नो लक्ष्य बनाएर काम गरिरहेका छौं। भविष्यमा पनि गरिरहने छौं।*

*उहाँ यति छिटै हाम्रा बीचबाट बित्नु नपर्ने थियो तर पनि बित्नु भयो। यो पनि निश्चय हो, अब उहाँ हाम्रा सामु सशरीर आउन सक्नु हुन्न। त्यसैले हामीले उहाँलाई हामीसंगै खोज्ने हो भने, हामीले उहाँका विचारहरूलाई निरन्तर पछ्याउने हो भने हामीले प्रण गर्नै पर्छ– "प्रकाश, तपाइँका बाँकी काम हामी पूरा गरिछाड्ने छौं।"*

*हाम्रो सदा सदाको स्मृतिमा प्रकाश, निरन्तर आन्दोलनको प्रकाश बनेर हामीलाई घच्घच्याइरहनु भएको छ। हामी उहाँकै प्रेरणा र योगदानबाट आफ्नो कर्ममा जुटिरहेका छौं। जुटिरहने छौं।*

# समवेत

न्यायपालिकाका कतिपय पदाधिकारीहरू भन्सारका कर्मचारीको जस्तो मानसिकता लिएर कार्यरत हुन्छन् भन्ने जनगुनासोलाई जनप्रतिनिधिहरूले अभिव्यक्त गरेका छन्। भन्सारजस्तो सरकारको राजस्व आर्जनको संवेदनशील निकायलाई कर्मचारीहरूको आर्जन थलोको रूपमा समेत मानिनुका पछाडि धेरै कारण होलान् तर, अहिले राज्यको प्रमुख अंग न्यायपालिकालाई भन्सारसंग तुलना गरिनुलाई बिडम्बनाबाहेक केही भन्न मिल्दैन। न्यायालय आलोचित हुने अवस्था जे-जति कारणले उत्पन्न भएको भए पनि यस्तो बिडम्बनाको अन्त्य हुनै पर्छ।

***– सम्पादकीय, कान्तिपुर***

स्वतन्त्र र सम्मानित न्यायालय कानूनी राजको लागि अति महत्वपूर्ण छ। सक्षम, स्वतन्त्र र सम्मानित अदालतले नै प्राप्त कानूनहरूको आधारमा निडर र निष्पक्ष फैसला दिन सक्छ। यसैले नै हाम्रो देशको संविधानमा अदालतलाई पवित्र र शक्तिशाली स्थान दिइएको छ। यद्यपि, हाम्रो अनुभव के छ भने न्यायालयको स्वतन्त्रता कानूनी राजलाई अबलम्बन गर्न सक्षम भइरहेको छैन।

**– माधवकुमार नेपाल**

*बुधवार साप्ताहिक, ०५६ साउन ५*

बालबालिका ऐन ०४८ ले देशका पचहत्तरै जिल्लामा अनाथ, असहाय बालबालिकाहरूको संरक्षण गरिनु पर्ने व्यवस्था गरेको भए पनि सो कुरालाई हालसम्म व्यवहारमा उतार्न सकिएको छैन।

***– के. पी. ओली***

*गोरखापत्र, ०५६असार २७*

जीवन पर्यन्त आदर्श र पार्टीमा रही सफल नेता बन्नु भएका मनमोहनजी अतुलनीय राजनीतिक व्यक्तित्व हुनुहुन्छ। उहाँको निधनले नेपालको कम्युनिष्ट आन्दोलन मात्र नभई प्रजातान्त्रिक आन्दोलनले समेत ठूलो क्षति व्यहोर्नु पऱ्यो।


***– प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई***

झण्डै एक दशक यता नेपालका निम्ति निरन्तर टाउको दुखाइको विषय बनेको भूटानी शरणार्थी समस्याको स्थायी समाधान अझै भेटिएको छैन। समस्या समाधानको उपाय खोज्नकै निम्ति नेपाल र भूटानबीच उच्चस्तरका थुप्रै वार्ताहरू भए। दुई देशबीच मन्त्री स्तरमै सातसात पल्ट औपचारिक भलाकुसारी हुँदा पनि प्रभावकारी उपायहरू भेटिएनन्। बाँकी कुरा अर्को वार्ताबाट टुंग्याउने भन्दै उम्कनु बाहेक दुवै पक्षले कुनै आशलाग्दो सहमति बनाउन सकेनन्। शरणार्थीका मामलामा भूटान सँधै अनुदार देखियो र नेपाली पक्षले प्रायः प्रत्येक वार्तामा अनुनय विनय गर्नु बाहेक कुनै नयाँ प्रभाव देखाउन सकेन। भूटानी शरणार्थीको विषयमा सँधै गाँसिएर आउने तेस्रो पक्ष अर्थात् भारतले चासो नदेखाएका कारण पनि द्विपक्षीय वार्ताहरूले त्यति महत्व पाउन सकेनन्।

***– सम्पादकीय, देशान्तर साप्ताहिक, ०५६ असार***

# शहीद दिवस अघि

वासुदेव अधिकारी



"बाबा, शहीद कस्तो हुन्छ?"
शहीद दिवसअघि
छोरीलाई शहीद चिन्न मन लाग्यो
वाघजस्तो हुन्छ?
- हुन्छ

घोडाजस्तो हुन्छ?
- हुन्छ

घामजस्तो हुन्छ?
- हुन्छ

छेपारोजस्तो हुन्छ?
- हुँदैन

प्रश्नले उत्तेजित भयो मेरो चेतना
प्रश्नले खन्न थाल्यो इतिहासको चिहान
मैले ठीकै भनें
वाघजस्तो शहीद
अन्धकारभक्षी
निरंकुशताभक्षी
घोडाजस्तो शहीद
दौडमा अगाडि
शासनमा पछाडि
आफू मर्ने/शासक जन्माउने/ आफू माटिने/अभियान उठाउने

तर शहीद
छेपारोजस्तो हुन्न आफू
रंग फेरिरहने
विडम्बना !
जब कोही शहीद हुन्छ
तव ऊ हुन्न
ऊ उज्यालो हुन्छ
ऊ आकाश हुन्छ
ऊ आवाज हुन्छ
भोलि विलाउला भनेर
(आकाश/आवाज/उज्यालो)
शहीदको मूर्ति बनाइन्छ।

फूल वर्षा ।
अबीरको वर्षा !
सम्मानको वर्षा ।
पत्थर शहीदसित कसैले कानेखुशी गर्छ
स-साना नानीहरू बलात्कृत हुन्छन्
सुन-डलरमा खुट्टा उम्रिन्छन्
शहीदको गोत्र थपिन्छ
चिनीयाकाजी ........ भीमदत्त ...... रामनाथ ...... अनिश
शहीदहरूलाई शहीद उपहार
गरीवलाई गरीवी उपहार
शहीद माला लाइरहन्छ
उज्यालो जिल्लाराम
आवाज जिल्लाराम

शहीद घरि आकाश भएर
विप्लव वहादुरको झुपडीमा पस्छ
घरि साथीको नाता लाएर
सिंहदरवार छिर्छ
सिंहदरवारमा ऊ
साथीले अन्धकारलाई म्वाई खाइरहेको दृश्य देख्छ
ऊ रिसाउँछ र जान्छ विप्लवकहाँ
विप्लव पनि कहाँ फुर्सदिलो छ र !
ऊ स्वयं शहीदको सपना साकार पार्न
नजिकैको बैंक लुट्न हिंड्छ।

आजको मुद्दा



# किन बन्दैन मानवअधिकार आयोग ?

टीकाराम भट्टराई

*(अधिवक्ता एवं नेपाल वार एशोसिएशन मानवअधिकार समिति सदस्य)*

ऐतिहासिक जनआन्दोलन २०४६ को भावना र मर्म प्रतिबिम्बित गरी जारी भएको नेपाल अधिराज्यको संविधान ०४७, संसदीय प्रजातान्त्रिक शासन प्रणाली भएका अन्य मुलुकका संवैधानिक अभ्यास र व्यवहार समेतलाई दृष्टिगत गरी निर्माण भएको हुनाले सन् नब्बेको दशकमा बनेका यस्तै प्रकृतिका अन्य संविधान भन्दा यो संविधान बढी उदार, प्रजातान्त्रिक र बिकसित संविधानवादको मर्म अनुरूप निर्माण भएको छ। हाम्रो संविधानको सैद्धान्तिक पक्षलाई विश्वका संविधानविद् र मानवअधिकार आन्दोलनका अग्रणीहरूले सह्राना गरेका छन्। नेपाल अधिराज्यको संविधान ०४७ को प्रस्तावनाले संविधानको मूल मर्म र मार्गलाई निर्देश गरेको छ। मानवअधिकारको कोणबाट यसको व्याख्या र विश्लेषण गर्दा प्रस्तावनाले भनेको छ- "प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा ....... यो संविधानलाई घोषित गरी लागु गर्न वाञ्छनीय भएकोले" यो संविधानको घोषणा भएको हो। प्रस्तावनाको यो वाक्यांशले संविधानको आवश्यकता मानवअधिकारको रक्षाको खातिर पनि महसुस गरिएको रहेछ भन्ने प्रष्ट पारेको छ भने अर्कोतर्फ आधारभूत मानवअधिकारको रक्षा गर्ने दायित्व राज्यले लिएको छ भन्ने तथ्य पति स्थापित गरिएको छ। कानून या संविधानको निर्माण गर्दा विगतका कानूनहरूका खराबीपक्षहरूलाई हटाउन के कस्तो संयन्त्रको निर्माण वा सुधार गर्नु जरूरी छ सो पक्षलाई पनि प्राथमिक रूपमा विचार गरिएको हुन्छ। संभवतः बिगत निरंकुश परिपाटीमा राज्यपक्षबाट नागरिकका विरूद्धमा भएका तीव्र दमन, यातना र नागरिकहरूको लापत्ता वा हत्या आदिलाई दृष्टिगत गरी हाम्रो संविधानले प्राथमिकता साथ ती खरावीहरूलाई निर्मूल गर्ने उद्देश्यले नागरिकहरूको आधारभूत मानवअधिकारको सुरक्षा गर्ने घोषणा गरेको हुनुपर्दछ जो अन्य मुलुकका संविधानहरूमा भन्दा भिन्न रूपमा प्रस्तावनामा नै उल्लेख गरिएको छ। संविधानको यो मर्म र भावना स्वयं क्रियाशील हुन सक्दैन। यस्का लागि राजनैतिक इच्छा शक्ति त अवश्य चाहिन्छ र त्यस पछि खास प्रकारको संयन्त्र पनि आवश्यक छ जुन संयन्त्रले संविधानको त्यो भावनालाई व्यावहारिक रूपमा कार्यान्वयन गराउने भूमिका निर्वाह गरोस्।

यसै आवश्यकतालाई मध्यनजर गरी विभिन्न मानवअधिकारवादी संघ संस्था र व्यक्तित्वहरूले २०४८ सालदेखि नै राष्ट्रिय मानवअधिकार आयोग स्थापनाको मागलाई चर्को रूपमा उठाए। प्रथम पटक तत्कालीन राष्ट्रियसभाका प्रतिपक्षी सांसद सुवास नेम्वाङले मानवअधिकार आयोग ऐनको विधेयकलाई निजी विधेयकको रूपमा राष्ट्रिय सभामा प्रस्तुत गर्नुभएपछि यसले कानून निर्माणको बाटो अबलम्बन गरी अन्ततः २०५३ पुस २४ मा मानवअधिकार आयोग ऐन विधिवतरूपमा लालमोहर लागी प्रकाशन गरियो। नेपालको मानवअधिकारको आन्दोलनमा यो ऐनको निर्माण स्वयंममा एउटा गुणात्मक फड्को हो भन्नुमा अत्युक्ति हुने छैन। यो मानवअधिकार आयोग ऐन, २०५३ को प्रस्तावनाले मानवअधिकारको प्रभावकारी कार्यान्वयन एवं संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्य राखेको छ। अझ यसको दफा २ को परिभाषा खण्डले नेपालको संविधान र कानूनले प्रदान गरेका मानवअधिकारको अतिरिक्त नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी सम्झौतामा निहित अधिकार समेतलाई मानवअधिकारमा समावेश गरेकोले यो ऐनको उद्देश्य व्यापक उदार र प्रजातान्त्रिक देखिन्छ तर यो दायित्व राज्यले पूरा गर्न सक्छ वा सक्दैन अथवा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू व्यवहारमा लागु गर्न नेपाल सक्षम भएको छ कि छैन भन्ने छुट्टै बहसको विषय हुन सक्छ। तथापि सन्धिमा सम्मिलित हुनुको अर्थ हो सक्षम भएर नै सम्मिलित भइएको हो। हालसम्म नेपाल निम्न मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा सामेल भइसकेको छ।

**अहिले मानवअधिकार आयोगको स्थापना हुँदा त्यसको सबभन्दा बढी फाइदा माओवादीहरुलाई हुनेछ जस्को कारण सरकार यो आयोग बनाउने पक्षमा छैन तर सरकारको यो दृष्टिकोण मानवअधिकारको प्रतिबद्धता विपरित र हाम्रो संविधानको भावना समेतको विपरित छ जस्लाई फाइदा भए पनि त्यो नेपाली नागरिकलाई नै फाइदा हुन्छ भन्ने सोचाई सरकारी पक्षले राख्नै पर्छ ।**

१. दासत्व महासन्धि १९२६
२. नारीको राजनैतिक अधिकार सम्बन्धी महासन्धि १९५२
३. जाति हत्या अपराधको रोकथाम र सजाय सम्बन्धी महासन्धि १९४८
४. सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५
५. रंगभेद अपराध नियन्त्रण सम्बन्धी महासन्धि १९७३
६. खेलकुदमा रंगभेद विरूद्धको अन्तर्राष्ट्रिय महासन्धि १९८५
७. वालअधिकार सम्बन्धी महासन्धि १९८९
८. महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन महासन्धि १९७९
९. आर्थिक, सामाजिक तथा सांस्कृतिक

अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६

१०. नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वऐच्छिक प्रोटोकल १९६६

११. यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि १९८४

१२. जिउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्ति शोषण दमनको लागि व्यवस्था भएको महासन्धि १९४९

१३. मृत्युदण्ड उन्मुलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दोस्रो स्वऐच्छिक प्रोटोकल १९८९

(स्रोत : नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको संग्रह- परराष्ट्र मन्त्रालय)

उपरोक्त सबै सन्धिहरूले प्रत्याभूत गरेका मानवअधिकारको ग्यारेन्टी र रक्षाको लागि मानवअधिकार आयोग ऐन २०५३ बनेको हुनाले यो ऐनको यो आकांक्षा कतै महत्वाकांक्षामा त परिणत हुँदैन? यी सबै अधिकारहरूको उल्लंघनलाई रोक्न र पीडितपक्षलाई मानवअधिकार दिलाउन प्रस्तावित मानवअधिकार आयोग सक्षम होला? यो गम्भीर प्रश्नलाई वौद्धिक बहसका लागि यहीं छाडेर अब यो ऐनको कार्यान्वयनका अन्य पक्षहरूको बारेमा चर्चा गर्न चाहान्छु।

विश्वका प्रजातान्त्रिक मुलुकहरूको सूचीमा आफूलाई उभ्याएर मानवअधिकारप्रति नेपाल गम्भीर चिन्तित छ र प्रत्येक मानवको आधारभूत मानवअधिकारको रक्षा गर्न कटिबद्ध छ भन्ने सन्देश विश्वमै दिनको लागि पनि मानवअधिकार आयोग ऐन अपरिहार्य थियो। त्यसै उद्देश्य समेतलाई मध्यनजर राखेर बनेको ऐन हालसम्म लङ्गडो भएर केवल अस्तित्वा मासम्म छ तर यसले आफ्नो औचित्य स्थापना गर्न सकेको छैन। मानवअधिकार आयोग ऐनको कार्यान्वयन तब शुरू हुन्छ जब यो ऐनले परिकल्पना गरेको मानवअधिकार आयोगको स्थापना हुन्छ। तुरून्त प्रारम्भ हुने भनी करीब ३ वर्ष अघि ०५३ पुस २४ मा आएको यो ऐनले प्रस्तावित गरेको मानवअधिकार आयोगको स्थापना हुन




नसक्नु दुखद र खेदजनक पक्ष हो। यदि यो ऐनको आवश्यकता थिएन भने किन निर्माण गरियो? ०५४ सालको स्थानीय निर्वाचन र गत महानिर्वाचनमा प्रमुख राजनैतिक दलहरूले मानवअधिकार आयोग बनाउने प्रतिबद्धताका साथ जनता समक्ष मत मागेका थिए। तर तिनका प्रतिबद्धताहरू खोक्रो सावित भैसकेका छन्। जो सत्तामा पुग्छ उसलाई प्रस्तावित मानवअधिकार आयोगले अप्ठेरो पार्छ त्यसैले ऊ आयोग बनाउने पहल गर्दैन। जो विपक्षमा छ ऊ पनि भरसक आफ्नै पहलमा बनाउछु, श्रेय किन उस्लाई दिने भन्ने हिसाबले सशक्त आवाज उठाउन सक्दैन। यही द्वन्द र प्रतिद्वन्दमा अल्भेकेको छ मानवअधिकार आयोगको स्थापना। अहिले सरसर्ती विश्लेषण गर्दा निम्न कारणहरू छन् जस्ले आयोगको गठनमा बाधा पुर्‍याई रहेका छन्।

**१. माओवादी समस्या र शान्ति सुरक्षाको प्रश्न**

संभवत माओवादीहरूले एक वर्ष पहिल्यै हिंसात्मक गतिविधि उस्को भाषामा जनयुद्ध शुरू गरेका हुन्थे भने यो ऐन नै बन्ने थिएन तर यो ऐन त्यो भन्दा पहिल्यै प्रक्रियामा थियो र जतिखेर औपचारिक रूपमा जनसमक्ष आयो त्यतिबेला माओवादीहरूको हिंसात्मक गतिविधिले व्यापकता लिइसकेको थियो। असमान्य अवस्थामा मानवअधिकारको प्रचलनमा अवरोध आउनु र राज्यले हुबहु मानवअधिकारको पालना गर्न नदिनु राज्यको विश्वव्यापी चरित्र नै हो। यद्यपि सैद्धान्तिक रूपमा जस्तोसुकै कठिन परिस्थितिमा पनि न्यूनतम मानवअधिकारको उल्लंघन हुन नदिने प्रतिज्ञा नेपाल लगायत १९४८ को मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्रका पक्ष राष्ट्रहरूले गरिसकेका छन् तर यो व्यवहारमा कही पनि देखिदैन। अहिले मानवअधिकार आयोगको स्थापना हुँदा त्यसको सबभन्दा बढी फाइदा माओवादीहरूलाई हुनेछ जस्को कारण सरकार यो आयोग बनाउने पक्षमा छैन तर सरकारको यो दृष्टिकोण मानवअधिकारको प्रतिबद्धता विपरित र हाम्रो संविधानको भावना समेतको विपरित छ जस्लाई फाइदा भए पनि त्यो नेपाली नागरिकलाई नै फाइदा हुन्छ भन्ने सोचाई सरकारी पक्षले राख्नै पर्छ।

**२. प्रस्तावित आयोगको अध्यक्षसंग जोडिएका प्रसङ्गहरु**

यो ऐन कार्यान्वयनमा आएको लगत्तै पछि नेपाली कांग्रेसको शेरबहादुर देउवाले नेतृत्व गरेको सरकार मुलुकमा क्रियाशील थियो जस्लाई तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायको निगाहबाट जन्मेको सरकार पनि भनिन्थ्यो। तत्कालीन सरकारले त्यसैको पुरस्कार स्वरूप प्रस्तावित आयोगको अध्यक्ष उहाँलाई नै बनाउने निर्णय गरेको थियो रे तर सो निर्णयको जाहेरी श्री ५ समक्ष पुग्दा नपुग्दा त्यो सरकार पनि विदा भयो। अर्कोतर्फ सुनिएसम्म श्री ५ बाट विश्वनाथलाई त्यसको अध्यक्ष बनाउनु हुन्न भन्ने अडानका कारण

त्यो आयोग बन्न सकेन। यो तथ्यलाई पुष्टि गर्ने ढंगका थप दुईवटा घटना मुलुकमा घटिसकेको हुनाले पनि श्री ५ को इच्छा सही थियो कि भन्ने अनुमान गर्न सकिन्छ। ती घटनाहरू थिए : (१) गृहसचिव पद्मप्रसाद पोखरेलले ५-६ महिना अघि एक भारतीय अखवारमा मानवअधिकार आयोगको गठन सरकारको कारण नभएर श्री ५ को कारणले ढिला भएको भनी प्रतिक्रिया व्यक्त गरेको कारणले पोखरेलले दरबार समक्ष क्षमायाचना गर्नुभयो भन्ने समाचार प्रकाशमा आएको थियो। (२) हालसालै मात्र श्री ५ बाट पूर्व प्रधानन्यायाधीशहरूलाई राजसभाको सदस्यमा मनोनित गर्दा विश्वनाथ उपाध्यायलाई मात्र छुटाईबक्सेको थियो। यी दुई घटनाहरूले श्री ५ विश्वनाथसंग सन्तुष्ट होइबक्सन्न भन्ने अनुमानको पुष्टि गर्दछ। जस्को कारण विश्वनाथले संविधानको गलत व्याख्या गरेको र सो व्याख्या पनि व्यक्तिपिच्छे फरक-फरक गरेकोले हुन सक्छ भन्ने चर्चा राजनैतिक वृत्तमा व्यापक छ। विगतका घटनाक्रमहरूलाई हेर्ने हो भने यो चर्चालाई महत्वहीन चर्चा भन्न सकिने ठाउँ छैन।

**३. आर्थिक पक्षसंग जोडिएका कुराहरु**

प्रस्तावित आयोगलाई निष्पक्ष, स्वतन्त्र र प्रभावकारी बनाउन आवश्यक पर्ने आर्थिक अनुदान श्री ५ को सरकारबाट प्राप्त गर्दा आयोगको स्वतन्त्र अस्तित्व र प्रभावकारितामा प्रश्न उठ्न सक्ने भएकोले आयोगले आफ्नो आर्थिक स्रोत श्री ५ को सरकार बाहेकबाट जुटाउनु पर्ने ऐनको दफा १५ को व्यवस्था पनि आयोगको गठनमा बाधक देखिएको छ। किनकि आयोग गठन भएको भोलिपल्टदेखि क्षतिपूर्तिको दावी गर्दै हजारौं निवेदनहरू पर्न सक्छन्। त्यसबेला दरिलो आर्थिक स्रोतको अभावमा आयोग निश्क्रिय रहनु पर्ने बाध्यता रहन सक्छ।

**४. नेपाल प्रहरीको दबाब**

माओवादी आन्दोलनसंग भौतिक रूपमै लडिरहेको नेपाल प्रहरीको मनोवल उच्च राख्न पनि आयोगको गठनमा बिलम्ब गरिएको हुनसक्छ। सबैलाई थाहा भएको तथ्य के हो भने नेपाल प्रहरी माओवादीलाई दबाउनको लागि अरू कडा कानून ल्याउने पक्षमा छ जस्को जबरजस्त थालनी तत्कालीन गृहमन्त्री वामदेव गौतमबाट भएको थियो तर सफल हुन सकेन। यदि ऐन मौकामा मानवअधिकार आयोग बन्ने हो भने प्रहरी कारवाही भोगिरहेका थुप्रै माओवादी कार्यकर्ताहरूले ठूलो राहत प्राप्त गर्न सक्नेछन् भने उता नेपाल प्रहरीको मनोवल गिर्ने छ। त्यसै कारणले नेपाल प्रहरीले मानवअधिकार आयोग तत्काल नबनाउन सरकारलाई दबाब दिएको तथ्य सार्वजनिक भएको छ। वस्तुतः प्रहरीले नीति बनाउने होइन राज्यले बनाएको नीतिको अनुशरण गर्नु प्रहरीको कर्तव्य हो। यदि प्रहरीको दबाब र नीति बमोजिम सरकार चल्ने हो भने सार्वभौम जनता र तिनको प्रतिनिधिमूलक संसदको गरिमामा चोट लाग्दछ। ऐनको औचित्य र आवश्यकता छ भन्ने विषयमा राष्ट्र एकमत भएको अवस्थामा प्रहरीको मनोवल बढाउने नाममा आयोगको घोषणा नगरिनु सरकारको लाचारी र गैह्रजिम्मेवारी पन हो।


**५. विभाजित मानवअधिकार आन्दोलन**

हाम्रो विभाजित मानवअधिकार आन्दोलन पनि आयोगको गठनमा बाधक देखिन्छ। यसको जवाफमा मानवअधिकारवादी संघसंस्थाहरू यो विषयमा हाम्रो समान धारणा छ भन्दछन् तर राजनैतिक दलको स्वार्थअनुरूप नै केही संस्थाहरूले सडकमा एउटा भूमिका र यथार्थमा अर्को भूमिका अदाह गरिरहेका हुन्छन् भन्न सकिन्न र?


यी प्रमुख कारणहरू नै हुन जस्ले मानवअधिकार आयोगको गठनमा अवरोध सृजना गरेका छन्। जनआन्दोलन पछि सरकारको एउटा के प्रवृत्ति देखिएको छ भने कुनै पनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी सन्धि सम्झौता र ऐनहरूमा सरकार विना शर्त सहमत हुन्छ तर कार्यान्वयनमा चासो राख्दैन। माथि उद्धृत गरिएका कैयौं अन्तर्राष्ट्रिय सन्धिहरूमा विश्वमा विकसित भनिएका मानवअधिकारका पिता ठान्ने मुलुकहरूले हस्ताक्षर गरेका छैनन् तर नेपालले हस्ताक्षर गरेयता व्यवहारमा भने त्यसको तत्काल अनुशरण गर्न सक्ने अवस्था र भौतिक पूर्वाधारहरू नै विकसित भएका छैनन्। यसैको निरन्तरताको रूपमा यो मानवअधिकार आयोग ऐनलाई पनि लिन सकिन्छ। किनकि देशीय कानूनले प्रत्याभूत गरेका हकाधिकारको संरक्षण गर्न नसकिरहेको परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय कानून समेतको हकाधिकार दिलाउने उद्देश्यले आएको यो ऐन स्वयम्मा महत्वकांक्षी ऐन हो भन्नुमा अत्युक्ति हुने छैन।

ऐनमा सवल र दुर्वल पक्ष जे भएपनि नेपाली मानवअधिकार आन्दोलनमा मानवअधिकार आयोग ऐन एउटा महत्वपूर्ण आधारशीला ठहरिनेछ। प्रस्तावित मानवअधिकार आयोगलाई राजनैतिक घाटा र फाइदाको संकीर्ण दायराले हेरिनु मुर्खता हुनेछ। राज्यले नागरिकअधिकारको हरण होइन संरक्षण गर्नुपर्दछ। राज्य जति बढी उदार भयो त्यति नै मानवअधिकारको स्थिति सुदृढ हुन्छ भन्ने मान्यता राज्यले राख्नु पर्दछ। तसर्थ सार्वभौमसत्ता सम्पन्न संसदबाट पारित ऐन बमोजिमको मानवअधिकार आयोगको औचित्य माथि अहिले आएर प्रश्नचिन्ह खडा हुनु विश्वकै सामु हास्यास्पद ठहरिन्छ। मानवअधिकार आयोग तुरून्त बन्नु पर्दछ। ■





# के यी बाल अपराधका घटना होइनन् ?



— आत्माराम शर्मा —

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २६ मा राज्यका नीति अन्तरगत उपदफा ८ मा भनिएको छ- "राज्यले बालबालिकाको शोषण हुन नदिई उनीहरूको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्ने छ र निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमशः गर्दै जाने छ।" यसरी नै धारा २० को उपधारा २ मा स्पष्ट लेखिएको छ- "नावालकलाई कुनै कारखाना, खानी वा यस्तै अन्य कुनै जोखिम पूर्ण काममा लगाइने छैन।" बालहित र अधिकारको सम्बन्धमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४ मा लेखिएको छ- "बालकलाई सिकाइ कसैले अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरे सरह कानून बमोजिम पूरा सजाय हुने छ। यस भन्दा अगाडि नै बाल हितको पक्षमा बालबालिका सम्बन्धी संयुक्त राष्ट्र संघको महासन्धि १९८९ को धारा ३७ को "ख" मा स्पष्टसंग लेखिएको छ- "कुनै पनि बालबालिकालाई गैरकानूनी वा अनुचित तवरले तिनको स्वतन्त्रताबाट बंचित गरिने छैन। बालबालिकाको गिरफ्तारी, थुना, वा कारावास कानून अनुकूल तवरबाट हुने छ र सम्भव भएसम्म छोटो उपयुक्त समयको लागि अन्तिम उपायको रूपमा मात्र अपनाइने छ।"

ऐन, नियम, कानुन, संविधान, महासन्धि आदिमा उल्लेख भए अनुसार १४ वर्षको उमेर पार नगरेकालाई बालबालिका वा नाबालक भनिन्छ। हाम्रो देशमा एक वर्ष भन्दा कम उमेरका बालबालिकाको संख्या ५२ प्रतिशत रहेको आँकडाको तथ्य हामीसंग छ। यिनै बालबालिकाको सुरक्षा र संरक्षणमा राज्यले संविधान, ऐन, नियम, कानून र संयुक्त राष्ट्रसंघको बालबालिका सम्बन्धी महासन्धिमा समेत बालअधिकार र बाल हितका बारेमा धेरै कुराहरूको उल्लेख गरिएको कुरा माथि उल्लेख भएका यी संक्षिप्त टिपोटहरूबाट समेत प्रष्ट हुन आउँछ।

सिद्धान्ततः बालबालिका सम्बन्धी उल्लेख भएका नीति, नियम र कानूनहरूको अध्ययन गर्दा ती कुरा आफैमा अत्यन्त राम्रा र सुन्दर पाइन्छन्। बाल हक हितको बारेमा अन्तर्राष्ट्रिय संघ संस्थादेखि नेपालका मानवअधिकारवादी संघ, संस्था र नेपाल राज्य समेत अत्यन्त गम्भीर बनेको पाइन्छ। र बालबालिकाको सबै खाले शोषण गर्ने, सताउने, होच्याउने र उनीहरूको अवोध र अन्जानपनको फाइदा उठाउनेलाई कानूनतः प्रशस्त सजाय हुने नियम र कानूनहरू पनि बनेका देखिन्छन्। ती कानून र नियमलाई ठाडो चुनौती दिदै उल्लंघन र अपहेलना गरी बालबालिकाको यौन शोषण गर्ने, जोखिम काममा लगाउने, अनुचित फाइदाको लागि नराम्रो काममा उक्साउने आदि थुप्रै घटना प्रकाशमा आउने गरेका छन्। यस्ता घटनाहरू केही वर्षयता झन् बढ्दै गएको पाइन्छ। बालबालिका माथि हुने गरेका अनेकौं बाल अपराधहरूमा उनीहरूको हत्या भएका घटनाहरू पनि उल्लेख्य मात्रामा बढ्दै गएका समाचारहरू प्रकाशमा आउने गरेको पाइन्छ। बालबालिका विरूद्ध बालबालिका नै प्रयोग गरेर बाल अपराध गरेका घटनाहरू पनि घटिरहेका छन्। यस्ता घटनाहरूमा बिगत वर्ष जेठ २० गते कपिलवस्तु नगरपालिका-९ मा १२ वर्षको दुई बालकले ५ वर्षको बालकको हत्या गरेको समाचार समेत प्रकाशमा आएबाट प्रष्ट हुन्छ।

यसरी नै बिगत स्थानीय निर्वाचन र भर्खरै सम्पन्न आम निर्वाचनमा सबै दलका उम्मेदवारहले बालबालिकाहरूलाई चुनावमा विभिन्न ढंगले उपयोग गरे। बालबालिकाहरूलाई चुनावमा प्रयोग गर्दा ठूला मानिसको चियो चर्चो अर्थात् सिआइडीको काम गर्न लगाउने काम समेत भएका घटना प्रकाशमा आए। यही घटनाबाट प्रभावित भए आमा, बाबु र बालबालिकाहरूको समेत राजनैतिक प्रतिशोधका कारण गत वर्ष स्थानीय निर्वाचनमा बालबालिकाको हत्या समेत भयो सिन्धुपाल्चोक जिल्लाको बासखर्क गाविस-५ को आरूडाँडामा ६ वर्षीय फूर्वा स्याङ्वो र गणेश स्याङ्वोलाई जंगलमा लगि विभत्स ढंगले खुकुरीले काटी टुक्रा-टुक्रा पारियो। यो घटना राजनैतिक प्रतिशोधका कारण घटेको थियो।

यसको अलवा सम्पन्न आम निर्वाचनमा बालबालिकाको प्रयोग भएका अनेकौं घटनाहरू प्रकाशमा आए। चुनावमा देशक

साना, ठूला पार्टीहरूले बालबालिकाको प्रत्यक्ष ढंगले प्रयोग गरे। मूलतः आफ्नो दल वा उमेदवारको पक्षमा बालबालिकाको जुलुस निकाल्नु, जुलुसमा झण्डा र चिन्ह बोकाई नारा लगाउँदै हिडाउनु, पोस्टर, पम्प्लेट टाँस्न र बाँड्न लगाइएका घटना सामान्य ढंगले जतातत्तै देखियो। यसको साथै माओवादी प्रभावित जिल्लामा राजनैतिक प्रतिशोधका कारण बालबालिकाको हत्या समेत भएका घटना प्रकाशमा आए।

यति मात्र हैन हालै सम्पन्न आम निर्वाचनमा अत्यन्त गम्भीर र आपत्तिजनक ढंगले बालबालिका प्रयोग भएका घटनाले धेरै चर्चा समेत पायो। मूलतः धनुषा, महोत्तरी, काभ्रेपलान्चोक, मुगु, धादिङ आदि जिल्लाहरूमा धेरै बालबालिकाहरूले मतदानमा प्रत्यक्ष भाग लिंदै मत खसाले। यसरी मत खसाल्नेहरूमा १०-१२ वर्षदेखि ४ वर्ष सम्मका दुधे बालकहरूले मतदान गरेका समाचार र तस्वीरहरू प्रकाशमा आए। आफ्नो बालपन विताउँदै प्राथमिक विद्यालयमा अध्ययन गर्ने यी बालबालिका सिद्धान्त र विचारका हिसाबले अन्जान र अवोध नै मानिन्छन्। यी कुरा थाहा पाउन खोजेर पनि उनीहरूले पार्टीका सिद्धान्त, विचार र उम्मेदवारको बारेमा कुनै पनि कुरा बुझ्न र जान्न सक्दैनन्। कुन कुरा राम्रो, कुन खराब हो त्यो छुट्टाउनै नसक्ने ती कलिला दिमागलाई पार्टी र पार्टी कार्यकर्ताले आफ्नो पक्षमा उकास्दै प्रयोग गर्नु कति ठीक हो ?

यो प्रश्न नेपाल बालमजदूर सरोकार केन्द्र (सिविन) का अध्यक्ष गौरी प्रधानसंग राख्दा उहाँ भन्नुहुन्छ- "कतिपय ठाउँमा अभिभावकसंगै मतदान केन्द्रमा गएका बालबालिकाले अभिभावकले छाप लगाएको मतपत्र खसालेको जानकारी पनि हामीलाई आएको छ भने कतिपय मतदान केन्द्रमा स्वयम् बालबालिकाले मतदान गरे। जसले र जुन पक्षबाट यो काम गर्न लगाइयो त्यो बाल अधिकारको हनन मात्र नभई बालअपराध नै हो।" उहाँ अगाडि भन्नुहुन्छ- "एकातिर बालबालिकाको संख्या जम्मा जनसंख्याको ५२ प्रतिशत रहेको छ। यो जनसंख्याको बहुमत पक्षले निर्वाचनमा भाग लिन कानूनतः पाएका छैनन्। जनसंख्याको यो उपेक्षित बहुमत बालबालिकाको सम्बन्धमा सबै पार्टीका घोषणापत्र अध्ययन गर्दा १ प्रतिशत पनि स्थान बालबालिकालाई दिएको पाइदैन। यो उपेक्षित बाल आवाज हामीले सम्बन्धित ठाउँमा उठाउँदै आएका छौं। साथै बालबालिका माथि हुने अनेकौं दुर्व्यवहार र अपराधका विरूद्ध बारम्बार हामीले कुरा उठाइ रहेका र काम गरिरहेका छौं।"

यही विषयमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बालबालिका डेस्क प्रमुख कविता अर्यालसंग प्रश्न गर्दा उहाँ भन्नुहुन्छ- "सम्पन्न आम निर्वाचनमा जुन ढंगले नावालक बालबालिकाहरूलाई मतदानमा भाग लिन लगाइयो र उनीहरूको मतलाई सबै राजनैतिक पार्टीहरूले स्वीकार गरे यो घटना बाल अपराधको अर्को पराकाष्टा हो भन्ने हामीलाई लागेको छ। जुन व्यक्ति वा समूहले यस काममा प्रोत्साहन गर्‍यो उनीहरूभित्र रहेको अपराधिक गतिविधिको मानसिकताले काम गरेको हो भन्ने लाग्छ। यस खालको मत स्वीकार गरेर विजयी बनेका सांसदबाट आगामी दिनमा हामीले मानवअधिकार र समग्र समाजको विकासको लागि कति आशा गर्ने यो गम्भीर प्रश्न हाम्रा सामु खडा भएको छ।"




हामी निर्वाचनमा त्यस्ता अवोध बालबालिकाको प्रयोग भएको मतदान गरिरहेको तस्वीर देख्न सक्दछौं। तस्वीरसंगै पुलिस प्रशासन, निर्वाचन आयोगका कर्मचारी, पार्टीका कार्यकर्तासंगै बसेको देखिन्छ। उनीहरूकै अगाडि एक अवोध दुधे बालक मतदान गरिहेछ, अर्को बालक मत पत्रमा छाप लगाइरहेको छ। सबैले चुपचाप उनीहरूको मतदानलाई स्वीकार गरिरहेको देखिन्छ। ती बालबालिकालाई मतदान गर्नबाट कसैले रोकेन। अवोध बालकको अवोध निर्णय प्राप्त गरी चुन्ने र चुनिने काम भयो। निर्वाचन आयोगको च्यापू अगाडि नै घटेको यो घटनाको अगाडि विजयी उम्मेदवारको नाम पनि घोषित भयो। विजयी उम्मेदवारले विजय पश्चातको जुलुसमा तिनै बालबालिकालाई संगै लिएर अविर जात्रा पनि गरे।

माथि उल्लेख गरिएका यी सबै घटना हामी सबैले निश्चय पनि देखेका छौं। यी सबै दृश्यका अगाडि हाम्रो देशको प्रशासन, संविधान, ऐन, नियम, कानून, अन्तर्राष्ट्रिय सन्धि, महासन्धिका धारा, उपधारा, दफा कागजमा मात्र सीमित भए। ती अन्जान बालबालिकाको यसरी प्रयोग गर्ने बाल अपराधीहरूलाई कानूनत सजाय हुने व्यवस्था उल्लेख्य मात्रामा छ। तर कतै कसैलाई कुनै पनि प्रकारको सजाय भएको, स्पष्टिकरण सोधिएको खवर कतै प्रकाशमा किन आएन? के बैध निर्णयको लागि अवोध निर्णय पनि स्वीकार हुन्छ? के त्यो मतदान प्रक्रिया कानून सम्मत नै थियो त? आखिर नियम र कानून त कागजमा मात्र सीमित भए नि? बालबालिकालाई त्यस प्रकारको काममा उक्साउने र प्रयोग गर्नेलाई सजाय गर्ने त कानून थियो नि? किन कसैलाई कुनै किसिमको अपराध बोध हुन सकेन। बिगत निर्वाचनले यस खालका अनगिन्ती प्रश्नहरू छोडेर गएको छ। हामी सबैको मन मस्तिष्कलाई यस घटनाले अवश्य छोएको पनि हुनु पर्छ। आगामी दिनमा यस खालका घटना घट्न नदिन हामी सबै सचेत भएर लागेमा र दृढतापूर्वक काम गरेमा यस खालको वालअपराध हुने थिएन कि?



# कस्तो रह्यो संसदको आठ वर्ष ?



शार्दूल भट्टराई

*राज्य व्यवस्था प्रणाली राम्रो हुँदैमा सबै कुरा स्वतः राम्रो हुँदैन। राम्रो राज्य व्यवस्था प्रणालीलाई संचालन गर्ने वा त्यसको अभ्यास गर्ने व्यक्तिहरु पनि राम्रो हुनु पर्दछ। तब मात्रै जनताले त्यो राज्यव्यवस्था प्रणालीलाई राम्रो ठान्ने छन् । जनताले राम्रो ठानेर स्वीकार गरेको राज्यव्यवस्था प्रणाली बलियो पनि हुन्छ। राम्रो राज्यव्यवस्था प्रणालीलाई संचालन गर्ने व्यक्तिहरु खराब भए भने त्यो प्रणाली पनि खराब ठहरिन पुग्छ । अन्ततः त्यो प्रणाली संगसंगै राजनीतिक व्यक्तिहरु पनि असफल बन्न पुग्छन् । संसारमा उदाहरणीय यस्ता घटनाहरु प्रशस्तै छन् ।*

हाम्रो देशको बहुदलीय व्यवस्था नौ वर्ष पूरा गरी दश वर्षमा प्रवेश गरेको छ। त्यस्तै हाम्रो द्विसदनात्मक संसद आठ वर्ष पूरा गरी नौ वर्षमा प्रवेश गरेको छ। बिगतमा तीनवटा आम निर्वाचन सम्पन्न भए। दुईवटा स्थानीय निर्वाचन सम्पन्न भए। संसदका पन्ध्रवटा अधिवेशन र ६ वटा विशेष अधिवेशन पनि सम्पन्न भए। बहुदलीय व्यवस्था दश वर्षमा प्रवेश गर्दासम्म दशवटै सरकार गठन भए। दशवटा सरकारमा ६ जना प्रधानमन्त्री रहे।

संसदीय अभ्यासका दृष्टिले नौ वर्षको अवधि थोरै नै हो। तर यो थोरै समयमा पनि संसदीय अभ्यासका क्रममा धेरै घटनाहरू देखापरे। संसदीय व्यवस्थाका विरोधीहरूले यो व्यवस्थाको विरूद्धमा जाने केही उत्तरहरू प्राप्त गरेका छन्। उनीहरू बहुदलको विरूद्ध हिजोकै निरंकुशताको वकालत गर्ने प्रयास पनि गरिरहेका छन्। संसदीय प्रणालीका पक्षधरहरूका सामु भने केही तीखा प्रश्नहरू उठिरहेका छन्। त्यस्ता प्रश्नहरूको सिर्जना आफूलाई बहुदलका पक्षपाति भनाउनेहरूकै कमजोरीका कारण हुन पुगेको यथार्थतालाई स्वीकार गर्नैपर्छ।

सपूतहरूको बलिदान, क्रान्तिकारीहरूको त्याग, जनताको संघर्ष र राजनीतिक दलहरूको कुशल नेतृत्वकै कारण निरंकुशता विरूद्ध प्रजातन्त्र प्राप्त भएकोमा सबैले गर्व गरेका थिए। नेपाली जनता रमाएका थिए। जनताले सोचेका थिए- "अब भने हाम्रा लागि पनि सुखका दिनहरू आए।"

नौ वर्ष अघि जे आशा गरेर जनताले आन्दोलनमा साथ दिएका थिए- अहिलेसम्म ती आशाहरू पूरा हुने विश्वास जनताले पाउन सकेका छैन। "प्रजातन्त्र प्राप्त भएको" अनुभव जनतामा अझै पनि हुन सकेको छैन। "बहुदलको नौ वर्षले हामीलाई के दियो?" नेपाली जनता यो प्रश्नको उत्तर खोजिरहेका छन्।

बहुदलप्रति आशावान एवं आस्थावान जनता आफूले केही नपाए पनि संसदीय राजनीति स्वच्छतासाथ अगाडि बढोस् भन्ने चाहन्थे। तर यस बीचमा संसदीय राजनीतिमा अशोभनीय खेलहरू पनि भए। बहुदलप्रति आशावादी रहेका जनता संसदीय अभ्यासमा देखिएका त्यस्ता खेलले गर्दा निराश बन्न बाध्य भए। यद्यपि नेपाली जनता वर्तमान अवस्थामा बहुदलीय संसदीय राजनीतिकै पक्षमा छन् र यही व्यवस्थाको रक्षा गर्न चाहन्छन् भन्ने कुरा स्पष्ट भएको छ। भर्खरै सम्पन्न आम निर्वाचनमा जनताले देखाएको सहभागिताले नै त्यसको पुष्टि गरेको छ।

गत वैशाख-जेठमा सम्पन्न आम निर्वाचनमा जनताले उत्साहकासाथ भाग लिए। २०४८ सालको पहिलो आम निर्वाचनमा ६७ प्रतिशत र २०५१ सालको दोस्रो आम निर्वाचनमा ६३ प्रतिशत मतदाताले मतदानमा भाग लिएका थिए। यस पटक ६६ प्रतिशत मतदाताहरूले आफ्नो मताधिकारको प्रयोग गरे। यसले नेपाली जनता अहिलेको अवस्थामा बहुदलीय संसदीय प्रणालीकै पक्षमा छन् र बहुदलको विरोध रूचाउँदैनन् भन्ने कुरालाई संकेत गरेको छ।

यो कुरा कदापि हैन कि- संसदीय अभ्यासमा जतिसुकै भाँडभैलो भए पनि जनता सहेर बसिरहन्छन् र चुपचाप भोट हालिरहन्छन्। त्यस्तो हुँदैन। "सधैंभरि नराम्रो मात्र हुँदैन, राम्रो पनि हुन्छ" भन्ने आशा र विश्वासकासाथ फेरि एकपटक जनताले नयाँ संसदको गठन गर्ने काममा उत्साहकासाथ सहयोग पुऱ्याएका छन्।

संसद, सांसद र संसदीय प्रणालीको न्यूनतम मान्यतालाई समेत बिर्सिएर हिजो जे जस्ता घटनाहरू भए, त्यस्ता घटनाहरू फेरि नदोहोरियुन् भन्ने चाहना जनताको छ। बिगतका कमजोरीलाई महसुस गरी सबै राजनीतिक पार्टी, तिनका नेता र सांसदहरूले आफूलाई पुनर्मूल्याङ्कन गर्नुपर्ने आदेश पनि सम्पन्न आम निर्वाचन मार्फत् जनताले दिएका छन्। राजनीतिक पार्टी एवं नेताहरू इमान्दार भए र उनीहरूले स्वच्छतापूर्वक संसदीय अभ्यासलाई अगाडि बढाए भने राष्ट्को हितमा त्यही नै ठूलो कुरा हुने विश्वास पनि जनताले नयाँ संसदबाट लिएका

छन्।

**संसद र सांसदको दायित्व**

बहुदलीय प्रणालीको स्थापनापछि निर्माण भएको संविधानले नेपालमा द्विसदनात्मक संसदको व्यवस्था गरेको छ। नेपाल अधिराज्यको संविधान- २०४७ मा राजालाई संसदको अभिन्न अंग मानी दुई सदन सहितको व्यवस्थापिका हुने कुरा उल्लेख छ। संविधानको भाग ८ को धारा ४४ मा भनिएको छ- "श्री ५, प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको व्यवस्थापिका हुनेछ, जस्लाई संसद भनिनेछ।"

सो अनुरूप संसदको प्रतिनिधि सभामा २ सय ५ जना सदस्य र राष्ट्रिय सभामा ६० जना सदस्य रहने व्यवस्था छ।

परम्परा र प्रचलनलाई हेर्ने हो भने सामान्यतः संसदको प्रमुख दायित्व कानून बनाउनु नै हो। तर आधुनिक विश्वमा विशेषगरी अविकसित वा विकासोन्मुख मुलुकमा संसदको भूमिका निकै व्यापक बनेको छ। मुलुकका यावत विषय र समस्याहरू संसदको सरोकारका विषय बन्न पुगेका छन्। सर्वाधिकार सम्पन्न संसदको दायित्व कानून तथा नीति निर्माण गर्नु मात्र हो भनेर पञ्छिने स्थिति अहिले छैन।

विश्वको संसदीय प्रणाली र त्यसको अभ्यास सम्बन्धी विशेष जानकारी राख्नु हुने संसद सचिवालयका प्रवक्ता विष्णुदत्त उप्रेतीका अनुसार- आधुनिक जनकल्याणकारी शासन व्यवस्थामा सरकारको कार्यक्षेत्र र भूमिका जटिल बन्दै गएको र दायित्व थपिँदै गएको सन्दर्भमा संसदको दायित्व पनि सोही अनुपातमा बृद्धि हुँदै गएको छ। सरकारको गठन र विघटन गर्नेदेखि कार्यपालिकाद्वारा निर्मित नीति, नियम तथा निर्णयहरूमा समेत फेरबदल गर्नसक्ने सर्वाधिकार सम्पन्न संसदको दायित्व यतिमात्र हो भनेर रेखांकन गर्न पनि नसकिने भएको छ। प्रवक्ता उप्रेतीका अनुसार संसदद्वारा सम्पादन गरिने प्रमुख कामहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ-

- कानून तथा नीति निर्माण
- सरकारको कामको मूल्यांकन
- राजस्व र व्ययको जाँच
- सार्वजनिक लेखा सम्बन्धी जाँच
- सरकारले दिएको आश्वासन पूरा भए-नभएको अनुगमन
- सरकार निर्माण
- सरकारमाथि नियन्त्रण
- सन्धि-सम्झौतालाई स्वीकृति प्रदान
- विदेश नीतिको मूल्यांकन गरी सरकारलाई सुझाव दिने
- महाअभियोग लगाई संवैधानिक अंग र निकायका पदाधिकारीहरूलाई अनुशासनमा राख्ने
- दण्ड सजाय प्रस्तावित गर्ने
- सरकार उपर अविश्वासको प्रस्ताव राखी सरकारलाई हटाउने र नयाँ सरकारलाई विश्वासको मत प्रदान गर्ने
- समसामयिक राष्ट्रिय समस्याहरूको समाधानका लागि नीतिगत ढंगबाट सोच्ने,
- तल्लो सदनबाट माथिल्लो सदनका सदस्यहरू निर्वाचित गर्ने

यी र यस्तै सदनगत काम, कर्तव्य र अधिकार निर्वाह गर्ने लगायतका दायित्वहरू संसदका छन्। संसदबाट सम्पादन गरिने प्रमुख कामहरू यी भए पनि यति मात्रै दायित्वमा संसद सीमित रहन पाउने स्थिति छैन। हाम्रो जस्तो मुलुकमा जनताले भोट हालेर निर्वाचित गरेको एउटा सांसदले नीति निर्माण मात्र मेरो दायित्व हो भनेर भन्न गाह्रो पर्छ। विभिन्न समस्या र अभावले ग्रस्त जनताका अपेक्षाहरूलाई पूरा गर्ने काममा लाग्नु पनि अहिले सांसदको प्रमुख दायित्व नै बन्न पुगेको छ। त्यस्तै सिङ्गो राष्ट्र एवं सम्पूर्ण जनताका समस्यालाई समाधान गर्ने र मुलुकलाई अग्रगतितिर उन्मुख गराउने दायित्व पनि संसदको रहेको छ। सर्वाधिकार सम्पन्न संसद कानून बनाएर मात्र बसोस् र अन्य जल्दाबल्दा समस्यामा मौन रहोस् भन्ने चाहना जनताको छैन।

**बिगतको संसद**

वि.सं. २०४८ साल वैशाख २९ गते सम्पन्न पहिलो आम निर्वाचनबाट पहिलो प्रतिनिधि सभाको गठन भएको थियो। त्यो प्रतिनिधि सभामा नेपाली कांग्रेसका १ सय १०, नेकपा (एमाले) का ६९, संयुक्त जनमोर्चाका ९, नेपाल सद्भावना पार्टीका ६, राप्रपा (चन्द) का ३, राप्रपा (थापा) का १, नेपाल मजदूर किसान पार्टीका २, नेकपा (प्रजातन्त्रवादी) का २ र स्वतन्त्र ३ जना सांसदको प्रतिनिधित्व थियो। त्यस्तै २०४८ साल असार १२ गते राष्ट्रिय सभाका लागि भएको निर्वाचनमा नेपाली कांग्रेसका ३१ जना, नेकपा (एमाले) का १६ जना, संयुक्त जनमोर्चाका २ जना र सद्भावना पार्टीका १ जना गरी ५० जना निर्वाचित भए। असार १३ गते १० जना सांसद राजाबाट मनोनित गरिएपछि राष्ट्रिय सभाको गठन सम्पन्न भएको थियो।

२०५१ कार्तिक २९ गते दोस्रो आम निर्वाचन सम्पन्न भई दोस्रो प्रतिनिधि सभाको गठन भएको थियो। त्यो निर्वाचनमा कुनै पनि पार्टीले बहुमत प्राप्त गर्न सकेनन्। नेकपा (एमाले) ८८ स्थानमा विजय हासिल गरी सबैभन्दा ठूलो राजनीतिक पार्टी बनेको थियो भने नेपाली कांग्रेस ८३ स्थानमा विजय प्राप्त गरेर दोस्रो ठूलो पार्टी बन्न पुगेको थियो। अन्य पार्टीहरूमा राप्रपा २०, सद्भावना पार्टी ३, नेमकिपा ४, राजमो २ र स्वतन्त्र उम्मेदवार ५ जनाले विजय हासिल गरी संसदमा प्रतिनिधित्व गरेका थिए।

बिगतमा दुईवटा संसदका पन्ध्रवटा अधिवेशनहरू सम्पन्न भएका थिए। साथै यस अवधिमा ६ वटा विशेष अधिवेशन पनि सम्पन्न हुन पुगे।

पहिलो संसद अधिवेशन २०४८ असार ६ गते शुरू भई २०४८ असौज १३ गते सकियो। अधिवेशनको प्रारम्भ मै सभामुख र उपसभामुखको निर्वाचन भयो। जसमा नेपाली कांग्रेसका दमननाथ ढुंगाना सभामुखमा र महन्थ ठाकुर उपसभामुखमा निर्वाचित हुनु भयो। यो अधिवेशनमा राष्ट्रिय सभाबाट ६ वटा र प्रतिनिधिसभाबाट १८ वटा गरी २४ वटा विधेयक पारित गरिए।

- दोस्रो अधिवेशन २०४८ फागुन ९ गतेदेखि २०४८ चैत २ गतेसम्म चालु रह्यो। प्रतिनिधिसभाबाट १३ र राष्ट्रिय सभाबाट ७ वटा गरी २० वटा विधेयक यो अधिवेशनबाट

**प्रतिनिधि सभा : कहिले, कसको कति ?**

| राजनीतिक दल | प्रतिनिधिसभा ०४८ | प्रतिनिधिसभा ०५१ | प्रतिनिधिसभा ०५६ |
|---|---|---|---|
| नेपाली कांग्रेस | ११० | ८३ | १११ |
| नेकपा (एमाले) | ६९ | ८८ | ७१ |
| संयुक्त जनमोर्चा नेपाल | ९ | ० | १ |
| राप्रपा (चन्द) | ३ | ० | ० |
| राप्रपा (थापा) | १ | ० | ० |
| राप्रपा | ० | २० | ११ |
| नेमकिपा | २ | ४ | १ |
| नेकपा (प्रजातन्त्रवादी) | २ | ० | ० |
| राष्ट्रिय जनमोर्चा नेपाल | ० | २ | ५ |
| नेपाल सद्भावना पार्टी | ६ | ३ | ५ |
| स्वतन्त्र | ३ | ५ | ० |
| जम्मा | २०५ | २०५ | २०५ |

**दश वर्षमा दशवटा सरकार**

| प्रधानमन्त्रीको नाम | सरकार गठन गर्ने पार्टी | सरकार गठन भएको मिति | कार्यकाल |
|---|---|---|---|
| १. कृष्णप्रसाद भट्टराई | नेपाली कांग्रेस र संयुक्त वाममोर्चा | ०४७ वैशाख ६ | १ वर्ष |
| २. गिरिजाप्रसाद कोइराला | नेपाली कांग्रेस | ०४८ जेठ १३ | ३ वर्ष ६ महिना |
| ३. मनमोहन अधिकारी | नेकपा (एमाले) (अल्पमत) | ०५१ मंसिर १४ | ९ महिना |
| ४. शेरबहादुर देउवा | कांग्रेस, राप्रपा र सद्भावना | ०५२ भदौ २६ | १ वर्ष ६ महिना |
| ५. लोकेन्द्रबहादुर चन्द | एमाले, राप्रपा र सद्भावना | ०५३ फागुन २८ | ७ महिना |
| ६. सूर्यबहादुर थापा | कांग्रेस, राप्रपा र सद्भावना | ०५४ असौज २१ | ६ महिना |
| ७. गिरिजाप्रसाद कोइराला | नेपाली कांग्रेस (अल्पमत) | ०५४ चैत ३० | ४ महिना |
| ८. गिरिजाप्रसाद कोइराला | नेपाली कांग्रेस र नेकपा (माले) | ०५५ भदौ १० | ४ महिना |
| ९. गिरिजाप्रसाद कोइराला | नेपाली कांग्रेस, एमाले र सद्भावना | ०५५ पुस १० | ५ महिना |
| १०. कृष्णप्रसाद भट्टराई | नेपाली कांग्रेस | ०५६ जेठ १७ | |

पारित भए।

- २०४९ असार १५ गते शुरू भई २०४९ भदौ ३१ गतेसम्म चालु रहेको तेस्रो अधिवेशनमा प्रतिनिधि सभाबाट २४ र राष्ट्रिय सभाबाट १६ गरी ४० वटा विधेयक पारित गरिए।
- संसदको चौथो अधिवेशन २०४९ फागुन ३ गते शुरू भयो। २०४९ चैत २५ गतेसम्म चलेको यो अधिवेशनमा प्रतिनिधि सभाबाट ९ र राष्ट्रिय सभाबाट ४ गरी १३ वटा विधेयक पारित भएका थिए।
- पाँचौं अधिवेशन २०५० असार १३ गते आरम्भ भयो। २०५० भदौ १३ गते सम्पन्न यो अधिवेशनमा प्रतिनिधि सभाबाट १३ र राष्ट्रिय सभाबाट ८ गरी २१ वटा विधेयक पारित गरिएका थिए।
- प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का ५२ जना प्रतिनिधिसभा सदस्यले २०५० फागुन ४ गते विशेष अधिवेशनका लागि समावेदन गरे। फागुन १२ गते आरम्भ भएको विशेष अधिवेशनमा प्रतिपक्षी नेता मनमोहन अधिकारीले प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला उपर अविश्वास प्रस्ताव प्रस्तुत गर्नु भयो। सो प्रस्तावमा फागुन २३ गते मतदान हुँदा पक्षमा ८१ र विपक्षीमा ११३ मत परी अविश्वास प्रस्ताव असफल भयो। सोही दिन उक्त विशेष अधिवेशन टुंगिएको थियो।
- छैटौं अधिवेशन २०५० फागुन २४ गते देखि २०५० चैत २६ गतेसम्म चल्यो। अधिवेशनमा प्रतिनिधि सभाबाट १ र राष्ट्रिय सभाबाट १ गरी २ वटा विधेयक पारित गरिएका थिए।
- सातौं अधिवेशन २०५१ असार १५ गते शुरू भई २०५१ असार २७ गते प्रतिनिधि सभाको विघटनसँगै टुंगिएको थियो। यो अधिवेशनबाट कुनै विधेयक पारित भएन।
- २०५१ कार्तिक २९ गतेको मध्यावधि निर्वाचनपछि नेकपा (एमाले) को संसदीय दलका नेता मनमोहन अधिकारीको नेतृत्वमा २०५१ मंसीर १३ गते अल्पमतको सरकार गठन भयो। नयाँ सरकारको गठन लगत्तै मंसिर २८ गतेदेखि संसदको आठौं अधिवेशन शुरू भयो। प्रारम्भमै सभामुखमा नेपाली कांग्रेसका रामचन्द्र पौडेल र उपसभामुखमा राप्रपाका रामविलास यादव निर्वाचित हुनु भयो। यो अधिवेशनमा प्रतिनिधि सभाबाट ५ र राष्ट्रिय सभाबाट १ गरी ६ वटा विधेयक पारित भए।
- नेपाली कांग्रेसका सांसदले समावेदन गरे अनुसार २०५२ भदौ २० गतेदेखि २५ गतेसम्म दोस्रो विशेष अधिवेशन बस्यो। नेपाली कांग्रेसको संसदीय दलका नेता शेरबहादुर देउवाले प्रधानमन्त्री मनमोहन अधिकारी विरूद्ध प्रस्तुत गर्नुभएको अविश्वास प्रस्तावमा भदौ २५ गते मतदान हुँदा पक्षमा १ सय ७ र विपक्षमा ८८ मत भई प्रस्ताव पारित भयो। सोही दिन प्रधानमन्त्री अधिकारीले राजिनामा गर्नुभयो भने शेरबहादुर देउवा प्रधानमन्त्रीमा नियुक्त हुनु भई कांग्रेस, राप्रपा, नेसपा र स्वतन्त्र सांसद समेत सम्मिलित संयुक्त सरकारको स्थापना गरियो।
- संसदको नवौं अधिवेशन ०५२ भदौ २९ गतेबाट शुरू भयो। पुस २१ गते अन्त भएको यो अधिवेशनमा प्रतिनिधि सभाबाट १६ वटा विधेयक पारित भए भने राष्ट्रिय सभाबाट कुनै विधेयक पारित भएन।
- नेकपा (एमाले) को संसदीय दलका नेता मनमोहन अधिकारी सहित ६ जना प्रतिनिधि सभा सदस्यले ०५२ फागुन २ गते विशेष अधिवेशनका लागि समावेदन गरे। ०५२ चैत ७ देखि ११ गतेसम्म बसेको तेस्रो विशेष अधिवेशनमा प्रधानमन्त्री शेरबहादुर देउवा विरूद्ध मनमोहन अधिकारीद्वारा प्रस्तुत अविश्वास प्रस्तावमा मतदान हुँदा पक्षमा ९० र विपक्षमा १ सय ६ मत परी प्रस्ताव विफल भयो।
- दशौं अधिवेशन ०५३ असार १२ गतेदेखि आरम्भ भयो। यो अधिवेशनमा प्रतिनिधि सभाबाट ३० र राष्ट्रिय सभाबाट ५ गरी ३५ वटा विधेयक पारित भए।
- प्रमुख प्रतिपक्षी दलका नेता मनमोहन अधिकारी सहित १ सय २ जना प्रतिनिधि सभा सदस्यले २०५३ मंसिर २३ गते विशेष अधिवेशनका लागि समावेदन गरे। पुस १ देखि शुरू भएको यो चौथो विशेष अधिवेशनमा पुस ९ गते अविश्वास प्रस्तावमा मतदान हुँदा पक्षमा १ सय १ र विपक्षमा ८४ मत परी सरकार अल्पमतमा रहन पुग्यो।
- २०५३ फागुन २० गतेदेखि एघारौं अधिवेशन शुरू भयो। अधिवेशनमा प्रधानमन्त्री शेरबहादुर देउवाले विश्वासको मत लिन प्रस्ताव प्रस्तुत गर्दा पक्षमा १ सय १ मत मात्र परेपछि उक्त सरकार ढल्यो र फागुन २९ गते राप्रपाका नेता लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा एमाले, राप्रपा र नेसपा सम्मिलित सरकार गठन भयो। एघारौं अधिवेशन ०५३ चैत १२ गते टुंगियो। यो अधिवेशनमा कुनै विधेयक पारित भएन।
- बाह्रौं अधिवेशन ०५४ असार १२ गते प्रारम्भ भई ०५४ असोज २३ गतेसम्म चालू रह्यो। यो नियमित अधिवेशनकै अवधिमा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दका विरूद्ध कांग्रेसको पहलमा अविश्वास प्रस्ताव दर्ता गरियो। असौज १८ गते प्रस्तावमा मतदान हुँदा पक्षमा १ सय ७ र विपक्षमा ९४ मत परेकोले चन्दले राजिनामा दिनुभयो। राप्रपाका अध्यक्ष सूर्यबहादुर थापाको नेतृत्वमा कांग्रेस, राप्रपा र नेसपाको संयुक्त सरकार गठन भयो। यो अधिवेशनमा प्रतिनिधि सभाबाट २१ र राष्ट्रिय सभाबाट २ गरी २३ वटा विधेयक पारित भए।
- एमालेको पहलमा ०५४ पुस २४ गते ९६ जना प्रतिनिधि सभा सदस्यले विशेष अधिवेशनका लागि समावेदन गरे। पाचौं विशेष अधिवेशनका क्रममा ०५४ फागुन ८ गते प्रधानमन्त्री सूर्यबहादुर थापा विरूद्धको अविश्वास प्रस्तावमा मतदान हुँदा प्रस्तावको पक्षमा १ सय मत र विपक्षमा १ सय ३ मत परी प्रस्ताव विफल भयो।

## संसदको आठ वर्ष : पन्ध्र अधिवेशन

| अधिवेशन | प्रारम्भ मिति | अन्त्य मिति | वैठक बसेको दिन (प्रतिनिधिसभा) | वैठक संख्या (प्रतिनिधिसभा) |
|---|---|---|---|---|
| पहिलो | २०४८ असार ६ | २०४८ असौज १३ | ७३ | ९५ |
| दोस्रो | २०४८ फागुन ९ | २०४८ चैत २ | २० | २४ |
| तेस्रो | २०४९ असार १५ | २०४९ भदौ ३१ | ५६ | ६२ |
| चौथो | २०४९ फागुन ३ | २०४९ चैत २५ | ३१ | ३४ |
| पाँचौं | २०५० असार १३ | २०५० भदौ ३१ | ४७ | ५४ |
| छैठौं | २०५० फागुन २४ | २०५० चैत २६ | १९ | २१ |
| सातौं | २०५१ असार १५ | २०५१ असार २७ | ८ | १२ |
| आठौं | २०५१ मंसिर २८ | २०५१ माघ १८ | २८ | ३२ |
| नवौं | २०५२ भदौ २९ | २०५२ पुस २१ | ५७ | ६४ |
| दशौं | २०५३ असार १२ | २०५३ असौज २५ | ७४ | ७८ |
| एघारौं | २०५३ फागुन २० | २०५३ चैत १८ | ९ | १० |
| बाह्रौं | २०५४ असार १२ | २०५४ असौज २३ | ७२ | ९२ |
| तेह्रौं | २०५४ चैत २१ | २०५५ वैशाख २५ | २० | २४ |
| चौधौं | २०५५ असार १४ | २०५५ कार्तिक १ | ६६ | ७८ |
| पन्ध्रौं | २०५५ पुस २९ | २०५५ माघ ४ | ३ | ३ |

- संसदको तेह्रौं अधिवेशन ०५४ चैत २१ गतेदेखि शुरू भई ०५५ वैशाख २५ गतेसम्म चालू रह्यो। यही अधिवेशनको बीचमा ०५४ चैत २८ गते प्रधानमन्त्री सूर्यबहादुर थापाले राजिनामा गरेपछि चैत ३० गते कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा अल्पमत सरकार गठन भयो। थापा सरकारमा मन्त्री भएपछि रामविलास यादवले राजिनामा गरेर रिक्त रहेको उपसभामुखमा एमाले सांसद लीला श्रेष्ठ सुब्बा निर्विरोध निर्वाचित हुनु भयो। यो अधिवेशनमा प्रतिनिधि सभाबाट ४ र राष्ट्रिय सभाबाट २ गरी ६ वटा विधेयक पारित भए। नेकपा (एमाले) को संसदीय दल विभाजन गरी बनेको नेकपा (माले) ०५५ भदौ १० गते कांग्रेसको अल्पमत सरकारमा सामेल हुन पुगेको थियो।
- संसदको चौधौं अधिवेशन २०५५ असार १४ गते आरम्भ भई ०५५ कार्तिक १ गतेसम्म चालू रह्यो। प्रतिपक्षी सांसदहरूले सभामुख रामचन्द्र पौडेलले पद अनुकूलको आचरण नगरेको भनी असौज २२ गते प्रस्ताव दर्ता गरेपछि सत्तासीन कांग्रेस-मालेले पनि उपसभामुख विरूद्ध प्रस्ताव दर्ता गरे। उपसभामुख सुब्बाले नैतिकताको आधारमा राजिनामा गर्नुभयो। सभामुख पौडेल विरूद्धको प्रस्तावमा मतदान हुँदा प्रस्ताव अस्वीकृत भएको थियो। यो अधिवेशनमा प्रतिनिधि सभाबाट २५ र राष्ट्रिय सभाबाट २ वटा गरी २७ वटा विधेयक पारित भए।
- ०५५ मंसिर २५ गते नेकपा (माले) सरकारबाट हट्यो। शीघ्र आमचुनाव सम्पन्न गर्ने उद्देश्यले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले अल्पमत सरकारको प्रधानमन्त्रीबाट राजिनामा गरी पुनः उहाँकै नेतृत्वमा कांग्रेस, एमाले र नेसपाको चुनावी सरकार गठन भयो। ०५५ पुस २९ गतेबाट शुरू भएको पन्ध्रौं अधिवेशन ०५५ माघ ४ गते प्रतिनिधि सभा विघटन भएको घोषणासँगै अन्त भयो। यो अधिवेशनमा कुनै विधेयक पारित भएन।

यसरी पन्ध्रवटा अधिवेशनमा प्रतिनिधि सभाबाट १ सय ७९ र राष्ट्रिय सभाबाट ५४ गरी २ सय ३३ वटा विधेयक पारित गरिए। जसमा २ सय ३० वटा सरकारी विधेयक पारित भएका थिए भने ३ वटा गैर सरकारी विधेयक पारित भएका थिए। दशौं अधिवेशनबाट दुई वटा र बाह्रौं अधिवेशनबाट एउटा गैर सरकारी विधेयक पारित भएको थियो।

बिगत संसदका पन्ध्रवटा अधिवेशन मूलतः विधेयक पारित गर्न मै बढी केन्द्रित रहे पनि ती अधिवेशनमा राष्ट्र, राष्ट्रियता, जनजीविका, शान्ति सुरक्षा, विकास निर्मण लगायतका विविध सवालहरूलाई महत्वकासाथ उठाउने काम पनि भयो। आठ वर्षको संसदमा कतिपय नकारात्मक पक्षहरू देखापरे भने संसदीय अभ्यासका कतिपय सकारात्मक पक्षहरू पनि रहे।

### मानवअधिकारका सन्दर्भमा बिगतको संसद

०४९ असार १५ देखि शुरू भएको संसदको तेस्रो अधिवेशनमा मानवअधिकार उल्लंघनका सम्बन्धमा छलफल भयो। संसदमा मानवअधिकारका सम्बन्धमा छलफल आरम्भ भएको यो नै पहिलो घटना थियो।

त्यो अधिवेशनमा नेकपा (एमाले) का तर्फबाट सांसद झलनाथ खनालले सरकारद्वारा मानवअधिकार तथा मौलिक हकहरू उल्लंघन भएको भन्ने जरूरी सार्वजनिक महत्वको प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। उक्त प्रस्तावका सम्बन्धमा संसदमा छलफल भई गृहमन्त्री शेरबहादुर देउवाबाट उत्तर माग्ने काम भएको थियो।

पाँचौं अधिवेशनमा सांसदहरूले मानवअधिकारको संरक्षण र सम्बर्द्धन सम्बन्धमा संसदमा छलफल हुनु पर्ने आवाज उठाए। आठौं अधिवेशनमा आफ्नो नीति तथा कार्यक्रम मार्फत नै सरकारले मानवअधिकार आयोग गठन गर्ने प्रतिबद्धता व्यक्त गऱ्यो। दशौं अधिवेशनमा गैरसरकारी विधेयकको रूपमा मानवअधिकार आयोग विधेयक पारित गरियो।

चौधौं अधिवेशनमा राज्य आतंकद्वारा गम्भीर रूपमा मानवअधिकारको उल्लंघन गर्ने काम सरकारबाट भएको आरोप लगाउँदै त्यसलाई रोक्नु पर्ने माग सांसदहरूले गरे। त्यस सम्बन्धमा स्थगन प्रस्ताव समेत प्रस्तुत भएको थियो। मुलुकको शान्ति, सुव्यवस्था तथा माओवादी गतिविधि नियन्त्रणका सन्दर्भमा सरकारबाट भएको कारवाहीको विषयमा छानवीन गर्ने संसदीय समिति गठन गर्नुपर्ने माग पनि सांसदहरूले गरेका थिए। त्यस विषयमा आवश्यक छानवीन गरी संसदमा प्रतिवेदन पेश गर्न राज्य व्यवस्था समितिलाई निर्देशन दिइएको थियो।

संसदमा मानवअधिकारको उल्लंघनको विषयलाई लिएर बारम्बार कुरा उठ्दै आएको छ। सरकारले पनि मानवअधिकारको रक्षाको लागि प्रतिबद्धता जनाउने बताउँदै आएको छ। तर त्यस सम्बन्धमा कुनै ठोस कार्य हुन सकेको छैन। विधेयक पारित भैसकेको धेरै समय भैसक्दा पनि मानवअधिकार आयोगको गठन हुन सकेको छैन। "प्रजातान्त्रिक" शासन कायम रहेको भनिएको बेला यातना सम्बन्धी क्षतिपूर्ति विधेयक अर्थहीन बन्न पुगेको छ।

मानवअधिकारका सम्बन्धमा एउटा संसदीय समिति पनि रहेको छ। परराष्ट्र तथा मानवअधिकार समिति नामको त्यो समितिले आफ्नो पहिलो प्रतिवेदनमार्फत मानवअधिकारको खस्किंदो स्थितिमा सुधार ल्याउन विभिन्न सुझावहरू प्रस्तुत गरेको छ।

संसद सचिवालयका प्रवक्ता विष्णुदत्त उप्रेतीको विचारमा- परराष्ट्र तथा मानवअधिकार समितिले आफ्नो पहिलो प्रतिवेदन मार्फत् नारी

## संसदको आठ वर्ष : ६ वटा विशेष अधिवेशन

| विशेष अधिवेशनका लागि समावेदन दर्ता गर्ने दल | समावेदन गरेको मिति | अधिवेशन प्रारम्भ मिति | अधिवेशन समाप्त मिति |
|---|---|---|---|
| १. नेकपा (एमाले) | २०५० फागुन ४ | २०५० फागुन १२ | २०५० फागुन २३ |
| २. नेपाली कांग्रेस | २०५२ जेठ २५ | २०५२ भदौ २० | २०५२ भदौ २५ |
| ३. नेकपा (एमाले) | २०५२ फागुन २८ | २०५२ चैत ७ | २०५२ चैत ११ |
| ४. एमाले, राप्रपा र नेसपा | २०५३ मंसिर २३ | २०५३ पुस १ | २०५३ पुस ९ |
| ५. एमाले र राप्रपा (चन्द) | २०५४ पुस २४ | २०५४ माघ २९ | २०५४ फागुन ८ |
| ६. नेकपा (माले) र राप्रपा (चन्द) | २०५५ मंसिर २५ | २०५५ पुस ९ | २०५५ पुस ९ |

स्वतन्त्रता र स्वाबलम्बनको सम्बन्धमा कहाली लाग्दा बलात्कारका घटनाहरू, छुवाछूत, आदिवासी, समान अवसर, पक्राउ, यातना, जेल, बालश्रम, कमैया प्रथा लगायत्का मानवअधिकारसंग सम्बन्धित विषयहरूमा दिएका सुझावहरू उल्लेखनीय रहेका छन्। संसदको पहिलो कार्यकालको तुलनामा दोस्रो कार्यकाल शुरू भएपछि परराष्ट्र तथा मानवअधिकार समितिद्वारा भएका काम र यसका क्रियाकलापहरू समसामयिक देखापरेका छन्। आर्थिक कुटनीति संचालनमा देखापरेको नैराश्यता र कमजोरी, भूटानी शरणार्थी समस्या, माओवादी जनयुद्धको नामबाट सिर्जित समस्या र मानवअधिकार संरक्षणमा खस्कँदो अवस्थाका बारेमा समितिले लिएको चिन्तातर्फ सरकार गम्भीर हुन सकेमा यस क्षेत्रमा पर्याप्त सुधार हुने विश्वास लिन सकिन्छ।

प्रवक्ता उप्रेती भन्नुहुन्छ- नागरिक हक अधिकारको सुरक्षाका लागि प्रजातान्त्रिक समाजमा सभा, धर्ना, जुलुस, नारा जस्ता शान्तिपूर्ण उपायहरूबाट सरकारको ध्यानाकर्षण गर्न पाइन्छ। संघर्षका यस्ता मार्गहरू खुला रहेको अवस्थामा तोडफोड र हिंसाको बाटो अबलम्बन गरिनु सुहाउने कुरा होइन। यसप्रति चिन्तन हुन सकेमा र परिस्थितिको वास्तविक जायजा लिएर सरकारले आफ्ना क्रियाकलापलाई पनि शान्तिपूर्ण ढंगबाट नै सुरक्षात्मक प्रबन्ध मिलाउन सकेमा असहज र दुःखदायी घटना हुन जाने थिएन। प्रजातन्त्रको पुनर्स्थापनापछि पनि राजनीतिक पार्टीहरूमा दुस्प्रवृत्तिले प्रवेश पाई पार्टीहरू असहिष्णु ढंगले एक आपसमा हदैसम्मको दुईमनीमा उत्रिएका घटनाहरूलाई विचार गर्दा राजनीतिक र सामाजिक असहिष्णुता हाम्रो जस्तो विकासोन्मुख देशले भोग्नै पर्ने यथार्थता जस्तो देखा परेको छ। यस किसिमका कुराहरूमा परराष्ट्र तथा मानवअधिकार समितिले छलफल र विचार विमर्श गरी मौलिक हकको संरक्षण र मानवअधिकारको सम्मान हुने कुरामा उपायहरू पहिल्याउन यथेष्ट समय दिन सकेको देखिदैन।

नेपालमा मानवअधिकार सम्बन्धी अवधारणा बनाउनु अघि नेपालको आर्थिक अवस्था र त्यसले उत्पन्न गरेका परिस्थितिहरू, नेपालले बेहोरेको ऐतिहासिक घटनाक्रमहरू र भोग्नुपरेका राजनीतिक परिस्थितिहरू, सामाजिक संरचना एवं मान्यताहरू, साक्षरताको स्थिति, जनचेतनाको स्तर आदिलाई आधार मानी हेर्नुपर्ने राय परराष्ट्र तथा मानवअधिकार समितिले दिँदै आएको कुरा प्रवक्ता उप्रेती बताउनु हुन्छ। उहाँका अनुसार परराष्ट्र तथा मानवअधिकार समितिले गरीवि, अशिक्षा र सामाजिक कुरीतिले उब्जाएको नारी पुरूषबीचको भेदभाव, धनी र गरीब बीचको भेदभाव, जनजाति र प्रजातिबीचको भेदभाव, भाषाभेष बीचको भेदभाव कायम रहेसम्म सरकार तथा मानवअधिकारवादी संस्थाले जतिसुकै चाहे पनि मानवअधिकारका उल्लंघन रोक्न कठिन हुने विचार पनि राख्दै आएको छ।

**विगतमा सांसदको दायित्व पूरा भयो ?**

जननिर्वाचित सांसदले यो यो काम गर्नुपर्छ भनेर कतै किटान गरिएको छैन। तर पनि एउटा सांसदले राष्ट्र एवं जनताप्रति पूर्णरूपले जिम्मेवार भएर भूमिका खेल्नु पर्ने कुरालाई बिर्सन मिल्दैन।

सांसदहरू मूलतः विधि निर्माता मानिन्छन्। मुलुकको अवस्थालाई बुझेर नीति निर्माण गर्नु सांसदहरूको प्रमुख कार्य ठानिन्छ। यद्यपि विधि वा नीतिको निर्माण गर्नु मात्र पनि सांसदको सम्पूर्ण दायित्व होइन। जन आकांक्षा र आवश्यकताको परिपूर्ति गर्ने माध्यम भनेका पनि हाम्रो जस्तो देशको सन्दर्भमा सांसदहरू नै हुन्।

विश्वको संसदीय अभ्यासका अध्येता विष्णुदत्त उप्रेतीले सांसदको दायित्व वा भूमिकाका सन्दर्भमा एक प्रसंगमा उल्लेख गरेको एउटा घटना अनुसार "बेलायतको संसदीय इतिहासको थालनीताका त्यहाँको ब्रिष्टल निर्वाचन क्षेत्रका प्रभावशाली सांसद एकमण्ड ब्रुक एक पटक आफ्नो निर्वाचन क्षेत्रमा घुम्न गए। सांसद ब्रुकलाई त्यहाँका जनताले एउटा सूची दिँदै तपाईले यी सबै कामहरू गर्नु पर्‍यो भने। जनतालाई उत्तर दिने क्रममा सांसद ब्रुकले भने- "It is true, you have elected me but not as a delegate but as a representative in the British Parliament". (यो कुरा साँचो हो तपाईहरूले मलाई निर्वाचनमा जिताउनु भयो तर बेलायती संसदमा प्रत्यायोजित काम गर्न होइन कि जनप्रतिनिधिको रूपमा काम गर्न।)

यो प्रसंगबाट के स्पष्ट हुन्छ भने सांसदको दायित्व के हो भन्ने कुरा सांसदले नै बुझ्नु पर्दछ र उसले जनतालाई पनि बुझाउन सक्नु पर्दछ। आफूले चुनेको सांसदबाट जनताले के अपेक्षा गरेका हुन्छन् त्यो पनि सांसदले नै विवेक पुर्‍याउनु पर्दछ। उप्रेती भन्नुहुन्छ- "संसदको सदस्य भैसकेपछि उसको दायित्व र कर्तव्य आफ्नो निर्वाचन क्षेत्रप्रति मात्र नभएर सम्पूर्ण राष्ट्रपति नै हुन्छ। त्यसैले एउटा सांसदद्वारा सदनभित्र र सदन बाहिर खेलिने भूमिकाले समान स्थान ओगटेको हुन्छ। अशिक्षा, गरीवि, बेरोजगारी, महँगी, भ्रष्टाचार, अन्याय-अत्याचार र हक-अधिकारको हननबाट पीडित एवं प्रताडित रहँदै आएका हाम्रो जस्तो अल्पविकसित देशका बहुसंख्यक नागरिकहरूको अहिलेको अपेक्षाको माध्यम भनेका सांसद नै हुन् र निकाय भनेको संसद नै हो। यही ठानेर निस्कपट एवं निस्पक्ष ढंगबाट काम गर्ने हो भने जनता र सरकारको बीचमा मध्यस्थताको भूमिका निर्वाह गर्ने माध्यमका रूपमा सांसद र थलोका रूपमा संसदभन्दा अर्को हुन सक्दैन।

राष्ट्र एवं जनताको सर्वाङ्गिण उन्नति-प्रगतिका लागि सांसदको भूमिका महत्वपूर्ण रहन्छ। सांसदले आफ्नो निर्वाचन क्षेत्रलाई पनि हेर्नु पर्दछ र राष्ट्रलाई पनि हेर्नु पर्दछ। सीमित साधनस्रोतको प्रयोगद्वारा अधिकतम उपलब्धि लिने नीतिको तर्जुमा गरी मुलुकलाई विकास-निर्माणमा अग्रगति प्रदान गर्न पहल गर्ने दायित्व पनि सांसदहरूको हो।

सरकारलाई निर्देशन दिने, नियन्त्रण गर्ने र सरकारको कामको मूल्यांकन गर्ने जिम्मेवारी सांसदहरूकै हो। सरकार गलत बाटोमा गइरहेको छ र गल्ती गरिरहेको छ भने सरकारको आलोचना गर्ने, सरकारले गरेका गलत कामहरूलाई जनतासम्म पुर्‍याएर विरोध गर्ने र सरकारलाई सुध्रिनका लागि दबाब दिने दायित्व पनि सांसदहरूकै रहेको छ।

संसदको गरिमा, प्रतिष्ठा र प्रभावकारिता बढाउने जिम्मेवारी पनि सांसदहरूकै हो। सांसदहरूले आफ्नो दायित्वको महत्वलाई बुझ्न सके र आफ्नो नैतिकता, आदर्श र त्यागको उदाहरण प्रस्तुत गर्न सके भने संसदको पनि गरिमा बढ्न पुग्छ। तर सांसदहरू आफैंले आफ्नो नैतिकता बिर्से भने सांसद र संसद दुवैको प्रतिष्ठा समाप्त हुन पुग्छ। बिगतमा

| आठ वर्षको संसद : सातवटा अविश्वास प्रस्ताव | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | अविश्वास प्रस्तावका प्रस्तावक | कसका विरुद्ध अविश्वास | अविश्वास प्रस्ताव प्रस्तुत मिति | प्रस्तावमा मतदान भएको मिति | प्रस्तावको पक्षमा परेको मत | प्रस्तावको विपक्षमा परेको मत |
| १. | एमालेको संसदीय दलका नेता मनमोहन अधिकारी समेत ५५ जना | नेपाली कांग्रेसको सरकारका प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला | २०५० फागुन १२ | २०५० फागुन २३ | ८१ (एमाले, संजमो र स्वतन्त्र) | ११३ (नेपाली कांग्रेस र स्वतन्त्र |
| २. | नेपाली कांग्रेसको संसदीय दलका नेता शेरबहादुर देउवा समेत ७० जना | एमालेको अल्पमत सरकारका प्रधानमन्त्री मनमोहन अधिकारी | २०५२ भदौ २० | २०५२ भदौ २५ | १०७ (नेका, राप्रपा, नेसपा, स्वतन्त्र) | ८८ (एमाले र स्वतन्त्र) |
| ३. | एमालेका मनमोहन अधिकारी समेत ८८ जना | कांग्रेस, राप्रपा र नेसपाको गठबन्धन सरकारका प्रधानमन्त्री शेरबहादुर देउवा | २०५२ चैत ७ | २०५२ चैत ११ | ९० (एमाले र स्वतन्त्र) | १०६(कांग्रेस , राप्रपा र नेसपा) |
| ४. | एमालेका मनमोहन अधिकारी समेत १०२ जना | कांग्रेस, राप्रपा र नेसपाको गठबन्धन सरकारका प्रधानमन्त्री शेरबहादुर देउवा | २०५३ पुस १ | २०५३ पुस ९ | १०१ (एमाले, राप्रपा, नेसपा र स्वतन्त्र) | ८४ (कांग्रेस, राप्रपा, नेसाप र स्वतन्त्र) |
| ५. | नेपाली कांग्रेस र राप्रपाकी सूर्यबहादुर थापा पक्ष | राप्रपा, एमाले र नेसपाको गठबन्धन सरकारका प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द | २०५४ असौज ७ | २०५४ असौज १८ | १०७ (कांग्रेस, राप्रपा, नेसाप, स्वतन्त्र) | ९४ (एमाले, राप्रपा चन्द) |
| ६. | एमालेका मनमोहन अधिकारी समेत ९० जना | कांग्रेस, राप्रपा र नेसपाको गठबन्धन सरकारका प्रधानमन्त्री सूर्यबहादुर थापा | २०५४ माघ २९ | २०५४ फागुन ८ | १०० (एमाले, राप्रपा चन्द र स्वतन्त्र) | १०३ (कांग्रेस, राप्रपा, स्वतन्त्र) |
| ७. | नेकपा (माले) का वामदेव गौतम समेत ५४ जना | नेपाली कांग्रेसका प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला | २०५५ पुस ९ | प्रस्ताव निस्क्रिय | | |

कतिपय सांसदले आफ्नो दायित्वलाई सम्झेर सोही अनुसारको भूमिका निर्वाह गरे भने केहीले सांसद भनेका राम्रा मान्छे हैनन् भन्ने सन्देशलाई प्रवाहित गर्ने काम पनि गरे।

विशेषगरी २०५१ को मध्यावधि निर्वाचनपछिको संसदमा केही सांसदहरू स्वयं नै राजनीतिक विकृतिका बाहक बन्न पुगे। उनीहरू औषधोपचार काण्डमा मात्र चर्चित बनेनन्, रातो पासपोर्ट काण्ड, सुरासुन्दरी काण्ड, गुण्डागर्दी र खरिदविक्रीको नाममा समेत चर्चित बने।

सांसद भनेका जनताका सेवक हुन्, उनीहरू आफ्नो सुविधालाई हैन जनताका दुःखकष्टमा ध्यान दिन्छन् भन्ने कुराको उदाहरण बिगतमा अधिकांश सांसदले प्रस्तुत गर्न सकेनन्। उनीहरूको मनोवृत्ति सुविधाभोगी देखियो। जनताको दुःखलाई बिर्सेर आफ्नै सुविधालाई बढाउने काममा भित्रभित्रै लाग्ने र वाहिर चाहिं वनावटी विरोध गरेको देखाउने अभिनय पनि सांसदहरूबाट भयो।

दोस्रो संसदकालमा सांसदहरूले गाडी सुविधा र पेन्सन सुविधा लिए। उनीहरूको भत्तामा पनि वृद्धि गरियो। यसरी आफैं सुविधा लिन थालेपछि जनमानसमा सांसदप्रति नकारात्मक दृष्टिले हेर्ने स्थिति पनि पैदा भयो। गाडी सुविधालाई बैध भ्रष्टाचारको रूपमा मात्र टिप्पणी गरिएन, संसद र सांसदलाई पजेरो संस्कृतिका रूपमा चर्को आलोचना गर्ने प्रवल आधार पनि सांसदहरूले नै प्रदान गरे।

बिगतको संसदमा पार्टी ह्वीप उल्लंघनका घटना प्रशस्तै भए भने अदालतले संसदको अधिकारमाथि हस्तक्षेप गरेको चर्चाहरू पनि भए। पहिलो अधिवेशनदेखि अहिलेसम्म पनि भाषा र पोशाकको विवाद यथावत चल्दै आएको छ। राष्ट्रिय सभा अनाथालय जस्तो बुन्न पुगेको, संसदीय समितिहरूको प्रभावकारिता न्यून रहेको र दोस्रो संसदकालमा सभामुखको भूमिका निष्पक्ष नरहेको टिप्पणी सांसदहरूले नै गरे।

**कस्तो होला अबको संसद ?**

बिगतको संसदीय अभ्यासमा कतिपय राम्रा र कतिपय नराम्रा कामहरू हुन पुगेका छन्। यो कुरालाई सबैले स्वीकार गर्ने गरेका छन् र बिगतका नराम्रा कुरालाई अबको संसदले त्याग्नै पर्ने आवाज पनि उठाइरहेका छन्।

आठ वर्षको संसदमा सशक्त भूमिका खेलेर यतिवेला संसद बाहिर रहनु भएका नेकपा (एमाले) का केन्द्रीय सदस्य केशव बडाल नेपालको छोटो संसदीय इतिहासमा धेरै किसिमका अभ्यासहरू हुन सकेको विचार राख्नुहुन्छ। उहाँ भन्नुहुन्छ- "हाम्रो देशको संसदीय इतिहास लामो छैन। २०१५ सालको आम चुनावपछिको छोटो समय र २०४८ सालबाट हालसम्मको अवधिलाई हेर्दा नेपालको संसदीय अभ्यासको इतिहास लामो छैन। यो छोटो इतिहासभित्र पनि अत्यन्त धेरै रोचक अभ्यासहरू भइसकेका छन्। यति छोटो अवधिभित्र यति धेरै अभ्यासहरू संसारको कुनै पनि संसदीय अभ्यासको इतिहासमा पाइदैन भनेर ठोकुवा गर्न सकिन्छ। अनुभवबाटै परिपक्व हुनुपर्ने कतिपय पक्षमा अभ्यासको कमीले केही तलमाथि भएको भए पनि अनेक त्यस्ता अभ्यासहरू भएका छन् जस्लाई इतिहासले आफ्नो अभिलेखमा सुरक्षित राख्नै पर्छ। त्यस्ता अभिलेख लायक घटना केही राम्रा र केही नराम्रा छन्। केही ग्रहण गर्न लायक, पच्छ्याउन लायक छन्। केही परिमार्जन गरेर पच्छ्याउन लायक छन्, केही त्याग्न लायक छन्।

अबको संसदले बिगतका नराम्रा कुराहरूलाई त्याग्दै राम्रा कुराहरूलाई स्थापित गर्नुपर्ने माग सबैको छ। संसद र सांसदले राष्ट्र एवं जनताप्रतिको गहन उत्तरदायित्वलाई पूरा गर्नैपर्ने विचारहरू नयाँ संसदको अधिवेशन संगसंगै व्यक्त भइरहेका छन्। पूर्व सांसद बडालको भनाइ छ- "अहिले भर्खरै तेस्रो आम निर्वाचन सम्पन्न भएको छ। लगभग ७९ प्रतिशत सांसदहरू संसदका लागि नयाँ अनुहार लिएर आउनु भएको छ। २१ प्रतिशत पुरानै अनुहार हुनुहुन्छ। नयाँहरूमा जोश-जाँगर तीव्र होला, पुरानाहरूमा बिगतको अनुभव छ। नयाँको जोश र पुरानाको अनुभवलाई समेटेर राष्ट्र र जनताप्रतिको गहन

## पन्ध्रवटा अधिवेशनमा कति विधेयक पारित भए ?

| अधिवेशन | कूल पारित विधेयक संख्या | प्रतिनिधि सभाबाट पारित विधेयक | राष्ट्रिय सभाबाट पारित विधेयक | सरकारी विधेयक | गैह्रसरकारी विधेयक | मूल विधेयक | संशोधन विधेयक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| पहिलो | २४ | १८ | ६ | २४ | – | १२ | १२ | – |
| दोस्रो | २० | १३ | ७ | २० | – | ११ | ९ | – |
| तेस्रो | ४० | २४ | १६ | ४० | – | १९ | २१ | – |
| चौथो | १३ | ९ | ४ | २१ | – | ६ | ७ | – |
| पाँचौं | २१ | १३ | ८ | २१ | – | ११ | १० | – |
| छैठौं | २ | १ | १ | २ | – | – | २ | – |
| सातौं | – | – | – | – | – | – | – | प्रतिनिधिसभाको विघटन |
| आठौं | ६ | ५ | १ | ६ | – | ४ | २ | – |
| नवौं | १६ | १६ | – | १६ | – | ११ | ५ | – |
| दशौं | ३५ | ३० | ५ | ३३ | २ | २० | १५ | – |
| एघारौं | – | – | – | – | – | – | – | कुनै विधेयक पारित भएन |
| बाह्रौं | २३ | २१ | २ | २२ | १ | ९ | १४ | – |
| तेह्रौं | ६ | ४ | २ | ६ | – | ४ | २ | – |
| चौधौं | २७ | २५ | २ | | – | १४ | १३ | – |
| पन्ध्रौं | – | – | – | – | – | – | – | प्रतिनिधि सभाको विघटन |
| **जम्मा** | २३३ | १७९ | ५४ | २३० | ३ | १२१ | ११२ | |

उत्तरदायित्व यो संसदले पूरा गर्नुपर्छ। संसदभित्र शान्ति र शालीनताको नाममा सत्तापक्षले गरेका गलत कामहरू, राष्ट्र र जनताका हित विपरित कार्यहरू, हत्या हिंसाका वरदातहरू, भ्रष्टाचार, कमिशनखोरी, अत्याचार, अपराधपूर्ण क्रियाकलापहरूलाई टुलुटुलु हेर्ने र शान्ति शान्ति भन्ने प्रवृत्ति देखिन सक्छ। अर्को, हरेक विवादका विषयहरूलाई लडाइँको रूपमा लिने उग्रता प्रदर्शन गर्ने, उत्ताउलो र गैरजिम्मेवार तरिकाहरूबाट पनि सांसदहरू जोगिनै पर्छ।"

तेस्रो आम निर्वाचनबाट निर्वाचित सबै सांसदहरू राष्ट्र र जनताप्रति बढी गम्भीर हुने आशा गरिएको छ। अहिलेका सांसदहरूले बिगतमा केही सांसदबाट भएको अशोभनीय क्रियाकलापका कारण उत्पन्न विकृतिलाई समाप्त पार्न र त्यस्ता घटनालाई विर्साउन राष्ट्रहितका उदाहरणीय कार्यहरू गर्ने अपेक्षा जनताले गरेका छन्।

बहुदलीय व्यवस्था स्थापना भएपछिको संसदीय अभ्यासका क्रममा उपलब्धीहरू संगसँगै व्यवस्थाकै लागि फेरि चुनौतिहरू पनि खडा भएका छन्। त्यस्ता चुनौतिहरूको सामना गर्नका लागि पनि अबको संसद सक्षम हुने आशा गरिएको छ।

निरंकुश पंचायती व्यवस्थाले नदिएको कुरा बहुदलले के दियो र? पंचायती शासन र बहुदलीय शासनमा फरक नै के पाइयो र? जुन व्यवस्था भए पनि र जुन व्यक्ति सांसद भए पनि हाम्रा लागि के चाहिं भएको छ र? यस्ता प्रश्नहरू उठिरहेका छन्। यस्ता प्रश्नको उत्तर पनि अबको संसदले काम देखाएरै दिनुपर्ने भएको छ। निरंकुश पंचायती शासन प्रणाली भन्दा बहुदलीय शासन व्यवस्था राम्रो हो, यो व्यवस्था देश र जनताप्रति बढी जिम्मेवार छ भन्ने कुरा प्रमाणित गर्न र बहुदलप्रति जनताको विश्वास जगाउनकै लागि पनि अबको संसदको भूमिका महत्वपूर्ण हुने भएको छ।

*हिजो सांसद भएर फोर्टुम इन्जेक्शन प्रयोग गरेको भनी अनैतिक ढंगले भुक्तानी लिने पनि फेरि सांसद बनेका छन् । अरु पार्टीका उम्मेदवारलाई खरिद गरेर वा मनोनयन नै गर्न नदिएर निर्विरोध भएको आरोप लागेका पनि संसदमा छन् । बिगतमा राम्रो भूमिका खेलेका र लामो राजनीतिक योगदान दिएका थुप्रै सांसदहरु पनि अहिलेको संसदमा छन् । बिगतको पृष्ठभूमि राम्रो नभएको आरोप लागेकाले अबको संसदमा कस्तो भूमिका खेल्लान् ?*

जनताले राम्रै मान्छे ठानेर हिजोका सांसदहरूलाई चुनेका थिए। तर जनताले राम्रो ठानेका मध्ये पनि केही सांसद व्यक्तिगत स्वार्थयुक्त मनोवृत्तिका कारण विभिन्न विवादमा परे। अहिलेको संसदमा पनि हिजो विभिन्न आरोप लागेका केही निर्वाचित भएर आएका छन्। हिजो सांसद भएर फोर्टुम इन्जेक्शन प्रयोग गरेको भनी अनैतिक ढंगले भुक्तानी लिने पनि फेरि सांसद बनेका छन्। अरू पार्टीका उम्मेदवारलाई खरिद गरेर वा मनोनयन नै गर्न नदिएर निर्विरोध भएको आरोप लागेका पनि संसदमा छन्। बिगतमा राम्रो भूमिका खेलेका र लामो राजनीतिक योगदान दिएका थुप्रै सांसदहरू पनि अहिलेको संसदमा छन्। बिगतको पृष्ठभूमि राम्रो नभएको आरोप लागेकाले अबको संसदमा कस्तो भूमिका खेल्लान्? बिगतको पृष्ठभूमि राम्रै भएका हरेकले आफूलाई राम्रै ठाउँमा राख्लान्? बिगतमा सांसद नहुँदा राम्रा भनिएका मध्ये कै केही अब सांसद भएपछि भ्रष्ट भएर निस्किने त हैनन्? आशंकाकासाथ यस्ता प्रश्नहरू पनि उठिरहेका छन्।

संसद र संसदीय प्रणालीलाई स्वच्छ, विकृतिविहीन र प्रभावकारी ढंगले मात्र राष्ट्र एवं जनताको हितका लागि अगाडि बढाउने मूल जिम्मेवारी सांसदहरूकै हो। सांसदहरूले विगतको मूल्यांकन गर्दै आगामी दिनमा आफ्नो दायित्व र भूमिका पूरा गरे भने अबको संसदले आफैंसंग लजाउनु पर्ने छैन। राष्ट्यिताको सुदृढीकरण, राष्ट्र निर्माण, जनताको हित एवं संसदले काम गरोस र संसदको गरिमा बढ्दै जाओस् भन्ने जनताको चाहना कतिको पूरा हुने हो, प्रतीक्षा गरेर हेर्नु पर्ने भएको छ। ■

# राष्ट्रिय लज्जा

नेपालमा मानवअधिकार आयोगको निर्माण गर्न बनेको ऐन साढे दुई वर्ष पुरानो भइ सक्यो। तर आजसम्म त्यस्तो आयोग बन्न सकेको छैन। मानवअधिकार आयोग किन बन्नु पर्छ ? अथवा मानवअधिकार आयोग नबनेको अवस्थामा के के हुन्छ ? यस्ता विषयहरूमा देशका मानवअधिकार संस्थाहरूले प्रशस्तै बोलेका छन। प्रशस्तै चर्चा गरेका छन।

अब त सरकारले "मानवअधिकार आयोग बन्यो भने के हुन्छ ?" भन्ने सोचेका होला भनेर खोतल्नु आवश्यक छ। मानवअधिकार आयोग बने यता धेरै पटक सरकार परिवर्तन भइसक्यो। सरकारमा पुग्नु अघिको र पुगसिकेपछिको सबै राजनीतिक मानिसको धारणा फरक-फरक हुन्छ। मानवअधिकार आयोगका सन्दर्भमा पनि यही कुरो देखिएको छ।

मानवअधिकार आयोग ऐन विदेशीहरूलाई देखाउनका लागि बनेको हो ? अहिलेको अवस्था हेर्दा दातृ संस्था, अन्तराष्ट्रिय गैरसरकारी संस्था वा विश्व समुदायलाई देखाउन मात्र मानवअधिकार आयोग ऐन बनेको हो भन्न सकिने भएको छ। विश्व मञ्चहरूमा नेपालमा पनि मानवअधिकार आयोग ऐन छ भन्ने कुरा पुगेकै छ। नेपालको मानवअधिकार अवस्थाको चर्चा गर्ने क्रममा मानवअधिकार आयोग ऐन समेतको सकारात्मक उल्लेख भइ नै हाल्छ। घरभित्र मानवअधिकारको कुरालाई किन महत्व दिनु पर्यो? हाम्रो देशका सत्तासीनहरूको सोच यस्तै यस्तै किसिमको छ। यति कुरा त प्रष्टै भइसकेको छ।

हाम्रा मानवअधिकार संस्थाहरू पनि मानवअधिकार आयोगको माग गर्दा गर्दा थाकी सके। पोहोर भदौ महिनाभरि नेपालका सबैजसो मानवअधिकार संस्थाहरूले आयोगको गठनको माग गर्दै अभियान संचालन गरेका थिए। तर मानवअधिकार कार्यकर्ताहरूको माग अझै पूरा भएको छैन। बाटो खनी सकेपछि गाडी कुदाउन किन गाह्रो भएको होला ? सरकार बाहेक कसैले बुझ्न सकेका छैन। यो मानवअधिकार आयोग ऐनका सम्बन्धमा वास्तवमै भएको के हो ? अनौपचारिक कुराकानीका क्रममा सुनिन्छ- सरकारले मानवअधिकार आयोगको प्रमुख बनाउने मानिस नै पाएन। सरकारले खोजेजस्तो पूर्व प्रधानन्यायाधीश नै पाएन। कोही भन्दैछन- विश्वनाथ प्रसाद उपाध्यायको नाम दरबारले स्वीकार गरेन।

वास्तविकता के हो ? सतहभित्रका वास्तविकताका बारेमा सबै अनभिज्ञ छन्। आधिकारिक रूपमा " कुरा यस्तै हो " भनिएको छैन। तर सबैले देखेको प्रष्ट वास्तविकता के हो भने नेपालमा ऐन बनेको यति लामो समय पछि पनि मानवअधिकार आयोग बनेको छैन।


छयालीस सालको जनआन्दोलनपछि बनेको अन्तरिम सरकारका पालामा नेपालले मानवअधिकार सम्बन्धी केही महत्वपूर्ण अनुबन्धहरूमा हस्ताक्षर गरेको थियो। तत्कालीन सरकारको त्यो कार्यले गर्दा नेपाललाई विश्व मानवअधिकारको वृत्तमा सकारात्मक रूपमा ग्रहण गर्न थालियो। त्यतिबेला पनि देशको प्रधानमन्त्रीको कुर्सीमा कृष्ण प्रसाद भट्टराई नै हुनुहुन्थ्यो।

गएको आमनिर्वाचन पछि फेरी मानवअधिकारका क्षेत्रमा पनि एउटा उल्लेखनीय काम गर्न सकिने अवसर कृष्ण प्रसाद भट्टराईका समक्ष आएको थियो। देशका अन्य क्षेत्रहरूमा झैं मानवअधिकारको क्षेत्रमा पनि प्रष्ट देखिने र उल्लेखनीय रूपमा गणनामा आउने काम कृष्ण प्रसाद भट्टराईले चाहना गरेको अवस्थामा गर्न सक्नु हुन्थ्यो।

मानवअधिकार आयोग ऐन यस अघिकै सरकारको पालामा बनेकै थियो। उहाँले आयोग बनाइदिएमात्र पनि ऐतिहासिक काम भएजस्तो देखिने स्थिति थियो। आवश्यक ऐन बनी सकेको अवस्थामा पनि आयोगको गठन हुन नसकेको हुनाले प्रधानमन्त्री भट्टराईको सानो कामले पनि ठूलो महत्व पाउन सक्ने अवस्था थियो।

तर प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले पनि मानवअधिकार आयोगको गठन गर्ने पहल गर्नु भएन। अझै पहल भएको पनि देखिँदैन। सबै पक्ष सहमत भएको र संसदबाट ऐन समेत पारित भइ सकेको बिषयमा समेत किन यस्तो ? सरकारले अहिलेसम्म आफ्ना कुरा बताएको पनि छैन।

मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्र जारी भएको पचासौं वार्षिकोत्सवका अवसरमा नेपालमा सरकारी स्तरमै विभिन्न कार्यक्रमहरूको आयोजना गरियो।



कुन्दन अर्याल

*सार्वभौमसत्ता सम्पन्न संसदबाट पारित भई राजाको लालमोहर लागि सकेको ऐनको कार्यान्वयनका निम्ति अदालतले परमादेश जारी गर्नु परेको यस्तो स्थिति आउनु राष्ट्रिय लज्जाको विषय होइन ? आज मानवअधिकार आयोग ऐन पारित भएको साढे दुई वष पछि लागू हुन सक्दैन भने हिजो हाम्रा संसदमा किन ताली पड्काए ? किन टेबुल ठोके ?*

मानवअधिकारहरूको विश्वव्यापी घोषणा पत्रको पचासौं वार्षिकोत्सव मनाउन सरकारले मानवअधिकार संस्थाहरूको उल्लेखनीय प्रतिनिधित्व गराएर एउटा राष्ट्रिय समिति नै बनायो। तर सरकारले मानवअधिकार आयोग भने बनाएन। हाम्रो सरकारकासामु त्यस्तो के बाध्यता छ जस्ले मानवअधिकार आयोग बनाउने कुरामा बाधा तेर्स्याइ रहेको छ ?

के सरकारले माओवादी गतिविधिमाथि अन्धाधुन्दा दमन गर्न गाह्रो पर्छ भनेर मानवअधिकार आयोग नबनाएको हो? छयालीस सालको ऐतिहासिक जनआन्दोलन पश्चात् राजनीतिक आस्थाका आधारमा कोही कसैमाथि दमन गरिनु हुँदैन भन्ने कुरा स्थापित भइसकेको छ। माओवादी समस्याका सम्बन्धमा पनि सरकारले आफ्नो दृष्टिकोण अगाडि ल्याएकै छ। सरकारले केवल दमनका भरमा माओवादी समस्याको अन्त्य गर्ने घोषणा गरेको छैन।

मानवअधिकारहरूको उल्लंघन गर्दा मात्र माओवादी समस्याको समाधान हुन सक्छ भन्ने सोच आजका प्रजातन्त्रवादी/प्रजातान्त्रप्रेमी राजनीतिकर्मीहरूमा नहुनु पर्ने हो। मानवअधिकारहरूको संरक्षण र सम्बर्द्धनलाई नेपाल अधिराज्यको अहिलेको संविधान र परिपाटीले कति महत्व दिएको छ भन्ने कुरा पनि सबैलाई थाहा छ।

मानवअधिकार आयोगको गठन भयो भने मानवअधिकारको संरक्षण र सम्बर्द्धन प्रतिको नेपालको प्रतिबद्धतालाई फेरि एक पटक प्रष्ट रूपमा प्रकट गरिएको मान्नु पर्ने हुन्छ। तर संविधान ऐन, कानून वा अन्य लिखतहरूलाई कागजका सुन्दर फूल मात्र बनाउने प्रचलन कै शिकार भएको छ मानवअधिकार आयोग ऐन। यो ऐन नेपालको सरकारले पहिरेको सुन्दर गहना जस्तो मात्र हुन पुगेको छ। जुन गहनाको कुनै उपयोगिता नभएझैं देखिएको छ।

भर्खरै सर्वोच्च अदालतले दुई छुट्टाछुट्टै रिट निवेदनहरूको सुनुवाई गर्दै यथाशीघ्र मानवअधिकार आयोग गठन गर्न सरकारका नाममा परमादेश जारी गरेको छ। सार्वभौमसत्ता सम्पन्न संसदबाट पारित भई राजाको लालमोहर लागि सकेको ऐनको कार्यान्वयनका निम्ति अदालतले परमादेश जारी गर्नु परेको छ। यस्तो स्थिति आउनु राष्ट्रिय लज्जाको विषय होइन? आज मानवअधिकार आयोग ऐन पारित भएको साढे दुई वष पछि पनि लागू हुन सक्दैन भने हिजो हाम्रा सांसदहरूले संसदमा किन ताली पड्काए? किन टेबुल ठोके?

मानवअधिकार आयोगको गठन हुन नसक्नमा देशका सबै प्रमुख राजनीतिक पार्टीहरू दोषी छन्। साढे दुई वर्षको अवधिमा देशका सरकारहरूमा कुन कुन पार्टीको वर्चश्व कायम रह्यो सबैलाई थाहा छ। गएको आम निर्वाचनका क्रममा इन्सेकद्वारा संचालित जनशपथ अभियानमा मानवअधिकार आयोगको मागलार्य सबभन्दा प्रमुखताका साथ उठाएको थियो। इन्सेकद्वारा सांसदका उम्मेद्वारहरूलाई हस्ताक्षर गराइएको जनशपथ पत्रको पहिलो बुँदामै भनिएको थियो "मानवअधिकार आयोग गठन गराउन अग्रसर रहने छु।" तर जित्ने उम्मेद्वारहरूले त्यो बुँदालाई अहिले सम्झिएका छन् कि छैनन्? प्रश्न उठाउनै पर्छ।

हाम्रा राजनीतिक-संचालकहरू कुनै आयोगको अध्यक्ष कसलाई बनाउने? भन्ने जस्ता कुरामा वर्षै खर्च गर्छन्। तोकिएको योग्यता पुगेका मानिसहरू मध्येबाट कसैलाई छान्ने कुरामा किन सहमति हुन सक्दैन? जनताको आकांक्षा भन्दा एकदमै पृथक ढंगले कस्ता कस्ता मानिसहरूलाई काँध थाप्ने. हाम्रा पार्टीहरू तोकिएको योग्यताको सीमाभित्र मानवअधिकार आयोगको अध्यक्ष किन खोज्न सक्दैनन्?

साँच्चै हाम्रा अग्रपंक्तिका राजनीतिक पार्टीहरूमा नेपालको माओवादी समस्याको समाधानका निम्ति मानवअधिकार आयोग बाधक सिद्ध हुन सक्छ भनने सोच विकसित भएको हो? त्यस्तो हो भने त्यो विद्यमान परिपाटी र संविधानको मर्म विपरितको सोच हो। तैपनि हाम्रा सबै सांसदहरू त्यही कुरामा एकमत छन् र उनीहरूमा हिम्मत छ भने उनीहरूले त्यही संसदबाट मानवअधिकार आयोग ऐन खारेज गरी दिउन। मानवअधिकार आयोग ऐनका रूपमा झल्किने गहना पहिरेर हाम्रो सरकारले विश्व समुदायलाई सँधै झुक्याई रहन सक्दैन। ●

# मानवअधिकारको सवालमा नेपाली युवा वर्ग कत्तिको सचेत छ ?

प्रकाश ज्ञवाली



युवा नै समाजको सबैभन्दा सक्रिय, जागरूक र सशक्त वर्ग भएकाले स्वभाविकैरूपमा हरेकखाले घटना र परिस्थितिहरूमा उनीहरूको प्रत्यक्ष संलग्नता रहेको हुन्छ। युवा वर्गलाई पृथक राखेर कुनै सवालको बारेमा चर्चा गर्नु त्यसलाई पूर्णता दिन नखोज्नु हो। समाजको एक प्रमुख अंगको रूपमा रहेको यो वर्ग सकारात्मक र नकारात्मक दुवै प्रकारका परिस्थितिबाट उत्तिकै प्रभावित भएको हुन्छ। संख्यात्मक आधारमा पनि युवाहरू नै बढी भएकाले सामाजिक अवस्था उनीहरूमा बढी प्रतिविम्बित हुनु स्वभाविक पनि हो।

युवा वर्गको प्रत्यक्ष हितका पक्षमा हालसम्म संयुक्त राष्ट्र संघद्वारा आधा दर्जनभन्दा बढी सन्धि/अभिसन्धिहरू पारित भैसकेका छन्। नेपालले पनि मानवअधिकारका विविध पक्षहरूसँग सम्बन्धित एक दर्जनभन्दा बढी सन्धि/महासन्धिहरूलाई अनुमोदन गरिसकेको छ। मानवअधिकारको बारेमा आम जनता सचेत नहोउन्जेलसम्म यसको वहाली संभव छैन। तसर्थ सन्धि/अभिसन्धिहरू अनुमोदन गर्नुको प्रमुख र प्राथमिक कार्य मानवअधिकार सम्बन्धी चेतनाको अभिवृद्धि गर्नु हो।

मानवअधिकारको सवालमा युवा वर्ग कत्तिको सचेत छ भन्ने कुराको स्पष्ट मापन गर्नु कठिन कार्य हो। पक्कै पनि एउटा मात्र सवाललाई आधार मानेर यसको तुलना गर्न मिल्दैन। मानवअधिकार आन्दोलन सामाजिक परिवर्तनको एउटा पाटो भएकाले सामाजिक विकास (परिवर्तन) अथवा जनताको अधिकार प्राप्तिको क्रममा युवा वर्गले निर्वाह गरेको भूमिकाको आधारमा यसको विश्लेषण गर्न सकिन्छ।

विश्वकै परिस्थितिमा हेर्ने हो भने पनि हरेक सामाजिक परिवर्तनका आन्दोलनहरूमा युवा वर्गले नै निर्णायक भूमिका निर्वाह गरेका छन्। नेपालको सन्दर्भमा पनि प्रजातन्त्र र मानवअधिकारका लागि भएका हरेक आन्दोलनहरूमा युवाहरूको भूमिका निर्णायक रहेको छ। यस्ता आन्दोलनहरूमा शहादत प्राप्त गर्नेहरूमा युवापंक्ति नै अत्यधिक रहेको छ। दशरथ चन्द, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, चिनिया काजी, राम-लक्ष्मण, ठगी दाहाल, राजेन्द्र महर्जन, कामेश्वर, कुशेश्वर जस्ता होनहार युवाहरूको शहादतलाई उदाहरणको रूपमा लिन सकिन्छ। यसका साथै विकास निर्माण, जनचेतना अभिवृद्धि, रचनात्मक क्रियाशीलता जस्ता सवालहरू, राज्यको तर्फबाट तथा अन्य सामाजिक संस्थाहरूको तर्फबाट संचालन हुने गतिविधिहरूको कार्यान्वयन लगायत्का क्रियाकलापहरूमा युवाहरूको प्रमुख सहभागिता रहेको छ।

मानवअधिकारको सवालमा नेपाली युवाहरू कत्तिको सचेत छन् त? भन्ने प्रश्न गर्दा प्रजायुसंघका अध्यक्ष तथा सांसद पशुपात चालागाई समग्रमा युवा पंक्ति सचेत र चेतनशील भएको ठान्नुहुन्छ। "शहरी क्षेत्रमा एउटा यस्तो युवा समाज छ, जसलाई राष्ट्र र जनताको बारेमा कुनै चासो छैन। सुविधा सम्पन्न भएर पनि उनीहरूलाई अधिकार, त्यसको सीमा र आफ्नो कर्तव्यको बारेमा थाहा छैन। अर्कोतर्फ ग्रामीण क्षेत्रमा आर्थिक विपन्नता र अशिक्षा अर्थात् सुविधाको अभावमा मानवअधिकारप्रति युवाहरू सचेत हुन सकेका छैनन्" -उहाँले भन्नुभयो। उहाँका अनुसार यसका अलावा मानवअधिकारप्रति सचेत एउटा ठूलो युवा समूह छ, जो आफ्नो अधिकारप्रति सचेत भए पनि त्यसले कहिलेकाहीँ सामूहिक उल्लंघन गर्दछ, त्यो समूह अर्काको मानवअधिकारप्रति संवेदनशील छैन।

नेपाल तरूण दलका केन्द्रीय कार्यालय सचिव कर्माछिरिङ शेर्पा नेपाली युवाहरू मानवअधिकारको बारेमा एकदमै सचेत भए तापनि उनीहरूले यसको सीमा बुझ्न नसकेको धारणा व्यक्त गर्नुहुन्छ।

अनेरास्ववियुका केन्द्रीय कोषाध्यक्ष लक्ष्मण आचार्यका विचार शर्पाका भन्दा कहीं भिन्न छ। उहाँ नेपाली युवाहरू यस सवालमा आंशिकरूपमा सचेत भए पनि आमरूपमा नरहेको ठान्नुहुन्छ। उचित वातावरणको अभाव र वर्तमान सामाजिक संरचना नै यसको कारक तत्व भएको उहाँको धारणा छ। "सबैको निम्ति मानवअधिकारको बारेमा जान्ने परिस्थिति सिर्जना नगरिएको र अर्धसामन्ती तथा अर्धऔपनिवेशिक सामाजिक संरचना विद्यमान रहेकोले आम युवाहरू सचेत हुन सकिरहेका छैनन्। जो अलिकति सचेत छन् उनीहरू शहरबजारमा बस्ने र सम्पन्न तथा मध्यम वर्गका युवा/विद्यार्थी भएको देखिन्छ। तर तल्लो स्तरका युवाहरूले यसबारे जान्ने-बुझ्ने अवसर प्राप्त गर्न सकेका छैनन्" -उहाँले भन्नुभयो।

नेपाल विद्यार्थी संघका केन्द्रीय कार्यालय सचिव लक्ष्मण बस्नेतको विचार आचार्यसँग मिल्दो छ। उहाँका अनुसार "शहरी क्षेत्रका युवाहरू मानवअधिकारबारे केही मात्रामा सचेत छन् तर ग्रामीण



क्षेत्रमा प्रचारप्रसारको कमीले गर्दा त्यति सचेत छैनन्।"

मानवअधिकार तथा शान्ति समाजका सभापति कृष्ण पहाडीको विचारमा नेपाली युवाहरू आधारभूतरूपले मानवअधिकारप्रति सचेत छैनन् तर यो शब्दप्रतिको आकर्षण भने बढ्दै गएको छ। उहाँ भन्नुहुन्छ -"शिक्षित युवाहरू मानवअधिकार भन्ने सवालप्रति आकर्षित हुनुका साथै केही मात्रामा सचेत पनि छन्। तर, आम नेपालको तस्वीर नियाल्दा ग्रामीण क्षेत्रका अशिक्षित युवाहरू यसप्रति सचेत हुन नसकेको स्थिति विद्यमान छ। अशिक्षित वर्गमा मानवअधिकारको चेतना पुग्न सकेको छैन।" उहाँका अनुसार समग्रमा हेर्ने हो भने नयाँ पुस्ता केही सचेत छ।

हालै सम्पन्न आम निर्वाचनपश्चात् प्रतिनिधिसभामा सबैभन्दा कम उमेरको सांसद बन्नुभएका शेरधन राईको धारणामा ग्रामीण युवाहरू मानवअधिकारको बारेमा सचेत हुन नसक्नुमा आफ्नै खाले समस्याहरू छन्। "आर्थिक समस्याका कारण अर्धशिक्षा मात्र आर्जन गर्नुपर्ने, रोजगारीको लागि विदेशतिर जानुपर्ने, अध्ययनलाई छोडेर सानै उमेरदेखि घरखेती इत्यादिमा लाग्नुपर्ने, सुविधा सहुलियतहरू नहुने भएकाले त्यत्तिकै भौंतारिनुपर्ने वर्तमान स्थितिमा ग्रामीण इलाकाका गरीब र अशिक्षित युवाहरू मानवअधिकारको बारेमा त्यति सचेत छैनन्" - सांसद राईले भन्नुभयो। तर पनि हालका दिनहरूमा मानवअधिकारको चेतना बढ्दै गएको छ। उहाँका अनुसार विभिन्न सामाजिक संस्थाहरूले संचालन गरेका अभियानहरूका कारण मानवअधिकारको बारेमा खोजी गर्ने, यसको बारेमा जान्न उत्सुक हुने क्रम बढेको छ, युवाहरू सचेतनतातर्फ उन्मुख छन्।

शिक्षाले नै समाजलाई सभ्यता र विकासतर्फ अग्रसर गराउने हुँदा यसको अभावमा मानवअधिकार चेतनाको पनि विकास हुन सक्तैन। कुल जनसंख्याको ८८ प्रतिशत ग्रामीण जनता भएको हाम्रो मुलुकमा रोग, भोक, गरिबी र अशिक्षाका कारण मानवअधिकारप्रति सचेतनता आउन बाधा परिरहेको छ। अझैसम्म पनि ६० प्रतिशत भन्दा बढी नेपाली जनता निरक्षर छन्। त्यसमा पनि महिलाहरूको स्थिति त झनै नाजुक छ। नेपालका ७५ प्रतिशत महिलाहरू निरक्षर नै छन्। कुल जनसंख्याको ३६.१२ प्रतिशत संख्या १६ देखि ४० वर्षसम्मका युवाहरूले ओगटेका छन् भने कुल युवाहरूमध्ये ४०.४ प्रतिशत मात्र साक्षर छन्। शहरी क्षेत्रमा बसोबास गर्ने युवाहरूमध्ये ७० प्रतिशत साक्षर छन् भने ग्रामीण इलाकामा रहेका युवाहरूमध्ये ६०.१ प्रतिशत युवाहरू निरक्षर छन्। यसरी शिक्षा जस्तो महत्वपूर्ण पक्षको नै अभाव भएपछि यो वर्गमा मानवअधिकार जस्तो विषयले उचित स्थान पाउने कुरा अनुमानबाहिरको कुरा हो।

युवाहरूका साथै आम जनतामा मानवअधिकार शिक्षाको विकास गर्न यसलाई पाठ्यक्रममा पनि समावेश गर्नु पर्ने देखिन्छ। युवाहरूको बौद्धिक क्षमता र दायित्व वृद्धि गर्न शिक्षाको आधार मानवअधिकार हुनुपर्दछ भन्ने मान्यताका आधारमा नीति निर्माण गरी समानुपातिक ढंगले देशका सबै क्षेत्रमा कार्यान्वयन गर्नुपर्दछ। त्यसो गर्न सकिएमा पक्कै पनि नयाँ पिँढीका युवा तथा विद्यार्थी वर्ग आफ्नो अधिकारप्रति सचेत एवं अर्काको अधिकारप्रति संवेदनशील हुन सक्नेछन्।

मानवअधिकार विषयलाई पाठ्यक्रममा समावेश गर्नु पर्ने कुरामा मानवअधिकारकर्मी, युवा तथा विद्यार्थीहरू सबैले उत्तिकै जोड दिँदै आएका छन्। यस विषयमा सबैको एउटै भनाई छ - "मानवअधिकार शिक्षालाई पाठ्यक्रममा समावेश गर्नु अत्यन्त समय सान्दर्भिक र आवश्यक छ।"

नेविसंघका बस्नेतका अनुसार राजनीतिक पार्टीहरूको कारणले गर्दा मानवअधिकार शब्दको दुरुपयोग भएको छ। कुनै काम एउटा पार्टीले गऱ्यो भने मानवअधिकारको उल्लंघन ठहर्ने तर त्यही काम अर्को पार्टीले गऱ्यो भने मानवअधिकारअनुरूप भएको ठान्ने प्रवृत्ति पनि देखिएको छ। उहाँ अगाडि भन्नुहुन्छ- "यो मानवअधिकारको अपव्याख्या हो। तसर्थ वास्तविकतालाई सबै सामु पुऱ्याउनका निम्ति यस विषयलाई पाठ्यपुस्तकमा समावेश गर्नु उचित हुन्छ।"

तरूण दलका शेर्पाका अनुसार कुनै पनि देशको आर्थिक, सामाजिक स्थिति, त्यहाँको रहनसहन र संस्कृतिले मानवअधिकारको स्थितिलाई निर्धारण गर्ने भएकाले हाम्रो देशको स्थितिका आधारमा यसको व्याख्या, विश्लेषण गरी सोहीअनुरूपका सीमाहरू तोकिनुपर्दछ। मानवअधिकारको बारेमा युवा वर्गलाई अझ बढी सचेत गराउन विभिन्न अध्ययन, अनुसन्धान, गोष्ठी, तालिम जस्ता कार्यक्रमहरू संचालन गरिनुपर्दछ।

अनेरास्ववियुका कोषाध्यक्ष आचार्यको धारणामा सबैका लागि शिक्षा भन्ने मान्यताका आधारमा कार्यक्रम संचालन गरिनुपर्छ। शिक्षालाई ग्रामीण क्षेत्रको तल्लो तहमा पनि पुऱ्याउनुपर्दछ। प्रौढहरूका लागि प्रौढ कक्षाको व्यवस्था गरिनुपर्दछ। सामाजिक संस्थाहरू शहर बजारमा मात्र केन्द्रित नभएर ग्रामीण जनतालाई प्रशिक्षित गर्नेतर्फ सक्रिय हुनुपर्छ। मानवअधिकार र राजनीतिक आन्दोलन एक अर्काका परिपूरक भएकोले युवाहरूलाई राजनीतिक क्षेत्रमा क्रियाशील बनाउने र त्यो क्षेत्रमा रहेका विकृति विसंगतिको विरूद्धमा संघर्षशील बनाउनेतर्फ ध्यान दिनुपर्दछ। उहाँ अगाडि भन्नुहुन्छ- "प्राथमिक तहदेखि न्न शिक्षामा समेत मानवअधिकारसम्बन्धी एउटा छुट्टै विषय समावेश गर्नु अनिवार्य छ।"

मानवअधिकारकर्मी पहाडीका अनुसार "शिक्षाको आधार शान्ति, सद्भाव र मानवता हुनुपर्दछ। मानवअधिकार र शान्तिको कुरालाई राज्यद्वारा विद्यालयस्तरको नैतिक शिक्षामा समावेश गरेको भनिए तापनि समावेश छैन। यसर्थ पाठ्यक्रममा मानवअधिकार विषयलाई समावेश गर्नका लागि प्रयत्न गर्नुपर्ने बेला आइसकेको छ।


"युवा वर्ग उमेरको हिसाबले पनि विभिन्न विकृति र विसंगतिहरूद्वारा सबैभन्दा बढी प्रभावित हुन सक्ने वर्ग हो। युवाहरूकै बीचमा सबैभन्दा बढी समस्याहरू (जस्तैः एड्स, वेश्यावृत्ति, बेचबिखन, बलात्कार, लागू पदार्थ सेवन आदि) रहेका छन्। उनीहरूलाई सही मार्गमा निर्देशित गर्न हरेक जिम्मेवार निकाय गम्भीर हुनैपर्छ" - प्रयुसंघका अध्यक्ष एवं सांसद चौलागाईं भन्नुहुन्छ। "युवाहरूको हकहितका लागि सम्बन्धित निकायहरूबाट उचित ध्यान नदिइएको वर्तमान परिप्रेक्ष्यमा मानवअधिकार संस्थाहरूले पनि युवाहरूको माझमा नेटवर्क बनाएर कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ। युवाहरूमा मानवअधिकार चेतना जागृत गराउन यस विषयलाई आन्दोलनकै रूपमा अगाडि बढाउनु अपरिहार्य छ" -उहाँले जोड दिनुभयो।

मानवअधिकारको बारेमा देशका हरेक वर्ग र पक्षहरूको पूर्ण सचेतनता विना प्रजातन्त्रको स्थायित्व र विकास सम्भव छैन। देशका भावी कर्णधारका रूपमा रहेका युवा तथा विद्यार्थीहरूलाई यसको बारेमा पूर्ण सचेत, जिम्मेवार र क्रियाशील नबनाउँदासम्म न मानवअधिकार आन्दोलन सही र सक्षम ढंगले अगाडि बढ्न सक्छ, न त भविष्यमा मानवअधिकारको बहालीका लागि उचित खालको वातावरण नै सिर्जना हुन सक्तछ। अत्याधुनिक वैज्ञानिक प्रविधिको प्रयोग तथा थप खोज र अनुसन्धानसहित नयाँ खाले चुनौतीहरूको सामना गर्ने दृढ विश्वासका साथ वर्तमान विश्व एक्काइसौं शताब्दीमा प्रवेश गर्न थालिरहेको अवस्थामा पनि नेपाली युवाहरू गरीबी, अशिक्षा, बेरोजगारी जस्ता समस्याहरूबाट प्रताडित छन्। संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) ले हालै मात्र प्रकाशित गरेको विश्व मानव विकास प्रतिवेदनअनुसार नेपाल १४४ औं स्थानमा रहेको तथ्यबाट पनि यो कुराको पुष्टि हुन्छ।

तसर्थ युवाहरूलाई मानवअधिकारको बारेमा सचेत बनाउँदै राष्ट्र निर्माणको कार्यमा संलग्न बनाउने तर्फ सम्बन्धित सबै निकायहरूबाट पहल गरिनु जरूरी छ। मानवअधिकारका सवालमा आम नेपाली युवाहरू सचेत नरहेको वर्तमान परिप्रेक्ष्यमा शैक्षिक गतिविधिहरूलाई सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्रभावकारी ढंगले कार्यान्वयन गरिनु पर्दछ। यसका लागि युवाहरू स्वयं पनि संगठितरूपमा अगाडि बढ्नु आवश्यक छ। तबमात्र समाज र सभ्यताको हरेक पक्षमा महत्वपूर्ण रहेको मानवअधिकार चेतनाले भविष्यका कर्णधार र आजका जुझारू निर्माणकर्मी युवाहरूमा परिवर्तनकारी भावना सिर्जना गराउने छ। ■

# मानवअधिकार

# ख्वै कहाँ छ ?




संसारका धनी भनाउँदा देशमा बसोबास गर्ने वीस प्रतिशत मानिसहरूले संसारका सम्पूर्ण जनताका लागि सामान्य औषधोपचार गर्न पुग्ने रकम चुरोट र खैनीमा उडाउँछन्, अनि यही विश्वको एउटा कंगाल राष्ट्र सोमालियाका जनता दयाका नाममा हेलिकोप्टरबाट खसालिने खाद्यान्न नामको एक मुठी पीठो हात पार्नका लागि नजिकैको लुत्ते कुकुरसँग पीठो खसालिने क्षेत्रमा भिड्नका लागि तयार हुन्छ। कितापको तस्विरमा देखाइने अस्थिपञ्जरको जिउँदा प्रतिमूर्ति सोमालियावासीहरूका लागि थाहा छैन, अझै कति वर्ष त्यसैगरी बाँच्नुपर्ने विवशता तेर्सिने हो।

पर्यटन तथा सामरिक महत्वको हिमाली क्षेत्र कश्मीर पाकिस्तान र भारतको प्रतिष्ठाको जुधाईमा किचिन बाध्य छ। शान्तिकामी जनताको चाहना र इच्छालाई दबाउँदै उनीहरूको पीडामा ढाडस दिने बाहिरी चेपारो भारतले घसिरहेको छ। नेपाली सैनिकलाई अन्तर्राष्ट्रिय सन्धिविपरीत एउटा मित्रराष्ट्रमा बसेर अर्को मित्रराष्ट्र विरूद्ध लडाइरहेका छन्। उनीहरूका आफन्तजनहरू संचार माध्यममा आफ्नो परिवारजनको दुर्गतिको खबर सुन्न नपरोस् भनेर कामना गरिरहेका छन्। न भारत यो कामना सुनिरहेको छ, न नेपालले नै उनीहरूको बर्बराहट कम गर्ने प्रयास गरिरहेको छ। बरू कलाकार र खेलाडीहरूको दस्ता यो विभत्सतालाई चलचित्रमा उतारेर राष्ट्रवादको नाममा निर्दोष नागरिकहरूको पनि रगत तताउने सुरमा तल्लीन भएका छन्। अहिले भारत सडकमा जन्मेर सडकमै मर्ने आफ्ना करोडौं जनताको भन्दा पाकिस्तान र चीनलाई तर्साउन सक्ने हतियारको निर्माणमा बढी चिन्तित बनेको छ। युगोस्लाभिया विगत केही समयअधिदेखि नेटो गुटको आक्रमणमा परेर थल्थलिएको छ। अमेरिका र अन्य केही देशका नयाँ हतियारको प्रयोगशाला बन्दै गरेको युगोस्लाभिया यतिखेर लासका कारण दन्दनी गनाउने भइरहेको छ तर नेटो र यसका समर्थकहरूलाई यसको गन्ध अत्तरमा रूपान्तरित भइरहेको आभाष मिलिरहेको छ। कोसोभोका अल्वेनियांयी र सर्वियन जनता निर्विघ्न मारिइरहेका छन्, ६ लाख मानिस कोसोभो छाडेर जान बाध्य पारिएका छन् र तिनीहरूमाथि समेत नेटो नामक दानवले निर्भयतापूर्वक आक्रमण गरिरहेको छ। त्यहाँका जनतालाई त्यहाँको सम्पूर्ण अधिकार हुनुपर्छ र छ पनि, तर आक्रमण र दबाबले जवर्जस्ती भित्र्याउन खोजिएको नेटो शासन कसैले बुझ्न सकिरहेको छैन।

भूटानी सरकार केही वर्षदेखि नेपाली मूलका प्रजातन्त्रप्रेमी जनतालाई पाखा लगाएर सन्तोषको क्षणिक सास फेरिरहेको अनुभूत गरिरहेको छ। भाग्न बाध्य परिवारका आफन्तसमेतलाई पीडा दिइरहेको छ। यो पंक्तिको नेतृत्व गरेको आरोपमा नेता टेकनाथ रिजाललाई बन्दी बनाइ राखिएको छ। हजारौं जनताको आस्थामाथि सरकारले खेलवाड गरिरहेको छ र विविध नाटक रचेर उसले देशभित्र कुनै समस्या नभएको अभिनय गरी अरूलाई मूर्ख बनाउने असफल प्रयास निरन्तररूपमा गरिरहेको छ। पश्चिमा राष्ट्र र विशेषगरी छिमेकी भारतको कठपुतली भूटानले यिनीहरूकै आडमा आफ्नै देशका जनतामाथि सौतेनी व्यवहार गरिरहेको छ।

सन् १९९० मा प्रजातान्त्रिक चुनाव व्यवस्थाबाट निर्वाचित आङ सान सुकीको दललाई सरकार संचालनको जिम्मेवारीबाट पन्छाएर बर्माले प्रसिद्ध नेतृ सुकीलाई समेत आफ्नो कब्जामा लिएको छ। त्यहाँ हुने गरेका

सयौं सभा, सम्मेलन र कार्यक्रमहरूले अनुमति पाइरहेका छैनन् र निर्वाचित पदाधिकारीसमेतको सुरक्षाको कुनै प्रत्याभूति छैन। सैनिक शासनले ग्रस्त बर्मा यतिखेर विश्व आवाजको कमीका कारण पनि भूटान जस्तै थिचोमिचोमा पिल्सिन बाध्य छ। अर्थात् उनीहरूको रोदनमा साथ दिने कोही देखिएका छैनन्।

मुस्लिम जनताको हित रक्षार्थ जे पनि गर्न तयार पाकिस्तानमा बेला बेलामा भड्किने गरेका हिन्दू-मुस्लिम भीडन्त र त्यसमा बढी मारमा पर्ने हिन्दूहरूका बारेमा सरकारसमेत पूर्वाग्रही हुनुले पाकिस्तान मानसिक रोगीको पंक्तिमा दर्ता हुन पुगेको छ। अर्कोतर्फ आफ्ना सम्पूर्ण समस्या थाँती राखेर तथा गरीब जनताको बेवास्ता गरेर युद्धतर्फ बढी मोहित हुन पुग्नु र बम तथा बन्दूकप्रति अगाध आस्था समेटेर राजनीतिक अभिष्ट मात्र पूरा गर्न खोज्नुले पनि पाकिस्तानी तस्विर शान्तिको नक्शामा धुमिल हुनबाट जोगिन सकेको छैन।

लिट्टेहरूलाई बेपर्वाह मार्नु तथा वर्षौंदेखिको यो समस्यालाई राजनीतिकरूपबाट हल गर्न नसक्नुले श्रीलंका विश्व आलोचनाबाट मुक्त हुन सकेको छैन। त्यहाँ मारिनेको संख्या ६० हजारको संख्यामा नाघिसकेको छ र कसैको उक्साहटमा लागेका तमिलहरूको भविष्यबारेमा नसोचिनु सरकारी कमजोरीका रूपमा लिइएको छ। यसरी वर्षौंदेखि तनावग्रस्त श्रीलंका विनाश र क्षतिको चपेटामा निरन्तर लपेटिँदै आएको छ।

सुहार्तोले ३२ वर्षसम्म एकछत्ररूपमा रजाइँ गरेको इन्डोनेसियाको बागडोर उनको हातबाट फुत्के पनि त्यहाँका जनताको अधिकार सुरक्षित हुन सकेको छैन। चर्चित नेता जनानालाई राजनीतिक आस्थाकै कारण बन्दी बनाइएको छ भने राष्ट्रपति हबिबीको प्रशासनले अन्य अवस्थालाई पनि चिन्ताजनक स्थितिबाट बाहिर निकाल्न सकेको छैन।

सन् १९९२ को सेप्टेम्बर १२ मा नेता गोन्जालोसहितका नेताहरू पक्राउ परेदेखि नै समस्या समाधानको उपाय खोज्दै आएको साइनिङ पाथलाई पेरूको फुजिमोरी सरकारले भुसुनासरी नगन्नाले त्यहाँ सयौंको ज्यान गइरहेको छ भने सयौं हिंसात्मक कारबाहीहरूमा धेरै पीडित भइरहेका छन्। जापानी मूलका राष्ट्रपति अल्बर्टो फुजिमोरी बाहिरी आशीर्वादका कारण यतिविध्न निर्दयी बनेका छन् कि उनले साइनिङ पाथले गरेको वार्ताको प्रस्तावसमेत लत्याइदिएका छन्। अन्यत्र सरकारले त्यस्ता विपक्षी समूहसँग वार्ताको पहल गर्छ तर पेरूमा विपक्षीले गरेको पहललाई पनि अपहेलना गरिनुले त्यहाँको सत्तालाई लागेको मातको आंकलन सोझै गर्न सकिन्छ। यसले सरकारलाई त केही फरक नपर्ला तर जनता भने सधैं त्रासबीच बाँचिरहनुपर्ने अवस्थाको दोष फुजिमोरी सरकारले लिने कि नलिने ?

अर्काको धनको भण्डार देखेर लोभित इराकले कुवेतमाथि धावा बोलेपछि कुवेत र इराक एकै पटक क्षति र त्रासको भुमरीमा फस्न पुगे। इराकले एउटा स्वतन्त्र राष्ट्रमाथि गिद्धेदृष्टि लगाएर महापाप गऱ्यो भने त्यसलाई आफ्नो स्वार्थअनुकूल प्रयोग गर्न आतुर अमेरिकाले निर्दोष इराकी जनताको जीउज्यानसमेत भनेन। दिन-रात आकाशमा देखिँदै राक्षसी अनुहारका विमानहरूले खसालेका बम र विषालु पदार्थहरूले इराकी जनताको होसहवासै उडायो भने छिमेकीहरूको समेत निद्रा हराम गरायो। यही मौका छोपेर इराकविरूद्ध अमेरिकाले उचालेका कुर्दहरूले छुट्टै राज्यका नाममा आन्दोलन चर्काएपछि इराकले उनीहरूविरूद्ध संहारकारी भूमिका छेड्यो। कुर्दहरूको दुस्वपन र अमेरिकी स्वार्थ एकै पटक पराजित भए भने त्यो रिस अमेरिकाले इराकी जनतामाथि पोख्यो। यो क्रम जारी छ।

उपराष्ट्रपति मरिया अर्गानाको हत्या गराएर आफ्नो स्वार्थ पूर्ति गर्न खोज्ने पाराग्वेका राष्ट्रपति राडल लिनोओभिएकोविरूद्ध त्यहाँका जनताले चलाएको विरोध अभियानमा उल्टै राडलले भयंकर दमन गरे। सत्ता र शक्तिको दुरूपयोगको यो एउटा नमूना नै थियो। ताकि राष्ट्रपति देशै छाडेर भाग्न किन नपरोस्।

इरान, इराक र टर्कीका पहाडी स्थानमा बसोबास गर्ने मुसलमानहरू जसलाई कुर्द भनिन्छ, यिनीहरू वर्षौंदेखि अमेरिकी उक्साहटमा लागेर छुट्टै कुर्दिस्थानको माग गर्दै आएका छन् भने यिनीहरूलाई यी देशका सत्ताधारीहरूले सधैं सताउँदै आएका छन्। अहिलेसम्म दशौं लाख कुर्दहरू भाग्न बाध्य भएका छन् भने इराकले सयौं कुर्दहरूलाई मारिसकेको छ। यिनीहरूप्रतिको गिद्धेदृष्टिमा कुनै परिवर्तन आएको छैन तर पनि उक्साहट भने जारी छ।

चीन जहिले पनि मानव अधिकार उल्लंघको आरोपमा अगाडि तेर्सिने गरेको छ। तियानमेन चोक होस् वा चौथो विश्व महिला सम्मेलनको आयोजनाको अवसरमा होस्, चीन यो सवालबाट पन्छिन सकेको छैन। दलाई लामाको सवालमा र तिब्बतलाई हेर्ने सवालमा होस् कि हंगकंग र ताइवानको सवालमा होस्, चीन सधैं नै चर्चाको शिखरमा रहने गरेको छ। करिब सवा अरबको जनसंख्याको लोडलाई थामेर बस्न विवश चीन तीव्र औद्योगिकीकरण र सँगै बढेको आवश्यकताको समाधानका क्रममा बारम्बार अशान्ति र अपराधहरूको डंगुरमा फस्ने गरेको पाइएको छ।

नेपाल, जहाँ राजनीतिक आस्था वा छुट्टै विचार राखेका आधारमा दिउसै मान्छे मारिने, पक्रेर मारिने, बेपत्ता पारिने जस्ता घटना दिन प्रतिदिन बढ्दैछ। शक्ति र पहुँचका अगाडि नियम र कानून फितला भएका छन् भने सबैभन्दा ठूलो शासक फोन भएको छ। अदालत र देशका सर्वोच्च निकायहरू विवादास्पद बन्दै गएका छन् भने सरकार स्वयं भ्रष्टाचारको सूत्राधार बनेर देखा परिरहेको छ। देशको सम्पूर्ण बजेटको १९.५८ प्रतिशत रकम मात्र २ करोड जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने विकास निर्माणका काममा खर्च गरिने गरी बजेट निर्माण गरिन्छ । त्यसमा पनि आधा भन्दा बढी भ्रष्टाचारमै सकिने गरेको उदाहरण सबै नेपालीका आँखासामु खुला कितापझैं प्रष्ट छन्।

यी त भए मानव अधिकारका वर्तमान केही खस्रा मसिना कुरा। अब लागौं अमेरिकातर्फ। अमेरिका, विश्वको त्यस्तो एक मात्र शक्तिशाली राष्ट्र, जसले जहाँ जे चाह्यो त्यही हुने गर्छ । पनामाका जनरल नोरिएगालाई रातारात ट्यांकर र बमवर्षकहरूको बलमा टपक्क टिपेर अर्को कठपुतलीलाई शासन सत्ता सुम्पेको इतिहास हामीसँग ताजै छ। र, अन्य विविध विषयमा विश्वभरकै चिन्ता भएजस्तै मानव अधिकारको सबैभन्दा बढी चिन्ता पनि अहिले अमेरिकालाई नै भएको देखिएको छ। चाहे चीनमा होस् वा भारतमा, पाकिस्तानमा होस् वा नेपालमा, उसले भनेजस्तो भएन कि अमेरिकाले त्यहाँ मानव अधिकारको संकट देख्छ र फलाक्न थाल्छ। त्यसैले अमेरिकाको मानव अधिकारप्रतिको धारणा र व्यवहार स्पष्ट नपारे यो लेखले पूर्णता शायदै पाउला।

अहिंसात्मक प्रदर्शनहरूमा प्रायः कुनै पनि प्रजातान्त्रिक देशले हस्तक्षेप गर्दैन। तर अमेरिकीहरू यस्तो प्रदर्शन खासै रूचाउँदैनन्।

उदाहरणका लागि सन् १९९४ मा सनफ्रान्सिस्कोमा बम होइन भोजन भन्ने नाराका साथ गरिएको प्रदर्शनमा सरकारले हस्तक्षेप गरेर आफ्नो बहादुरी देखायो। बन्दीहरूका सवालमा अमेरिका ज्यादै कठोर देखिएको छ। एमनेष्टी इन्टरनेशनलको एक प्रतिवेदनअनुसार यहाँका बन्दीहरूलाई खानतलासीका नाममा नंग्याउने गरिन्छ र कर्मचारीहरू उनीहरूको गुप्तांगहरू हेरेर आनन्द लिने गर्छन्। पीरो खुर्सानी दलिदिएका कारण ६० भन्दा बढी व्यक्तिको हिरासतमै हत्या भइसकेको छ र अमेरिकामा शरण खोज्नेलाई समेत खतरनाक बन्दीसँगै राख्ने गरिन्छ।

संसारभर घृणित हुँदै गएको मृत्युदण्ड अमेरिकामा भने फैलाउँदै गएको पाइएको छ। उक्त प्रतिवेदनका अनुसार सन् १९९० यता ३५० भन्दा बढी बन्दीको हत्या भइसकेको छ र ३ हजार ३ सय जना मृत्युदण्ड पर्खेर बसेका छन्। यो संख्यामा मानसिक सन्तुलन ठीक नभएकादेखि नाबालकसमेत रहेका छन्। विद्युतीय झट्का एकदम नराम्रो र साह्रै अमानवीय यातना मानिन्छ तर अमेरिकामा यो प्रख्यात् छ। त्यतिमात्रै होइन, अमेरिका यस्तो स्टन बेल्ट आफू त प्रयोग गर्छ, गर्छ, इण्डोनेसिया, अर्जेन्टिना, साउदी अरेबिया जस्ता देशमा पनि निर्यात गरेर रकम कुम्ल्याउँछ र उनीहरूलाई यसको प्रयोगका लागि उक्साउँछ पनि।

सुन्दै मात्र पनि उदेक लाग्न सक्छ, बन्दीहरूलाई एउटै सिक्रीले बाँधेर धेरै जनालाई राखिन्छ, हलचल गर्न नसक्ने गरी बाँधेर राखिन्छ, जातीय र वर्गीय भेदभावका आधारमा सजाय निर्णय गरिन्छ। इण्डियानाको वेष्टभिल्लामा अवस्थित अति नियन्त्रित कक्षमा रहेका बन्दीहरूले एक अर्काको मुख देख्नसमेत पाउँदैनन् किनकि उनीहरूलाई झ्यालसमेत नभएको, एउटा कोठामा बोलेको अर्को कोठामा नसुनिने गरी बनाइएको, साह्रै एकान्त स्थानमा राखिन्छ, जहाँ उनीहरूले अहिले कति बज्यो भन्नेसमेत जान्न पाउँदैनन्। अनौठो लाग्न सक्छ, तर यो प्रजातन्त्रको मसिहा ठानिने स्वघोषित मानव अधिकारको ठेकेदार अमेरिकाभित्रको कुरा हो, वास्तविकता हो।

सन् १९९५ को वर्ष, एक जनालाई दुई हप्तासम्म फलामको जंजीरले खुट्टामा नेल ठोकेर कालकोठरीमा राखियो, परिणाम- २० ठाउँमा घाउ, अल्सर। लसएन्जलसको एक जेलमा ८ दिन ओछ्यानमै बाँधेर एक बन्दीलाई लडाएको लडाई गरियो, उसको दाहिने गोडा नै काम नलाग्ने भएर काट्नुपर्‍यो। कुन गर्भवती, को बहुला, को सद्दे, केही ठेगान छैन, सबैलाई एकै ठाउँमा राखिन्छ, कुनै मापदण्डविना जे मन लाग्यो, त्यही गरिन्छ- यस्तै भन्छ एमनेष्टीको प्रतिवेदन।

१८ वर्ष भन्दा कम उमेरका नागरिकलाई मृत्युदण्ड दिन पाइन्न तर अमेरिकालाई यसको कुनै मतलब छैन। चीन र भियतनाम, अनि क्यूबा र रूसमा गरिने त्यही व्यवहार निहुँ खोज्ने गतिलो बाटो हुने अमेरिकालाई आफ्नो देशको त्यही घटना भने सामान्य लाग्ने गर्छ किनकि ऊ मानव अधिकारको निरंकुश ठेकेदार हो र उसले जे गर्छ, ठीक गर्छ। यही भ्रमका बीच बाँचेको अमेरिका संसारमा त्यस्तो दोस्रो राष्ट्र हो जसले सोमालियासँगै मिलेर बालअधिकार महासन्धिमा हस्ताक्षर गरेको छैन। त्यही अमेरिका हो, जसले मानसिक अपांगहरूलाई समेत हत्या गर्ने गरेका प्रशस्त उदाहरण छन्। र, त्यही अमेरिका हो, जसले महिलाविरूद्धका भेदभाव उन्मूलन गर्ने महासन्धि, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि, अमेरिकी मानव अधिकार महासन्धिलगायत्का थुप्रै सन्धि, महासन्धिहरूमा हस्ताक्षर, अनुमोदन गरेको छैन।

सबैलाई सधैं प्रशिक्षार्थी र आफू सधैं प्रशिक्षक मात्र ठान्ने अमेरिकाले थुप्रै महत्वपूर्ण सन्धि अभिसन्धिप्रति बेवास्ता दर्शाएको छ एकातिर भने अर्कोतिर अनुमोदन, हस्ताक्षर गरिएका यस्ता सन्धिहरूमाथि पनि धोती लगाइदिएको छ। यस्ता नियमहरू सर्वमान्य र आफ्नो देशका कानूनभन्दा माथि हुनेगरी बनाइनुपर्नेमा अमेरिकाले यस्ता नियमले आफूलाई अप्ठेरो पर्ने देखेको खण्डमा आफ्नो आन्तरिक कानूनलाई मान्यता दिने गरेको छ तर विडम्बना विश्वका ठूला मंचहरूमा गएर अमेरिका अरूलाई मानव अधिकारको पाठ घोकाउने गर्छ र आफ्नो अनुकूल नभएका वा नचलेमा विश्व बैंक, मुद्रा कोष जस्ता निकायहरूलाई प्रयोग गरी सहायता रोक्ने गर्छ। यसरी दोहोरो मापदण्डका आधारमा चल्ने अमेरिकी नीतिले विश्वका धेरै देश पीडित भएका छन्। कुकुर र कालालाई प्रवेश निषेध भन्ने बोर्डहरू टाँगिएका विशाल ढोकाहरूभित्र बनेका कयौं मानव अधिकारसम्बन्धी दस्तावेजहरू अहिले विश्वका विभिन्न देशमा चलनचल्तीमा रहेका छन्, र, हामी आशा गरिरहेका छौं- यिनीहरूले हाम्रै भलो गरिरहेका छन्।

संयुक्त राष्ट्र संघ भन्ने एउटा विश्व संस्था पनि यही विश्वमा विद्यमान छ। यसले सबै सदस्य राष्ट्रहरूलाई अभिभावकत्व प्रदान गर्ने आशा लिइएको थियो। यसले गर्ने समान व्यवहारप्रति कसैले शंका व्यक्त गर्नु नपर्ने विश्वास लिइएको थियो। तर विडम्वना भन्नुपर्छ, यो यही अमेरिकाको रिमोट कन्ट्रोलमा नाच्ने गर्छ र देखावटीरूपमा मात्र स्वायत्त छ। विश्वको ८० प्रतिशत संसाधनमाथि २० प्रतिशत पहुँचवालाको राज छ र सबभन्दा गरीब २० प्रतिशत जनताले मात्र १.४ प्रतिशत मात्र विश्व आम्दानी उपयोग गर्न पाउँछन्, त्यसैगरी विकासोन्मुख देशमा बसोबास गर्ने ६० प्रतिशत जनताले ६ प्रतिशतमात्र विश्व आम्दानी उपयोग गर्न पाउँछन्, यो तथ्यांक यही संघअन्तर्गतको युएनडीपीले निकालेको हो- सन् १९९२ मा। तर यो तथ्यांक आज ७ वर्ष बितिसक्दा पनि जस्ताको तस्तै छ, अर्थात् गरीब र विकासोन्मुख मुलुकका जनताको हितमा प्रगति हुन सकेको छैन। अर्को कुरा मानव अधिकारको उल्लंघनमा सबभन्दा सहायक मानिएको वस्तु हो- हातहतियार। विश्वमा अशान्ति गराउने नै शस्त्रास्त्र हो। अमेरिकाले मानव अधिकार र अन्य शान्ति स्थापनाको नाममा सन् १९८९ देखि १९९६ भित्रमा १ खरब १७ अरब डलर बराबरको हतियार बेचेको थियो, जुन सम्पूर्ण हतियार बिक्रीको ४५ प्रतिशत थियो। अब एउटा प्रश्न, के हतियारको बढ्दो प्रयोगले हिंसा र मानव अधिकार उल्लंघन रोकिन सहयोग पुर्‍याउँछ ? दुनियालाई मूर्ख बनाउने अमेरिकीहरूले यसको उत्तर दिनुपर्छ।

के मानव अधिकार भनेको जुलुस निकाल्नु, प्लेकार्ड बोक्नु र किताबका ठेली निकाल्नु मात्र हो ?, शान्तिसँग बाँच्न पाउनु, हस्तक्षेपविनाको जिन्दगी जिउन पाउनु, दबाबको जंजालमा फस्न नपर्नु, हरेक कुरामा स्वनिर्णयको अधिकार प्राप्त हुनु र आफ्नो प्रगतिका खातिर लाग्न पाउनु मानव अधिकारको मुख्य दायराभित्र पर्दैन ? पर्छ यदि भने कहाँ छ त मानव अधिकार यो विश्वमा ? यसको प्राप्तिका लागि हाम्रो जिम्मेवारी छैन ?

■



# भूईंचालो

– कमला पराजुली



झलमल्ल लागका घाम जस्तै बेलमतीको खुशीयालीमा असिना र हुण्डरी ओइरियो। बिचरी......बेलमति। के थाहा उसलाई आफ्नै छानो बनेको संरक्षकको मति भ्रष्ट हुन्छ भनेर । बाल्यकाल देखिनै पौषको कठ्याङग्रिने ठण्डी नभनी, असारको मुसलधारे बर्षाद नभनी त्यसैघरको सेरोफेरोमा कमलरी बनेर दश बर्ष बिताइसकी। बेलमती ४ वर्षको हुँदा उसको बाबु सेमनाको मृत्यु भयो। मालिकको कर्जा चुकाउन आफ्नो परिवारनै कमैया बनाएको सोमनाको बाबु पनि ३० वर्ष अगाडि त्यसैघरमा मरेका थिए। बाजेको पाली देखेको ५ बोरा धान र ५००-रूपैयाँ सोमनाले पनि चुकाउन सकेन । असार श्रावणको खेती उठाउन हलो जोत्दा फालीले खुट्टो काटेको सोमना मंसिर सम्म थला पऱ्यो, आखिर टीटानसले कुहिएर खुट्टो पाक्यो र टीटानसले नै अह्रिएर सोमनाको मृत्यु भयो।

सोमनाकी जहान हर्नी आठ महिनाकी गर्भवती थिई। लोग्नेको लास उठाउदा ५ बोरा धान र ५०० रूपैयाँ तिर्ने जिम्मा अब हर्नीलाई आयो। मालिकको घरको सबै काम गरेर हर्नी खेतमा समेत काम गर्थी तर हिउँद महिना र खेतीको कम कामले माघको जाडोमा हर्नीले घर बाहिरको का गर्नु परेन। सानी छोरी बेलमती आमाको अगाडी पछाडि दगुर्दै जान्थी, मालिकले मायानै गरेथ्यो। भरखरैं मासी सकिएर हप्ता दिन बित्दैं थियो हर्नीको मालिक्नी भाईको विवाहमा माईती गईन। हर्नीको बुढो मालिक ७० वर्ष काटिसकेका छन्। ओछ्यानमा तमाखु पुऱ्याईदिनु पर्छ । मालिकका छोरा-छोरीहरू शहरकै घरमा बसेर पढ्छन्। गाउँको काममा हर्नीका मालिक-मालिक्नी बुढो मालीक र उसकै आमा छोरी छन्।

वर परका साना झुप्राघरहरूमा माझ हर्नीको मालिक सुकदेव सिंहको घर निक्कै ठूलो छ। दुईवटा त जंगी-जंगी टोक्ने कुकुरहरु छन्। त्यसघरको अन्तरलाई चिहाउन पनि कसैले आँट गर्दैन। सुकदेव सिंहको साथमा एउटा भरूवा वन्दुक कहिल्यै टुट्दैन। बाजेको पालादेखि सुरक्षाको लागि प्रशासनले दिएको छ त्यो बन्दुक।

साँझको खान-पिन सकेर हर्नीले बुढो मालिकलाई ओछ्यानमा तमाखु पुऱ्याई । दिउसै देखि हर्नीको मालिक सुकदेव सिंहले सानी छोरी बेलमतीलाई खुबै माया गर्दैछ। दिउसो बेलौरीको हटीया जाँदा सुकदेव सिंहले बेलमतीलाई पेडा ल्याईदियो। मालिकले आफ्नी टुहुरी छोरीलाई माया गरेर संगै डोऱ्याएको देख्दा २८-३० वर्षकी विधुवा हर्नी खुशीले आत्म विभोर हुन्छे। आफ्नो लोग्ने मरेको भर्खर एक महिना पनि नबित्दै आफ्नो कष्टकर गर्भवती अवस्थाको अप्ठ्यारो क्षण तरै पनि आफ्नो मालिकबाट पाएको मायालाई हर्नीले भगवानको दया सम्झी। बेलुकी पनि खाना खाने बितिकै हर्नीको मालिकले आफ्नी छोरी बेलमतीलाई लिएर सुत्ने कोठा तर्फ लाग्यो। साँझको धन्दा सकेर, घाँस-पराल हाली सकेर राती नौ बजेतिर आफ्नो असजिलो शरिरलाई केही आराम दिलाउँदै हर्नी अगेनामा आगो ताप्न थाली। हर्नी......। हर्नी.....। के गर्दैछ? धन्दा काम सकियो? मालिकको आवाजले झसङ्ग झसकदा हर्नीको खुशीको तरंग पनि भत्कियो। हर्नी आत्तिदै मालिकको ढोकाछेउ पुग्छे। साडीको छेउले टाउको छोप्दै निहुँरेर हर्नी"मालिकके सर्जी भयो। म आए" भन्दै उभिन्छे। "तेरी छोरी धेरै राम्री छ हर्नी, धेरै राम्री छ, तेरो भाग्य धेरै राम्रो थियो तर के गर्ने तेरो लोग्ने सोमनाको भाग्यले गर्दा तँ पनि यस्ती भईस" पलङ्गबाट भुईमा खुट्टा झारेर बसेको मालिकको मुखबाट यस्तो कुरा सुन्दा हर्नी अझ अन्योलमा पर्छे।

लामो ओभरकोट र पाईजामा लगाएर दुबै कान छोपिने गरी टोपी लगाएको झण्डै ४२-४५ वर्ष जस्तो उमेरको मोटो घाटो शरिर र मोटा कैला जुँगा भएको आफ्ना मालिकको रूपाकृति र हेराई अनि भनाईले हर्नीको मनभित्र चीसो पस्छ। एकोहोरो टुलु टुलु हेरिरहेको हर्नीलाई संकेत गर्दै "हर्नी .....आऊ हर्नी आऊ अब तिम्रो भाग्यमा घाम लाग्ने छ" भन्दै मालिक पलङ्गबाट जुरूक्क उठेर च्याप्प हर्नीको पाँखुरा समाउछ। आत्तिएर कराउँदै "मालिक मलाई छाड्दिनुहोस् मालिक मलाईछाड्दिनुहोस् भन्दै कहालिदै रूँदै दौडेकी हर्नीलाई मालिकले समात्छ। अन्ततः काम वासनाले ब्याकुल भएको त्यो उन्मत ब्वाँसो हर्नीको नौं महिना नाँघेको गर्भ समेत नभनी यौनतृष्णा मेटाएरै छाड्छ।

माघको चीसो सीरेटो र औसींको कालो रातको सन्नाटामा हर्नीको सतित्वको संरक्षण गर्ने र हर्नीलाई दया गर्ने भगवान् आएनन्। घण्टौ सम्म मालिकको टोकाई, चिथोराई र निचोराईमा विक्षिप्त भएर बेहोस भएकी हर्नी होसमा आँउदा उसको लुगा सबै च्यातिएको थियो। उसको पेट, स्तन र अनुहारहरूमा

दाँतले टोकेका र नङ्गले चिथोरेका खतहरू मात्र थिए। उसको सम्पूर्ण शरिर खुकुरीले हिर्काएको अनाचो जस्तै रगतपच्छे र थिलथिलो थियो। रूवाईको आवाज बन्द भै सकेको थियो, आँखामा आँसु थिएन।

कुखुरी काँ संगै खेतमा काम गर्ने कामदारहरू र भैसवाहरू सडक र खेतमा निस्कन थाले। बिहान ५ बजेको थियो अध्यारो हराइसकेको थिएन। नजिकैको पिपल चौतारी हुँदै भैसी चराउन गएको जग्लेले चौतारीमा केही झुण्डीएको देख्यो। रिमरिम अध्याँरो-उज्यालो र कुहिरोले ठम्याउन नसकेर ऊ भैसीबाट ओर्लियो र छेवैमा गएर हेऱ्यौ, वर्षौदेखि सुकदेब सिहंको घरमा काम गर्ने बुऋही हर्नीलाई जुग्लेले चिनी हाल्यो । आतिएर कहालिदै काकी...... हर्नी काकी भन्दै डोरी छिनाउँदा हर्नीको मृत्युको रहस्य खुलेन । साँझपख हर्नीको लास उठाउन प्रहरीहरू समेतको टोली आयो। सर्जमीन भयो । हर्नीले आत्महत्या नै गरेकी हो, उसको लोग्नेले तीर्न नसकेको ५ बोरा धान र ५ सय रूपैयां तिर्ना गाह्रोले। सयौं मानिसहरूका माझ सुकदेब सिहंले बयान दिइरहँदा सुकदेब सिहँका बृद्ध बाबु छेउमा आँखाबाट खसेका आँसुका ढिक्का पुछेर ओठ टोकी रहेका थिए ।

बेलमतीको स्मृतिमा कता-कता पिपल चौतारीको त्यो घटना र क्षण आईरहन्छ, अनि मालिक-मालिक भन्दै चिच्याएकी आमा र आफ्नी आमालाई पछारेर घोप्टीएको त्यो मालिकको घृणित आकृतिको झझल्को आईरहन्छ तर पनि टुहुरी बेलमती विस्तारै-विस्तारै त्यसै घरकी कमलरी बनेर काम गर्न थाली । सात बर्षको छँदाखेरी घर-धन्दा, जुठोभाँडो, गोबर सोहोर्ने, बाख्रा हेर्ने सबै गर्थी। कहिलेकाही सहरबाट आएका मालिकका छोरा-छोरीले राम्रा लुगा फाटाहरू पनि ल्याई दिन्थे। मालिकका ३ भाई छोरा र दुईवटी छोरी सबै सहरमै बस्थे त्यसैले पनि मालिक्नी बेलमतीलाई नोकर्नी भए पनि आफ्नै छोरी जस्तै माया गर्थिन् "बेलमती छोरी त साह्रै भाग्यमानी छस्, मलाई तेरो साह्रै माया लाग्छ, के गर्नु तेरी आमा हर्नीले ठूलो पाप गरी, यस्ती छोरी छाडेर त्यसले किन मर्नुपर्थ्यो? आँखिर त्यो पाँचबोरा धान र पाँच सय रूपैया त म माफी गराइदिइहाल्थीनी, म माईत गएकै बेला त्यसले मर्नु पर्ने, फीकर नगर बेलमती मनै तेरो आमा भएँ। म तेरो बिहे दान गराई दिन्छु।" मालिक्नीको कुरा सुनीरहन्छे बेलमती तर केही जबाफ फर्काउदिन। अब बेलमतीले १४ वर्ष पनि पार गरी सकी, उ सबै कुरा बुझ्छे । हेर्दा पनि सलक्क परेकी राम्री छ। उ चौधरीकी छोरी भएर पनि त्यस्ती देखिन्न। मालिककी छोरीका पुराना लुगा लगाउदा उ पनि मालिक्कै छोरी जस्तै देखिन्छे। मालिककै छोरीले सिकाएर बेलमतीले अक्षेर लेख्न र चिठ्ठी पढ्न जसो-तसो जानेकी छ। उ रिसाउदिन, अनि धेर हार्सदिन पनि, लुरू-लुरू काम गरी रहन्छे।

तल्लो गाँको जुग्ले सानैमा आमा मरेर बाबुका काँखमा हुर्केर भैसवार भएको अबत २०-२१ वर्षको भैसक्यो। हलो जोत्ने घर छाउने सबै काममा जुग्ले अगाडी छ, हेर्दा पनि फूर्ति फार्ती सर्ट पेन्ट लगाउदा त कतै सहरको जागिरे पो हो की ? जस्तो देखिने र हसिलो फरासिलो पनले जुग्लेलाई गाँउमा सबैले मन पराउँछन्। जुग्ले सानै देखि बेलमतीलाई माया गर्थ्यो घाँस काट्न जाँदा, सघाई दिन्थ्यो र हरेक कुरामा साथ दिन्थ्यो। जुग्ले र बेलमती दुबै अब बुझ्ने भैसके। दुबैले एक अर्कालाई मन पराउँछन् र चाँहन्छन् भन्ने गाँउका धेरैलाई थाहा भयो। यो हल्ला बेलमतीको मालिक्नी सीतादेवीका कानमा पनि पुग्यो। एक दिन बेलुकीको सबै काम धन्दा सकेर अँगेनाको डीलमा बेलमती बसीरहेकी थिई। मालिकको कान्छो छोरो शैलेस र कान्छी छोरी सरीता पनि दशैंमा घर आएर फर्कीएका थिएनन् । सबै जना वरी परि बसी रहेका थिए। मालिकको छोरो २२-२४ बर्षको थियो। छोरी २० वर्ष जतीको। उनीहरू पनि बेलमतीलाई खुबै माया गर्थे आफ्नै बहिनी झै । मालिक्नीले विस्तारै भनिन् "बेलमती...... म त के-के सुन्दैछु गाँउमा के साच्चै हो?" बेलमती चुप चाप घोप्टी रहन्छे। "आमा... के कुरा?" शैलेसले प्रश्न गर्छ। "हो बेलमती अब तिमीहरू बिहे गर्छौ त ?, ठिकै छ त गर्छौ भने म यही मंसिरमा गराई दिन्छुनीत, के भयो त जुग्ले पनि असल केटो छ, तँ पनि असल छस्, राम्ररी गरी खान सकी हाल्छौ, म मालिकलाई भनेर एक कठ्ठा जमीन मिलाई दिन्छु त्यही घर बनाउनु बस्नु।" मालिक्नीको कुराले बेलमतीको खुशीको सीमा हुँदैन तर लाजले बेलमती निहुरीरहन्छे। "के भनेको आमा तपाईले बेलमतीको बिहे गर्ने बेला भएको छैन, अहिले यसको बिहे हुँदैन।" मालिकको छोरो शैलेसको आकस्मिक भनाईले बेलमती अन्योलमा परेर मालिक्नीको मुखमा हेरी रहन्छे। "फिकर नगर बेलमती यसको कुरा सुनेर हुन्छ र ?" मालिक्नीको आश्वासनले बेलमती ढुक्क हुन्छे। सबै सुत्न ओछ्यान तर्फ लाग्छन् ।

ओछ्यानमा गएर पल्टदा पनि जुग्लेको सम्झनामा तल्लिन भएकी बेलमती चाँडै जोडिन लागेको बैवाहिक सम्बन्ध विवाह पश्चातको क्षण र जुग्लेको न्यानो र आत्मीय मायालाई सम्झेर निधाएकी छैन। ओछ्यानमा पल्टेर जुग्लेको कल्पना गर्दा बेलमतीले पाएको आनन्द सायद विवाह भएर पनि उसले पाउन सक्दिन। बेलमतीको जीवनको ज्योती, देवता र परमेश्वर नै जुग्ले बनेको छ। ओछ्यानमा पल्टेर आनन्दमा रमाईरहदा मध्य रात भएको बेलमतीलाई थाहै छैन। एक्कासी ढप्काएको ढोका घ्याक्क गर्छ, अध्यारोमा कसैले बेलमतीलाई थिची सकेको छ। को हो?..के हो ? भन्दा भन्दै बेलमतीको मुखमा शरीरमा लगाएको कुर्ता र सुरूवाल धर-धरी च्यातिन्छ, उसले हात-खुट्टा चलाउन सक्दिन, एउटा बलियो खम्बा जस्तै शरिरले थिचेको छ, उसका सबै अंगहरू क्षत-विक्षेत बन्छन् र त्यो मानवरूपी खम्बा त्याहाँबाट हराउँछ। अब बेलमतीका आँखा अगाडी अन्धकारै अन्धकार छ, उ निर्वस्त्र र असाहय छ, अब उसको संसारनै भूईचालोले भत्काई दियो।

■

***बेलमतीको स्मृतिमा कता-कता पिपल चौतारीको त्यो घटना र क्षण आईरहन्छ, अनि मालिक-मालिक भन्दै चिच्याएकी आमा र आत्तनी आमालाई पछारेर घोप्टीएको त्यो मालिकको घृणित आकृतिको झझल्को आईरहन्छ तर पनि टुहुरी बेलमती विस्तारै-विस्तारै त्यसै घरकी कमलरी बनेर काम गर्न थाली । सात बर्षको छँदाखेरी घर-धन्दा, जुठोभाँडो, गोबर सोहोर्ने, बाखा हेर्ने सबै गर्थी ।***

# टिमोर स्वतन्त्रको शुभेच्छा र गुस्माओ

सुशील प्याकुरेल

इण्डोनेशीयामा सुहार्तोको शासन पश्चात् गत जेठ महिनामा हुन लागेको संसदीय आम चुनावको पर्यवेक्षण गर्ने एउटा अन्तर्राष्ट्रिय पर्यवेक्षण टोलीमा म आफू पनि संलग्न भएर जाकर्ता पुगेको थिएँ। जाकर्ता जाने कुरा सँगै मेरा मन मस्तिष्कमा पूर्वी टिमोरका क्रान्तिकारी जननेता सनाना गुजमाओ सित भेट गर्न पाइन्छ होला भन्ने आशा जागेको थियो। २४ गते सम्पन्न हुने चुनावको लागि म दुई दिन अघि अर्थात् २०५६ जेठ २२ गते पुगें। त्यहाँ पुगेको केही समय पछि भएको पर्यवेक्षण टोलीको वैठकमा हामीले भेट्ने मानिसहरूमा विभिन्न दलका नेताहरू लगभग राष्ट्रपति हविवि र पूर्व टिमोरका नेता सनाना हुनु पर्ने प्रस्ताव मैले राखें। राष्ट्पति हविविलाई भेट्न सकिएला तर सनानासित भेट पाउनु गाह्रो हुन सक्ने कुरा इण्डोनेशीयाका हाम्रा आयोजक मित्रहरूले बताए।

नेपाली मानवअधिकार तथा राजनैतिक क्षेत्रमा चर्चित व्यक्तित्व हुन सनाना गुजमाओ। उनी पोर्चुगलबाट स्वतन्त्र भएर केही समय पनि व्यतित गर्न नपाउँदै सशस्त्र हस्तक्षेपबाट इण्डोनेशीयामा गाभिन पुगेको राष्ट्का स्वतन्त्रता संग्रामका नेता हुन्। सात वर्ष अघि सनानालाई सशस्त्र संघर्षको नेतृत्व गरिरहेकै अवस्थामा इण्डोनेशियाली सेनाले पक्राउ गऱ्यो। पछि उनलाई इण्डोनेशियाली अदालतले राष्ट्रद्रोहको आरोपमा मृत्युदण्ड सुनायो तर व्यापक जन दबाब र अन्तर्राष्ट्रिय चासोले गर्दा राष्ट्रपति सुहार्तोले उनको मृत्युदण्डलाई २० वर्षको कैदमा बदलिदिए। उनी अहिले आफ्नो बन्दी जीवनको ७ औं वर्षमा छन्।

गत वर्ष इण्डोनेशियामा भएको आन्दोलन पश्चात् सनानालाई जाकर्ताको जेलबाट झिकी कडा सुरक्षा साथ एउटा सानो घरमा नजरबन्दमा राखिएको छ। सुहार्तोको



पुर्वी टिमोरका नेता गुस्माओ (दायाँबाट दोस्रो) का साथ लेखक

पतनपछि राष्ट्रपति बनेका हविविले पूर्वी टिमोरमा जनमत संग्रह गरिने र त्यसैको परिणाम अनुरूप पूर्वी टिमोर या त स्वतन्त्र हुने या इण्डोनेशियाकै अंगको रूपमा स्वायत्त प्रान्तमै बस्ने भनी घोषणा गरेपछि आगामी अगष्टको अन्तिम सातामा संयुक्त राष्ट्र संघको आयोजनामा जनमत संग्रह गर्ने व्यापक तयारीहरू हुँदै गरेको छ।


सनानालाई भेट्ने उत्कृष्ट अभिलाषाकै बीचमा इण्डोनेशियाली राष्ट्रपति हविवि सित हाम्रो भेटघाट निश्चित भयो। जेठ २६ गते अर्थात् ९ जुनको बिहान ११.३० मा अन्तर्राष्ट्रिय पर्यवेक्षणका करीब १०० जना मध्ये हामी क्षेत्रीय आधारबाट ५ जना भेटघाटको लागि आमन्त्रित भयौं। कडा सुरक्षा व्यवस्था रहेको राष्ट्रपति प्रासादमा हविविसित हाम्रो करीब १ घण्टा कुराकानी भयो। कुराकानीको अवसरमा मैले सनानाको रिहाई र जनमत संग्रहमा अर्को संलग्नता बारेमा प्रश्न गर्दा हविविले स्पष्ट रूपमा भनें- "जनमत संग्रहमा बहुसंख्यक पूर्वी टिमोरका जनताले स्वतन्त्रताको पक्षमा मत दिए भने सनाना हाम्रा सम्मानित छिमेकी हुनेछन्। त्यसैले तत्काल उनको रिहाई हुनेछ। अन्यथा अदालतले दिएको सँजाय उनले भोग्नै पर्छ। यति मात्र हो पूर्व राष्ट्रपतिले मृत्युदण्डलाई २० वर्ष सजायमा परिणत गरे जस्तै मैले केही समय कटौती गर्न सक्छु तर अदालतको सम्मान हामी सबैले गर्नुपर्छ।" मैले सनाना जस्तो नेताको अनुपस्थितिमा पूर्वी टिमोरको जनमत संग्रहलाई कसरी निष्पक्ष भन्न सकिन्छ भन्ने जिज्ञासा राख्दा राष्ट्रपति हविविले अलि उत्तेजित हुँदै भने- "पूर्वी टिमोरको जनमत संग्रह र राष्ट्द्रोहको आरोपमा सजाय पाउँदै आएका सनाना बीचमा कुनै सम्बन्ध छैन। जनमत संग्रहमा अदालतको आदेशमा संजाय भोग्दै गरेका व्यक्तिको उपस्थितिको कुनै औचित्य छैन।" मलाई लाग्यो राष्ट्रपति हविवि आफ्नो हिनताबोधलाई अन्तर्राष्ट्रिय पर्यवेक्षकका सामु लुकाउन खोज्दै थिए। एकातिर जनताको विद्रोहलाई स्वीकार्दै जनमत संग्रहको प्रस्ताव गर्ने, अर्कोतिर त्यसै विद्रोहका नेताको उपस्थितिलाई स्वीकार्न नसक्ने विरोधाभाषपूर्ण मनस्थिति इण्डोनेशियाली सरकारमा मैले पाएँ। राष्ट्पति हविविले हाम्रो टोलीलाई निकै महत्व

दिएका थिए। शक्तिशाली रक्षामन्त्री जनरल वारान्तो लगायत भेटघाटको बेलामा सबै क्याविनेट मन्त्रीको उपस्थिति थियो।

राष्ट्रपति हविविसँगको भेटपछि सनाना सित भेट हुन्छ हुँदैन केही निधो हामीले पाउन सकेनौं। म अझै आशावादी भने थिएँ किनभने एकातिर इण्डोनेशियाका साथीहरूको प्रयत्न थियो भने अर्कोतिर हविवि सरकार पनि अपेक्षाकृत मात्रामा उदार हुन खोज्दै थियो।

हामी चुनाव पर्यवेक्षणको काम सकेर फर्कने तयारी गर्दै थियौं। २८ जेठको साँझको उडान थियो। त्यसैदिन विहान अचानक हाम्रा इण्डोनेशियाली साथीले हामीलाई हतार हतार तयार हुन भने। इण्डोनेशियाली सुरक्षा अधिकारीले बिहान ९ बजे हामीलाई ३० मिनेटको लागि सनानासित भेट्ने अनुमति दिएका थिए। यस पटक हामी ७-८ जना सनानाको बन्दीगृह तर्फ लाग्यौं। बाटो भरि हाम्रो कुराकानीको केन्द्रमा सनाना रहे। हामी उनको निवासको कम्पाउण्ड ढोकाबाट प्रवेश गरेपछि आवश्यक सुरक्षा जाँच पश्चात् तल्लो तलामा रहेको सनानाको भेटघाट कक्षमा लाग्दै थियौं। एकजना अग्लो र आकर्षक व्यक्तित्व कोठाबाट बाहिर आएर हामी सबैसित हात मिलाए। ज्यादै नै मृदुभाषी सनाना गुजमाओले हामी सबैलाई कोठाभित्र रहेको सोफामा बस्न आग्रह गरे। ज्यादै साधारण र सरल देखिने गुजमाओले सबै भन्दा पहिले विश्वका सबै जनतालाई पूर्वी टिमोरका जनताको तर्फबाट हार्दिक अभिवादन गर्दै विश्व जनमतको समर्थनले गर्दा नै स्वतन्त्रताको युगमा पूर्वी टिमोर प्रवेश गर्न थालेको बताए।

हामी अब छलफलमा लाग्यौं। मैले आफ्नो परिचय दिनासाथ उनले नेपालसित आफू परिचित भएको बताउँदै दक्षिण एशियाको सानो मुलुक भएता पनि आफ्नो संघर्षमा नेपाली जनताको समर्थन निकै महत्वपूर्ण भएको बताए। कुराकानीको सिलसिलामा हामीले एउटा राष्ट्को स्वतन्त्रताको लागि सशस्त्र संघर्षको नेतृत्व गर्ने नेताको रूपमा कसरी स्वतन्त्रतालाई जनमत संघर्षको परिणामभित्र स्वीकार्नु भयो भनी राखेको प्रश्नको जवाफमा सनानाले बडो दृढताकासाथ जवाफ दिए। "स्वतन्त्रता हाम्रो माग हो, जनताको आवाज हो। पूर्वी टिमोरका जनताले लामो संघर्ष र ठूलो बलिदान गरेका छन् स्वतन्त्रताको लागि। हामीलाई थाहा छ जन विद्रोह र अन्तर्राष्ट्रिय दबाबबाट एक्लिँदै गएको



इण्डोनेशियाको सरकारले आफ्नो अन्यायपूर्ण हस्तक्षेपलाई अलिकति भए पनि ढाकछोप गर्न यो जनमत संग्रहको प्रस्ताव अगाडि सारेको छ। हामी जनताको शक्ति र निर्णयमा भरोसा गर्नेहरूले जनताको मतदानबाट गर्ने निर्णयको प्रक्रियालाई आदर गर्ने पर्छ, स्वागत गर्ने पर्छ। त्यसैले हामीले जनमत संग्रहको प्रस्तावलाई स्वीकार गरेका हौं। मलाई पूर्ण आशा छ जसरी पूर्वी टिमोरी जनताले सशस्त्र संघर्षमा बलिदानी पूर्ण आन्दोलन गरे त्यसैगरी जनमत संग्रहमा भाग लिनेछन् र स्वतन्त्रताको पक्षमा मतदान गर्ने छन्।"

इण्डोनेशियाली सरकारले निष्पक्ष जनमत संग्रह गराउला त ? भन्ने प्रश्नको उत्तरमा सनाना गुजमाओले भने "हेर्नुस् जनमत संग्रहको घोषणा इण्डोनेशियाली सरकारको पूर्वी टिमोरी जनताप्रतिको सदाशयता होइन। मैले अघि भनें- यो दबाबको उपज हो। फेरि पनि इण्डोनेशियाको सरकारले जनताको स्वतन्त्र अभिव्यक्तिको अवसरलाई सजिलै दिने छैन तर अन्तर्राष्ट्रिय समुदाय र पूर्वी टिमोरका जनताले कुनै पनि अवाञ्छित क्रियाकलापलाई सहने छैनन्। जनमत संग्रहको निष्पक्षताको ग्यारेण्टी अरू कसैले हैन पूर्वी टिमोरी जनताले नै गर्ने छन्।" केही गरी जनमत संग्रहमा इण्डोनेशियाकै अंगको रूपमा रहने मत बहुमत भयो भने के गर्नु हुन्छ भनी सोध्दा गुजमाओले उत्तर दिए- "जनता सार्वभौम हुन र उनीहरूको निर्णय नै अन्तिम निर्णय हो, जुन जनताले दशकौंसम्म स्वतन्त्रताको लागि कठोर संघर्ष गरेको छ, हजारौं युवाले रगत बताएका छन् तिनै जनताले जनमत संग्रहमा इण्डोनेशियाको अधिनस्थ रहन स्वीकार गर्ला भन्ने मलाई विश्वास छैन। तर जनमत संग्रह स्वतन्त्र र निष्पक्ष हुँदाहुँदै पनि जनताले त्यस्तो निर्णय गरेछन् भने मलाई त्यो निर्णय स्वीकार्य हुनेछ। यद्यपि जनमत संग्रह कसरी र कुन हदमा स्वतन्त्र हुन्छ त्यो नहेरी यसै भन्न सक्दिन।" इण्डोनेशियाको राष्ट्रपति पदकी उम्मेदवार र संभावित राष्ट्रपति मेगावति सुकार्नो पुत्रीले पूर्वी टिमोरको स्वतन्त्रताको नाममा इण्डोनेशियाको विभाजनको विरोध गरेको सन्दर्भ उठाउँदा गुजमाओले भने "हामीले इण्डोनेशियाको विभाजन खोजेका छैनौं हामीले त हाम्रो भूमी, जुन इण्डोनेशियाले बलजफ्ती अतिक्रमण गरी कब्जामा लिएको छ, त्यसको मुक्तिको लागि संघर्ष गरेका छौं। त्यसैले मेगावतिको भनाइको कुनै सान्दर्भिकता छैन, तापनि यदि उनले पूर्वी टिमोरको प्रश्नलाई अहंकार पूर्ण ढंगबाट हेरिन् भने पूर्वी टिमोरी जनताले त्यसको प्रतिकार गर्ने छन्। यद्यपि प्रजातान्त्रिक संघर्षको नेतृत्व गर्ने एकजना नेतृले त्यस्तो नकारात्मक भूमिका खेल्लिन् भन्ने मलाई लाग्दैन।

अन्तमा मैले बिगत जुन महिनामा गुजमाओका मित्र तथा शान्ति नोवल पुरस्कार प्राप्त मानवअधिकारवादी नेता रामोस होर्तासित क्यांनाडामा आफ्नो भेट भएको र भेटको बेलामा भएको कुराकानीबाट जनमत संग्रह बारे मत भिन्नता छ भन्ने आफूले बुझेको बारेमा सोध्दा गुजमाओले भने- राष्ट्रपति हविविको जनमत संग्रहको प्रस्तावलाई हेर्ने आ-आफ्नो दृष्टिकोण हुन सक्छ तर पूर्वी टिमोरको स्वतन्त्रता बारेमा कुनै मत भिन्नता छैन। अन्तिममा स्वतन्त्र टिमोरमा आफ्नो कस्तो भूमिकाको अपेक्षा छ भन्ने प्रश्नको उत्तरमा सनानाले भने- म आज जहाँ छु त्यही स्थान मलाई जनताले दिएका हुन् जस्लाई मैले सहर्ष स्वीकारेको छु। भोलि जनताले जहाँ राख्छन् त्यो पनि स्वीकार्य हुनेछ।

समय सकिएको संकेत पाएपछि हामी उठ्यौं। नजरबन्द अवस्थामा बन्दी गृहमा रहेका गुजमाओले हामीलाई विदा गरे। छिटै स्वतन्त्र टिमोरको स्वतन्त्र नागरिक बन्ने शुभेच्छा दिँदै हामी फर्कियौं।

■

# जुनेली कहाँ छे, पंचनारायण कहाँ छ ?



अग्निशिखा

जुनेली सात/आठ वर्षकी फुच्ची। र, म सात/आठ वर्षको फुच्चो। यी दुई फुच्चा-फुच्ची बाख्रा चराउन जान्थे। ढोंड बटुल्न जान्थे। कटुसको झाडीमा कटुस खोज्न जान्थे। र, कटुसको काँडा बिझ्दा एक-अर्काको काँडा निकाल्थे। पैंतिस वर्ष भयो भेट नभएको। त्यो मेरी वालसखा जुनेली खै कहाँ छे?

जब मान्छेको उमेर पातलिँदै जाँदो रहेछ तब ऊ अतितको स्मृतिमा हराउँदो रहेछ। त्यही अतितको स्मृतिमा सबभन्दा बढी जुनेली नै किन छाउँछ? जुनेली जो कामीकी छोरी थिई। रामचन्द्रलाई शवरीको जुठो बयर मिठो लाग्थ्यो रे। मेरी शवरी भने जुनेली नै थिई- जसको जुठो बयर मैले पनि खाएको थिएँ। त्यतिखेर मेरा कमिज र कट्टुका जति खल्ती हुन्थे ती सबै भुटेको मकै, भटमास वा जुनेलोले झोलिएका हुन्थे। म जुनेलीकोमा पुग्थें। ऊ मजेत्रो फिंजाउँथी। उसको मजेत्रोमा खल्तीका सबै मकै-भटमास खन्याउँथें। र हामी एकसाथ खान थाल्थ्यौं। बाल प्रेमको त्यो मिठास जिन्दगीमा फेरि कहीं भेटिन्छ?


म बाहुनको छोरा, ऊ कामीकी छोरी। तर कुनै ब्राम्हणवाद, कुनै जातिवाद र कुनै उँच-नीचको संस्कार जुनेलीसँगको मेरो बाल-सम्बन्धमा तगारो बनेको थिएन। जुनेली सँगको त्यो सम्बन्ध उच्च मानवीय सम्बन्ध थियो। र, त्यही मानवीय भावनाका कारण जातिवादले मलाई जिन्दगीमा कहिल्यै गाँज्न सकेन। म पनि जुनेली सँगै पिठ्युँमा स-सानो मकैको भारी बोकेर घट्टमा पिँध्न जान्थें। र, भारी बोक्ने कुरालाई तुच्छ ठान्ने चिन्तनलाई मैले त्यतिबेलै लत्याएको थिएँ। तर मानवीय भावनाको मेरो प्रेरणा स्रोत जुनेली खै कहाँ छे? फेरि जिन्दगीमा के कहीं जुनेलीसँगै घट्टमा बसेर मकैको रोटी खान पाइन्छ?

एक थियो ढाक्रे। मेरो बाल्यकालको दृष्टिमा बुढो। बाहुन हैन, तर जात थाहा छैन। थाहा पाउनुको मतलब पनि छैन। ऊ एक मानव थियो, बस्। थाहा थिएन उसको जिन्दगी कति कठिन थियो। तर सँधै हँसिलो। ऊ मलाई समेत बाजे भन्थ्यो। हरेक पटक हिउँदमा काभ्रेबाट काठमाडौं आउँदा मलाई बोक्ने उही हुन्थ्यो। त्यतिखेर अरनिको राजमार्ग भर्खर-भर्खर खनिँदै थियो शायद। त्यसैले हिंडेरै आउनु पर्थ्यो। मलाई डोकोमा राखिन्थ्यो र डोको बोक्ने मान्छे हुन्थ्यो त्यही ढाक्रे। पछि मैले सुनें- ढाक्रे मर्‍यो रे। मेरा पुर्खा जस्तै उसको अस्तु पनि इन्द्रावतिको कंचन जलमा उहिल्यै प्रवाहित भै सक्यो। तर अहिले पनि मेरा सपनामा ती ढाक्रे बा आइरहन्छन्- बारम्बार।

बालककालको एउटा साथी थियो- पंच नारायण। घर लैनचौर र ऊ थियो- धोवीको छोरो। शान्ति विद्यागृहमा पढ्दा ऊ नै मेरो र हिमाञ्चल भट्टराई (पूर्व सांसद) को अत्यन्त मिल्ने साथी थियो। ऊ हामीलाई प्रायः जसो लकेट ल्याएर दिन्थ्यो। र, त्यतिखेर लकेट पाउँदा मलाई स्वर्ण पदक पाए जस्तै लाग्थ्यो। भनिन्छ, नेपाल सानो छ। सानो नेपालको कुरा गर्दा काठमाडौं झन कति सानो होला? तर मलाई लाग्छ- यो काठमाडौं खाल्डो धेरै ठूलो रहेछ। सानो भएको भए किन भेट हुँदैन तीस/तीस वर्षसम्म त्यो मेरो पंचनारायणसँग ?

२०२०/२०२१ साल तिरको कुरा हो। पंचनारायण, हिमाञ्चल र म एउटै क्लासमा पढ्थ्यौं। स्कूलमा धारा थिएन। त्यसैले खानेपानीको अभाव थियो। विद्यार्थीहरू आफैंले पैसा उठाएर घैंटो किन्ने कुरा भयो। घैंटो किनेर ल्याइयो। तर केही विद्यार्थीले पंच नारायणलाई घैंटाको पानी खान दिएनन्। घैंटो छुनसम्म दिएनन्। तर एकदिन एकजना शिक्षकले क्लास लिइरहँदा पंचनारायणलाई बोलाए। र, घैंटोबाट गिलाँसमा पानी खन्याउन लगाए। पंचनारायणको हातबाट गिलाँस लिएर घट्घटी पानी पिए। त्यसपछि पंचनारायणलाई घैंटो छुन नदिने र त्यसबाट पानी पिउन नदिने कुरा उठाउने हिम्मत कसैमा भएन। ती गुरूको नाम बिर्सिंदा आज पनि थकथक् लाग्छ। मानवीय सम्बन्धको पात्र बनेको त्यो पंचनारायण खै आज कहाँ छ?

जब म बालुवाटारमा बस्थें- एक थिइन् दिदी। जसलाई हामी केटाकेटी "पाकु दिदी" भन्थ्यौं। "पाकु" किन भनियो थाहा छैन। ठुलाबडा नै उनलाई "पाकु" भन्थे। उनी कुनै बेला कुनै राणा साहेवकी भित्रेनी थिइन् रे। र, पछि लत्याएकी थिइन्। उनको निश्चित जात थाहा




भएन। तर पनि उनी उच्च जातकी थिइनन्। डेरामा बस्थिन्। छाक टार्न गाह्रो थियो। उनकी सौता पनि बालुवाटारमा बस्थिन्। त्यतिखेरको एउटा अत्याधुनिक बिल्डिंगमा। ती "रानीसाहेब" पाकु-दिदीलाई निकै हेप्थिन्। मेरै आँखा अगाडि "पाकु दिदी" मरिन्। उनले मेरी माइजु अर्थात् हिमाञ्चलकी आमासँग छाक टार्न केही रूपैयाँ सापट लिएकी रहिछन्। मर्ने बेलामा उनले मेरी माइजुलाई हात जोड्दै भनिन्- "मैले तपाईंको पैसा तिर्न सकिन। माफ पाउँ।" त्यतिखेर माइजुले भन्नुभयो- यस्तो कुरा पनि गर्ने हो? अब ऋण-सिण सम्झने होइन, ईश्वरलाई सम्झ। लगत्तै पाकु दिदी मरिन्। म ती विचरी पाकु दिदीलाई बारम्बार सम्झने गर्छु। थाहा छैन, सम्भ्रान्तद्वारा लत्याइएका कति "पाकु दिदीहरू" आज पनि त्यस्तै नियति बाँचिरहेका होलान् !

एउटी सानी केटी थिई। मेरो कुनै एक नातेदारको घरकी नोकर्नी। एक दिन घरमा एउटा गहना हरायो। ती केटी माथि शंका गरियो। हकारियो/पिटियो। उसले आफ्नो निर्दोषिताको वकालत गरी नै रही। तर कसैले पत्याएनन्। "कालो देखाउने" कुरा उठ्यो। नातेदारसँगै म पनि काठमाडौंको कुनै टोलमा "कालो हेर्ने" व्यक्तिकोमा गयौं। शिशामा ध्वाँसो जस्तो कालो पोतेर हेर्दा चोर्ने व्यक्ति, चोरेको सामान र लुकाएको ठाउँ देखिन्छ भन्ने विश्वास थियो त्यतिखेर। कालो हेर्ने काम थालियो। बच्चाहरूको मन निर्मल हुन्छ भनेर मलाई नै कालो हेर्न भनियो। साँच्चै भन्ने हो भने कालो हेर्दा मैले केही देखेको थिइन। तर पनि आफ्नो नातेदारलाई रिझाएर केही मिठाई पाउने लोभमा मैले कालो हेरें। त्यही केटीको छायाँ देखेको बताएँ। त्यसबापत मिठाई पनि पाएँ। घरमा पुगेर फेरि त्यो केटीलाई केरकार गरियो। उसले फेरि पनि स्वीकारिन। हराएको गहना पनि फेला परेन। त्यसपछि त्यो केटीलाई निकालियो। केही दिनपछि गहना फेला पऱ्यो। तर आजसम्म पनि मलाई आफ्नो त्यो अपराधको बोधले पोलिरहेको छ? के अब मैले चाहेर पनि कुनै दिन ती निर्दोष केटी (शायद अब प्रौढ महिला) सँग माफी माग्नेअवसर पाउँछु र?

कुनै बेला म शिक्षा मन्त्रालयमा काम गर्थें। र हामी साथीहरू लैनचौरको एउटा दोकानमा खाजा खान जान्थ्यौं। त्यहाँको आलु-तामा, बोडी र बारा अति मिठो हुन्थ्यो। हामीले निकै दिन त्यस दोकानमा खाजा खायौं। तर एकदिन साथीहरू त्यहाँ जान मानेनन्। त्यसको कारण सोध्दा तिनले भने- "त्यो त धोबिनीको दोकान रहेछ। थाहै नपाई यत्रो दिन खाइएछ। अब नजाने।" म विष्मित भएँ। हिजोसम्म त्यही धोबिनीले पकाएको आलु-तामा, बोडी र बारा साथीहरू जिब्रो पड्काई-पड्काई खान्थे। तर आज घिन लाग्न थाल्यो? धन्य, मान्छे भनाउँदाको चिन्तन ! ■

**वि.सं. २०५५ को प्रकाश मानव अधिकार पुरस्कारका लागि घोषित व्यक्तित्व**

# रामानन्दप्रसाद सिंह



ललितपुर जिल्लाको दरवार टोल (पुल्चोक) निवासी रामानन्दप्रसाद सिंहको जन्म सन् १९३३ जनवरी १९ तारिखका दिन भएको हो। मीर सुब्बा स्व. महिकरदेवनारायण सिंह र कमलादेवी सिंहका सुपुत्र रामानन्दप्रसादले भारतको वनारस हिन्दू युनिभर्सिटीबाट एम.ए., एल.एल.बी. गर्नुभएको थियो र अमेरिकाको कोलम्बिया युनिभर्सिटीबाट एम.सि.एल. गर्नुभएको छ।

रामानन्दप्रसाद सिंहले विभिन्न महत्वपूर्ण पदहरूमा रही कार्य सम्पादन गरिसक्नुभएको छ। सन् १९७६ देखि १९८१ सम्म उहाँले संयुक्त राष्ट्र संघअन्तर्गतको अपराध नियन्त्रण तथा रोकथाम समितिमा सदस्यको रूपमा रहेको कार्य गर्नुभएको थियो भने सन् १९९० को मे ११ मा गठित संविधान सुझाव आयोगमा सदस्यका रूपमा उहाँले आफ्नो जिम्मेवारी निर्वाह गर्नुभएको थियो।

त्यसैगरी उहाँले सन् १९९३ मा गठित विश्व आदिवासी दिवस राष्ट्रिय समितिको सभापतिका रूपमा कार्य सम्पन्न गर्नुभएको थियो भने नेपाल कानून आयोगको सदस्यका रूपमा पनि उहाँले कार्य गरिसक्नुभएको छ। उहाँले उच्चस्तरीय कानून सुधार आयोगमा सदस्य रहेर पनि कार्य गर्नुभएको थियो। त्रिभुवन विश्वविद्यालय सिण्डिकेटको सदस्यका रूपमा समेत कार्य सम्पन्न गरिसक्नुभएका सिंहले युनेस्को कमिसन, नेपालमा पनि सदस्यका रूपमा कार्य गरिसक्नुभएको छ। उहाँले महान्यायाधिवक्ताको महत्वपूर्ण पदमा रहेर पनि जिम्मेवारी निर्वाह गरिसक्नुभएको छ। मानव अधिकार संरक्षण मंच नेपालका पूर्व केन्द्रीय सदस्य तथा नेपाल मानव अधिकार संगठनका संस्थापक सदस्य सिंहले प्रजातन्त्र प्राप्तिका लागि जनआन्दोलनमा सक्रियतापूर्वक भाग लिनुभएको थियो।

यसरी विभिन्न ओहोदाहरूमा रहेर प्रजातन्त्र र मानव अधिकार प्राप्तिका लागि लामो योगदान गर्नुभएका रामानन्दप्रसाद सिंहले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा/सम्मेलनहरूमा पनि विभिन्न हैसियतले प्रतिनिधित्व गर्दै आउनुभएको छ। उहाँले सन् १९६१ मा सम्पन्न संयुक्त राष्ट्र संघको साधारण सभामा सदस्यको रूपमा प्रतिनिधित्व गर्नुभएको थियो। सन् १९६८ मा तेहरानमा सम्पन्न मानव अधिकार सम्मेलनमा प्रतिनिधिका रूपमा सम्मिलित उहाँले अष्ट्रियाको भियनामा सन् १९६९ मा सम्पन्न सन्धिहरूसम्बन्धी कानूनको सम्मेलनमा पनि भाग लिनुभएको थियो।

सन् १९७३ मा जापानको टोकियोमा सम्पन्न अपराध नियन्त्रण तथा अनुसन्धान सम्मेलनमा उहाँले भाग लिनुभएको थियो। त्यसरी नै संयुक्त राष्ट्र संघको आह्वानमा सन् १९७५ मा जेनेभामा सम्पन्न अपराध तथा रोकथाम विषयक कार्यकर्ताहरूको विश्व सम्मेलनमा पनि उहाँ सहभागी हुनुहुन्थ्यो। न्युयोर्कमा सन् १९७६ मा सम्पन्न संयुक्त राष्ट्र संघ, अपराध नियन्त्रण तथा रोकथाम कार्यक्रममा पनि उहाँ सहभागी हुनुहुन्थ्यो। सन् १९७६ मा रियादमा सम्पन्न इश्लामिक कानून र अपराध नियन्त्रणमा यसको असर विषयक कार्यक्रममा पनि उहाँ सहभागी हुनुभएको थियो।

उहाँका कानून तथा संविधानसम्बन्धी विभिन्न लेख तथा शोधपत्रहरू प्रकाशित भइसकेका छन्।

# ठूला शक्तिहरु र मानवअधिकार :

# पूर्वी टिमोरको सन्दर्भ

*नोम चोम्स्की*


विद्वान नोम चोम्स्की म्यासाचुसेट्स प्रविधि प्रतिष्ठान (एम. आई. टी) का भाषा विज्ञानका प्राध्यापक हुन्। "संभवतः यो शताब्दीका सबैभन्दा महान् जीवित विद्वान" चोम्स्की अमेरिकी परराष्ट्र नीतिको खरो आलोचक हुन्। अन्तर्राष्ट्रिय राजनीति र अमेरिकी विदेश नीति सम्बन्धी चोम्स्कीका थुप्रै पुस्तकहरू प्रकाशित भएका छन्।

चोम्स्कीका लेखहरू अत्यन्त मिहिन विश्लेषण हुन्। आफ्नो भनाइको प्रमाण स्वरूप प्रत्येक हरफ र प्यारामा विभिन्न व्यक्ति तथा संस्थाले बोले-लेखेका कुराहरू टिप्पणी गर्नु उनको लेखकीय विशेषता हो। यो लेखमा उद्धरणभित्र राखिएका वाक्यांशहरू चोम्स्कीले विभिन्न स्रोतबाट लिएका सन्दर्भ हुन्।

ठूला शक्तिहरू र मानवअधिकारको विषयमा मलाई बोल्न भनिएको छ, यहाँ एउटा संक्षिप्त चर्चामात्र हुनेछ।

यो कथासँग गाँसिएका दुईवटा दृष्टिकोणहरू छन्। एउटा आधिकारिक छ, सर्वपरिचित पनि छ- मानवअधिकारको सम्मान हाम्रो सर्वोच्च लक्ष्य हो, "हाम्रो परराष्ट्र नीतिको आत्मा हो", राष्ट्रपति कार्टरका शब्दमा भन्नुपर्दा।

अर्को दृष्टिकोण आन्तरिक योजनाको रेकर्डमा भेट्न सकिन्छ जस्लाई इतिहासका घटना क्रमहरूले बताइरहेका छन्। नयाँ विश्व व्यवस्थाका योजनाकर्ता मध्येका एक, सम्मानित विद्वान जर्ज केनानले लेखेको एउटा महत्वपूर्ण राष्ट्रिय दस्तावेज (पी. पी. एस. २३) एउटा ताजा उदाहरण हुन सक्छ। नीति तर्जुमा स्टाफ राज्य विभागका प्रमुख केनान विश्वका प्रत्येक क्षेत्रका लागि उपयुक्त जिम्मेवारी दिने क्रममा भन्छन् कि आधारभूत रूपमा अमेरिकी नीतिको लक्ष्य "असमानताको स्थिति" कायम राख्नु हुनेछ। जस्ले हाम्रो अतुलनीय सम्पत्ति अरूको गरीबिबाट छुट्टै र टाढा राख्दछ। त्यो लक्ष्य पूरा गर्न "अस्पष्ट र अवास्तविक लक्ष्यहरू : मानवअधिकारहरू, जीवनस्तरको उत्थान, प्रजातान्त्रिकरण जस्ता विश्व भातृत्व सम्बन्धी आदर्शवादी र परमार्थि नाराहरूबाट मुक्त हुनुपर्छ।"



इतिहासका पाठहरू र दस्तावेजहरूले यो विषयमा प्रशस्त बताइसकेका छन्। तर दुखको कुरा तिनीहरू जे बताउँछन् राजनीतिक रूपले गलत छन्। हजारौं पाने दस्तावेजहरू मार्फत् निर्देशित मान्यताहरू प्रभावकारी रूपमा लागु गरिएको देखाइन्छ। मान्यता प्राप्त बौद्धिक लेखनमा यी दस्तावेजहरूको महत्वको बारेमा चर्चा गरिन्छ, उद्धरण झिकिन्छ तापनि यिनको वास्तविक अर्थ भने जनसाधारणका दृष्टिमा अशान्दर्भिक ठहर्छ।

म यहाँ एउटा खास सन्दर्भ उठाउन चाहिरहेको छु। अरूभन्दा निकै विशिष्ट छ यो सन्दर्भ। चहकिलो प्रकाशको छायाँमा परेजस्तै भएको छ यो विषय। मैले उठाउन खोजेको पूर्व टिमोरको सन्दर्भ हो। स्वतन्त्र र हामीले भन्ने गरेको सुविधा सम्पन्न समाजको बारेमा यसले हामीलाई थुप्रै कुरा सिकाउँछ। सम्मानित चिन्तकहरूले भन्ने गरेको "पश्चिमी मूल्यहरू" सँगको अत्यन्त सामिप्यताका कारण आफूचाहिं यो स्वतन्त्रता र सुविधा प्रयोग गर्नबाट बंचित छ। यस शताब्दीको उल्लेख्य अपराध मध्येको एक हो। र यो विषय सजिलै समाधान गर्न सकिने समस्या पनि हो। यो इराक-कुवेत होइन, नत बोस्नीया, रूवाण्डा र एङ्गोला नै हो। यस मुद्दामा कुनै अस्पष्टता छैन। कुनै प्रस्ताव पास गर्न असहज छैन। शक्ति प्रयोग गर्न धम्की दिनु पर्ने र कुनै प्रकारको नाकाबन्दी गर्नुपर्ने आवश्यकता छैन। संयुक्त राष्ट्र संघीय शान्ति सेना तथा मध्यस्तकर्ताको जरूरी छैन। खालि अपराधका सहयोगीहरू (खासगरी संयुक्त राज्य अमेरिका र अष्ट्रेलिया) ले अपराध-सहयोग बन्द गरे यो संभव छ। तर यी दुई मात्र होइनन्, यी वेइमानहरूको वृत्तभित्र ब्रिटेन (थ्याचर र मेजरको पालाको) फ्रान्स, जापान र अरू धेरै केनानको विश्व व्यवस्था र मूल्यहरूको बारेमा राम्ररी परिचित राष्ट्रहरू छन्। नेतृत्व पंक्तिमा रहेका प्रायः सबै देशहरू यो वृत्तमा छन्। अपराधका सहयात्रीहरूले सहयोग फिर्ता गरे, इण्डोनेशीयाले पनि परराष्ट्र मन्त्री अलि आलातासले भनेझैं जुत्तामा टाँसिएको धुलो टक्टक्याउने अवसर लिने थियो। यसले थुप्रै इण्डोनेशीयनहरूलाई आफ्नै सरकारले थोपरेको सूचनाको हकको बन्देजको विरोधमा उभिन थप हौसला मिल्ने थियो।

**एशियाली मूल्यहरु**

पूर्वीटिमोरको सन्दर्भमा पश्चिमी देशहरूमा परिस्थिति केही सहज बन्दै छ। यद्यपि जर्ज अदित्योन्द्रो जस्ता साहसी इण्डोनेशियाली विद्वानहरूको साहसको नक्कल हामीले गर्न सकेका छैनौं। आदित्योन्द्रोले आफ्नै सरकारले गरेको अपराधहरू सार्वजनिक गरे, तिनको निन्दा गरे यसका कारण उनी अष्ट्रेलीयामा शरण लिन पनि बाध्य भए। इण्डोनेशियाली विद्यार्थीहरूको संगठनले सरकार समक्ष दबाब दिए "मानववीयता र हामी सबैको भलाइका लागि पूर्वी टिमोरको विलयको बारेमा पुनरविचार गरियोस्"। यसका लागि इण्डोनेशियाली सेनाहरू पूर्वी टिमोरबाट फिर्ता हुनुपर्छ र पूर्वी टिमोरका जनताहरूलाई पूर्ण र स्वतन्त्रतापूर्वक "आत्मनिर्णयको अधिकार" गर्न दिनुपर्छ। त्यस्तै मानवअधिकार संरक्षणका लागि जकार्ता इन्टिच्युटका निर्देषक एच. जे. सी. प्रिन्सेनले १९९४ को सेप्टेम्बरमा "अष्ट्रेलीयाका आदरणीय मित्रहरू" लाई "पूर्वी टिमोरको टापुमा आत्म निर्णयको अधिकार संरक्षण गर्न" सहयोगका लागि आमन्त्रण गरे। "शक्ति र पैसासँग मात्र चासो राख्ने उनले

राजनीतिज्ञहरूका गुलीया शब्दहरूको भ्रममा नपर्न " पनि अनुरोध गरे।

जब पश्चिमी देशका जनताहरू इण्डोनेशियासँग राम्रो सम्बन्धका बारेमा कुरा उठाउँछन्, हामीले अर्को प्रश्न उठाउनु पर्ने हुन्छ : "उनीहरूले भनेको इण्डोनेशिया कुन हो?" सुहार्तो परिवार, उसका आसेपासेहरू र उसँग सम्बद्ध विदेशी लगानीकर्ताहरू? त्यो एउटा इण्डोनेशिया हो। तर त्यहाँ अर्को एउटा इण्डोनेशिया पनि छ- स्वतन्त्रता र न्यायका लागि आन्दोलनरत जनताको प्यारो भूमि। यहाँ हामी मानवअधिकारकर्मीहरू भेट्दछौं, स्वतन्त्र र निष्पक्ष बुद्धिजीवीहरू भेट्दछौं, विद्यार्थी संगठनहरू र त्यस्तो साहसी न्यायाधीश भेट्दछौं जस्ले टेम्पो नामको साप्ताहिक पत्रिकालाई बन्देज गर्न सरकारले दिएको आदेश उल्टाएको थियो। त्यस्तै स्वतन्त्र पत्रकारहरूको संगठन, १९९४ को एपेक शिखर सम्मेलनका लागि ठाउँ खाली गर्न जेल हालिएका श्रमिक नेताहरू र हजारौं कामदारहरू भेटिन्छन् जो चर्को दमनका बाबजुद पनि देशमा व्याप्त अमानवीय श्रमिक जीवनको विरोधमा छलफल, हड्ताल र प्रदर्शनी गरिरहेका छन् यिनीहरू। यी कामदारहरू चिनीया कामदारहरूले पाउने ज्यालाहरूको आधा ज्यालामा र कुनै स्वतन्त्र संगठनको संरक्षण विना बाच्न बाध्य छन्। तर पनि इण्डोनेशिया क्लिण्टन प्रशासनका दयाको कारण सबै मानवअधिकार दायित्वबाट मुक्त छ। त्यस्तै अर्को एउटा इण्डोनेशीया छ जहाँका अत्यधिक जनताहरू सच्चाइको बारेमा सिक्ने अवसर पाएदेखि उन्मुक्तताका साथ अत्याचारको निन्दा गर्ने थिए, हामीले जस्तै, र कुनै अप्ठ्यारो नमानी प्रदर्शनीहरूमा सहभागी हुने थिए।

"हामीहरूले एशियाली मूल्यहरूको सम्मान गर्नुपर्छ" र "इण्डोनेशीयासँग राम्रो सम्बन्ध कायम गर्नुपर्छ।" यो बारम्बार सुन्नमा आउने आधिकारिक तर्क हो। यस्तो तर्क जस्को अर्थ वक्ताको मस्तिष्कमा कुन इण्डोनेशीयाको तस्वीर छ नबुझेसम्म अर्थहीन रहन्छ, एउटा भ्रम मात्र हुन्छ। सतहमा देखिएका यी सामान्य सत्यहरू मात्र हुन्।


**पश्चिममा मूल्यहरु**

धेरै समय अघिदेखि स्वतन्त्र समाजहरूको "स्वैछिक प्रतिबन्ध" (अर्वेलको शब्दमा) संयुक्त राज्य अमेरिकामा असाधारण रूपमा लागु भएको छ। खासगरी होलोकाष्ट ( भयानक नरसंहार) यता वाशिङ्टनले जनसंख्याको समानुपातिक हत्याका लागि उल्लेख्य सैनिक तथा कुटनैतिक सहयोग प्रदान गर्न थालेदेखि यो प्रतिबन्ध लागू गरिएको हो। तर यसको उल्लेख्य चर्चा भने हुन सकेन। तार्किकहरूले भनेजस्तो आवश्यक स्रोतहरूको अभावका कारण यो चर्चामा नआएको होइन। यो क्षेत्र विश्वको ध्यान पुग्न नसक्ने दुरदरारमा पर्ने क्षेत्र पनि होइन। स्रोतहरू सँधै प्रष्ट थिए तर तिनीहरूलाई लुकाएर राखियो ताकि यसको दोष आधिकारिक सत्रुहरूमाथि थोपर्न सकियोस्। इण्डोनेशियाली आक्रमण भन्दा अगाडि पूर्वीटिमोर प्रेसमा निकै चर्चित थियो। किनभने पोर्चुगाली साम्राज्य निकै चासोको विषय बनेको थियो र पश्चिमा मूल्यहरूलाई यसले अप्ठ्यारो पनि पारेको थियो। इण्डोनेशीयाली आक्रमण र त्यसपछि अत्याचारहरूसँगै प्रेस र संचारमा प्रभाव पनि घट्दै गयो। १९७८ ताका त प्रायः यो सुन्यमा पुग्यो जतिखेर इण्डोनेशियाली अत्याचार आमहत्याको नजिकको अवस्थामा थियो। त्यतिबेला राष्ट्रपति कार्टर (जस्लाई मानवअधिकार समर्थकका रूपमा चिनाइन्छ) थप हत्याका लागि नयाँ हातहतियारहरू इण्डोनेशिया पठाउने तयारी गर्दै थिए। पूर्णतया प्रेस बन्देज हुनु अघि (१९७८) राज्य विभागबाट जारी गरिएका सीमित प्रतिवेदन/टिप्पणीहरूमा यो अत्याचारको बारेमा ढाँटिएको छ। संयुक्त राज्य अमेरिकाको भूमिकाको बारेमा कुनै टिप्पणी छैन र यो परिपाटी आज पनि छँदैछ। अहिले तथ्यहरूको बारेमा पत्रपत्रिकामा चर्चा गरिन्छ। गहकिला नियमित सम्पादकीय टिप्पणीहरू मार्फत् अत्याचारको खिल्ली उडाइन्छ। यद्यपि संयुक्त राज्य अमेरिकाको जिम्मेवारीको बारेमा भने कमै चर्चा हुन्छ। हुन त शक्तिशालीहरूको हातबाट हुने अत्याचारको संचारमा कमै चर्चा हुन्छ। तीक्ष्ण आँखा भएका पत्रकारहरू पनि यतातिर त्यति बढी दृष्टि खर्च गर्दैनन्।

हामी घृणित मुढमा नै भए पनि यति चैं स्वीकारौं संयुक्त राज्य अमेरिका "आक्रमणकारीहरूको सहयोगका लागि बारम्बार वितरण गरेको हातहतियारबाट नरसंहार हुन नदिन आफूलाई टाढै राख्न सक्दथ्यो।" यहाँनेर प्रेस र बुद्धिजीवीको मौनता- आफ्नै आँखा अगाडि अत्याचारहरू हेर्न सक्ने मौनता- ले काम गरेको छ। जब इण्डोनेशियामा हातहतियारको अभाव खड्किएको थियो कार्टरले हातहतियारहरूको ढुवानीको क्रम अघि बडाए। थोरैमात्र भए पनि अमेरिकन जनमानसमा यसको जानकारी हुन्छ भन्ने डरले जेट विमानहरू इजरायल मार्फत् इण्डोनेशीया पठाए। तर यसको कतै पनि टीका-टिप्पणी भएन, आलोचना गरिएन।

घटनाको शुरूदेखि नै अमेरिका संयुक्त राष्ट्र संघ "उसले अघि सारेका कदममा पूर्णतः असफल रहेको" दावी गर्दै "संयुक्त राज्य अमेरिकाले भने जस्तै घटनाक्रम बढेका" र "यसैका लागि तयारी गरेको" कुरा अपराध एजेण्ट अमेरिकी राजदुत डेनियल प्याट्रिक मोइनिहानले १९७८ मा नै गर्वका साथ बताइ सकेका थिए।

घटनाहरूलाई आलोचनात्मक कोणबाट हेर्नु पर्दछ। हामी अहिले सुन्दै छौं कि "हामीले अनुशरण गरेका विरोधका/हस्तक्षेपका तरिकाहरूमा केही गडबढी छ" हर्वडका



इतिहासविद् स्ट्यान्ली होफम्यानका विचारमा उनी अझ अगाडि भन्दछन्- "पूर्वी टिमोरमा भएको जातीय रक्तपातको विरोधमा कुनै प्रकारको अन्तर्राष्ट्रिय आह्वान" भएन। सोभियतसंघद्वारा अफगानिस्तान माथि भएको आक्रमण या इराकको कुवेतविरूद्धको आक्रमणका सन्दर्भमा "जातीय रक्तपात" भन्नु ठीक हुन्न भन्ने तर्क एकातिर पन्छाउँदा निश्चित रूपमा केही प्रश्नहरू जन्मन्छन्। यी घटनाका विरोधमा कस्ले आह्वान गर्ने र यो कसरी गर्ने? इण्डोनेशियाली आक्रमण र अत्याचारको मुख्य समर्थक वाशिङ्टन र लण्डनमा बम हानेर आह्वान गर्ने? मानौं कि गोर्भाचेभभन्दा पहिलेको एशियाको एक टिप्पणीकर्ताका लागि सोभियत संघको हस्तक्षेपको नीतिका बारेमा चर्चा गर्नु अप्ठ्यारो पऱ्यो। उसका लागि अचम्म लाग्यो कि पोल्याण्डमा लागु भएको सैनिक शासनको विरोधमा किन रशिया बोलेन, या चेकोस्लोभाकिया र हंगेरीमा भएको दमनको किन विरोध भएन। यस्तो तर्क सुन्दा हामी हाँसौला त? आफैंले सक्रियता पूर्वक समर्थन गरेको नीतिको विरोधमा मस्को कसरी उभिन सकोस्? पूर्ण रूपले अनुशासित बौद्धिक संस्कृतिमा यस्ता प्रश्नहरू उठ्नु हुँदैन। र यस्ता प्रश्नहरू सुनेर हामी हाँस्नेवाला छैनौं।

सम्मानित व्रिटिस विचार भने केही भिन्न छ। "टाइम्स उच्च शिक्षा सहयोगी" मा लेख्दै सेन्टजोन्स कलेज, अक्सफोर्डका लेस्ली म्याकफारलेनका शब्दमा अमेरिका र वेलायत पूर्वी टिमोरमाथिको "इण्डोनेशियाली हस्तक्षेपको विरोधमा दबाब दिन असफल भए, उनीहरूलाई लाज लाग्नु पर्ने हो।" तर "दुई लाखभन्दा बढी हत्याका लागि पश्चिमलाई जिम्मेवार बनाउन भने मिल्दैन", उनी एड्वार्ड हर्मनको पश्चिमी देशहरूको समर्थनमा भएको अत्याचारको विवरणको विरोध गर्दै थिए। केही महत्वपूर्ण व्यक्तिहरूका लागि भने आक्कलझुक्कल संचारमा आएका झिना मसिना समाचारले पनि धेरै असर पार्दो रहेछ। उदाहरणका लागि अष्ट्रेलीयाका परराष्ट्रमन्त्री ग्यारेथ इभान्सलाई अघि सार्न सकिन्छ। उनलाई न्यूयोर्क टाइम्सका सम्पादकसँग त्यो "पत्रिकाले उठाएको इण्डोनेशियाली अमानवअधिकार उल्लंघनको बारेमा" र त्यसमा "लगातार रूपमा उठाइएको इण्डोनेशियाको पूर्वी टिमोर माथिको पराक्रमण सम्बन्धी" विषयवस्तुको सन्दर्भमा "गुनासो पोख्ने अवसर मिल्यो"। इभान्सलाई दुःख लाग्नु स्वाभिकै छ : विगतका मौन या अत्याचार सहन सक्ने दिनहरूमा परिवर्तन आएको छ। त्यसैगरी वाल स्ट्रिट जर्नलका सम्पादक (यिनी अमेरिकी समर्थनमा गरिने अपराधलाई कुनै अपराध मान्दैनन्) सुहार्तोलाई उसको जुत्तामा टाँसिएको धुलो हटाउन सल्लाह दिँदै "पूर्वी टिमोरको घाडोबाट मुक्त हुन" अनुरोध गर्दछन्। हुनत यो अनुरोध पीडितहरूप्रतिको चासो बढेका कारणले गरिएको होइन। राजनैतिक वृत्तमा उठेका चर्चाहरू जनस्तरमा भएका ऐक्यबद्ध आन्दोलनहरू र जनजागरणको बढ्दो मात्राको प्रभाव हुन् यी।

बढ्दो जन दबाबका कारण अत्याचारका घटनाहरूमा वाशिङ्टनलाई सहभागी हुन अप्ठ्यारो परिरहेको छ। हातहतियारको विक्री गर्न अमेरिकी संसदले बन्देज लगाएको छ, सैनिक अभ्यासहरूका लागि बजेट घटाएको छ। यसका कारण क्लिण्टन प्रशासनलाई अरू कुनै अप्ठ्यारो चाल चाल्नु पर्ने बाध्यता सिर्जना भयो। इण्डोनेशियाली आक्रमणको वार्षिक अवसर मिल्यो त्यही दिन अमेरिकी राज्य विभागले एउटा घोषणा गऱ्यो- "सदनको कामले इण्डोनेशियालाई आफ्नै बजेट खर्च गरेर तालिम सामग्री किन्न भने बन्देज लाग्ने छैन" यसरी यो क्रम बन्देजका बाबजुद अघि बढ्दै छ। शायद अरू कुनै साना मसिना गोजीबाट वाशिङ्टनले यसका लागि थप खर्च पनि जुटाएको हुनुपर्छ। तर यो घोषणालाई प्रेसले कुनै ठाउँ दिएन, कुनै टीका-टिप्पणी गरेन, सिनेटर इभान पनि शायद यो सुनेर खुशी भए होलान्। तर यो घटनाले अमेरिकी संसदलाई भने "द्वेष" व्यक्त गर्न वाध्य बनायो। "यसको लक्ष्य इण्डोनेशियालीहरूको लागि अमेरिकी सैनिक तालिम दिन बन्देज लगाउनु थियो र छ पनि।" "हामी अमेरिकी सरकारका कर्मचारी इण्डोनेशियालीहरूलाई तालिम दिएको हेर्न चाहन्नौं", एक अमेरिकी कर्मचारीले कडा शब्दमा टिप्पणी गरे। तर यसको कुनै असर परेन।

सैनिक सहयोग र तालिमको जरूरी सावित गर्ने तर्क धेरै अगाडिदेखि प्रचलितै छ। हत्यारा र पीडकहरूको सहयोगका लागि हात बढाउने विवेकशील काम हो यो। १९९४ मा अमेरिकी प्रशासनले १ अरब अमेरिकी डलर बराबरको हातहतियार इण्डोनेशियालाई विक्री गर्न अनुमति दियो र थप सैनिक तालिमहरू दिइने योजना तर्जुमा भयो। यस सन्दर्भमा उठेका छानवीन-प्रश्नहरूको उत्तर दिँदै राज्य विभागका कर्मचारीले बताए- "सैनिक तालिमले विदेशी सेनाहरूलाई अमेरिकी मूल्य र मान्यतासंग परिचत गराउन सकारात्मक भूमिका निभाउँछ।" प्रजातान्त्रिक सिनेटर वेनेट जोन्स्टन, जस्ले क्लिण्टन प्रशासन मार्फत् सदनका सीमाहरू उल्लंघन गर्न जिम्मेवारी लिएका थिए, पनि यस्तै अडानमा रहे। उनले प्रमाण स्वरूप प्रशान्त क्षेत्रका अमेरिकी सैनिक कमाण्डर लार्सनको भनाइ अघि सारे- "हाम्रो स्कूलहरूमा पढेर" इण्डोनेशियाली सैनिक अधिकृतहरू "हाम्रो मूल्य प्रणाली- मानवअधिकारको सम्मान, प्रजातान्त्रिक सिद्धान्तहरूको अनुशरण र कानुनको शासन- बुझ्न र अनुशरण गर्न सफल भएका छन्।" हातहतियार विक्रीले रचनात्मक "सम्वाद" विकास गर्न र हाम्रो "प्रभाव र शक्ति" कायम राख्न सहयोग गर्दछ। हामी धेरै वर्षदेखि देखिरहेका छौं, ल्याटिन अमेरिका, हाइटी, फिलिपिन्स र अरू ठाउँहरू जहाँ अमेरिकी सैनिक सहयोग र तालिमको विस्तार गरिएको छ, हामीले हाम्रो "मूल्य प्रणाली अनुशरण" गरेको परिणाम देखिसकेका छौं।

मानवअधिकार पर्यवेक्षण/ एशियाका वाशिङ्टन निर्देशकका अनुसार इण्डोनेशियाली अधिकृतहरू १९५० देखि नै अमेरिकामा तालिम पाइरहेका छन्, तर यसको कुनै "प्रत्यक्ष सुधार" देखिएको छैन। यो टिपोटले मानवअधिकारको प्रतिकूलताको प्रतिबिम्ब दिन्छ। इण्डोनेशियाली सैनिकहरू अधिकार-प्रणाली स्वीकार गर्न र लागु गर्न असफल भएको सावित दिन्छ। अब बुझ्न गाह्रो छैन अमेरिकी तालिमप्राप्त अधिकृतहरू वर्तमान सरकारले शासन सम्हालेदेखि (१९६५) त्यहाँ प्रदर्शित मूल्य प्रणालीको सहयोगमा "आम हत्या गर्न", "तातो रगतमा पौडिन", "आशा गुमेको अवस्थामा पनि आश उमार्न" र "पश्चिमको सुसमाचार एशियामा" संचार गर्न कसरी सफल भइरहेका छन्।

अमेरिकी सैनिक सहयोगको यो सफलता को प्रतिवेदन सुरक्षा सचिव रोबर्ट म्याकनामाराले सभापति जोनसन समक्ष पेश गरे। यसले सेनाहरूलाई "अवसर आएको अवस्थामा" काम गर्न "अभिप्रेरित गऱ्यो"। तालिम र निर्देशन निकै उपयोगी ठहरिए। इण्डोनेशियाली सैनिकहरूका लागि अमेरिकामा दिएको तालिमको संकेत गर्दै म्याकनामारा अघि

भन्दछन् "नयाँ इण्डोनेशियाली बुर्जुकहरू (सेना) लाई अभिमुखिकरण गर्न यो कार्यक्रम निकै अर्थपूर्ण सावित भएको छ।"

अमेरिकी तालिमले स्थापना गरेको सम्पर्क र सहयोगले अलि भिन्न रूपमा "शक्ति र प्रभाव" सिर्जना गरेको थियो। "इण्डोनेशियाली कम्युनिष्ट पार्टी (पिकेआई) खतम गर्ने" घोषित नीति पूरा गर्न यो शिक्षा सहायकसिद्ध भयो। अमेरिकी मिशनका उपप्रमुख फ्रान्सीस गालब्रेइथ, पछि उनी राजदुत बनाइए, उच्च पदस्थ कर्मचारीहरूलाई "प्रष्ट पार्दछन्" की "राजदूतावास सेनाहरूको क्रियाकलापसँग सहमत छ, र यसको प्रशंसा पनि गर्दछ।" अमेरिकी प्रशासनिक-जासुस, जर्ज बल, अझ थप्दछन् कि अमेरिकी सैनिक सहयोग तथा तालिमले "सेनाका नाइकेहरूलाई प्रष्ट शिक्षा दिएको छ, उनीहरूलाई सहयोगको जरूरी भए अमेरिका तयार छ।" त्यस्तै राज्य सचिव डिन रस्क थप्दछन्- "इण्डोनेशियाली कम्युनिष्ट पार्टी विरूद्धको कार्यवाहीमा अमेरिकी सहयोग आवश्यक परे हामी यो अवसर गुमाउन चाहन्नौं।"

यही तालिमले टिमोरमा युद्ध अपराधलाई जागा गराएको हो। निश्चित रूपमा यो पृष्टभूमिमा अपराध बढ्दै जानु आश्चर्यको कुरा भने होइन।

पुनः क्लिण्टनले अमेरिकी संसदको सीमा उल्लंघन गरेको घटनातिर फर्कौं। प्रजातन्त्रवादी सिनेटर र प्रशासनको सहायतामा इण्डोनेशियालाई दिइने सुविधामा मानवअधिकार शर्तहरू राख्नुपर्ने संसदको जिकिरलाई अघि बढ्न दिइएन। व्यापार प्रतिनिधि मिकि कान्टरले वाशिङ्टनले इण्डोनेशियाली श्रम अभ्यासको वार्षिक समीक्षा गर्नु नपर्ने घोषणा गरे। "इण्डोनेशियाली श्रमिकको अवस्था सुधार गर्न इण्डोनेशियाले लिएको कदमबाट" प्रभावित सिनेटर जोन्स्टनसंग कान्टर पनि सहमत भए। तुरून्तै कान्टरले इण्डोनेशियालाई "उसका श्रम सम्बन्धी कानूनहरू अन्तर्राष्ट्रिय स्ट्याण्डरसँग मिल्ने गरी" लागु गर्न पर्ने टिप्पणी गरे- एउटा हाँसो उठ्दो तर निरस टिप्पणी। इण्डोनेशियाले केही कदम चालेकै हो- अमेरिकी सदनले वाशिङ्टनका उसका मित्रहरूलाई पछि पार्लाकि भन्ने डरले। गार्डिएन भन्ने पत्रिकाले एउटा प्रतिवेदन पनि छाप्यो- "हड्ताल या प्रदर्शनीमा हस्तक्षेप नगर्ने, कामदारहरूलाई कार्यरत कम्पनीमा युनियन खोल्न दिने र जकार्तामा घटिमा पनि २७ प्रतिशत तलव वृद्धि गर्ने आदि जस्ता सुधारात्मक कार्यक्रमहरू तीव्र गतिमा इण्डोनेशियाली सरकारले लागु गर्न थालेको छ।" वास्तवमै यी सुधारहरू खोजे जस्ता भने थिएनन् : अब कामदारहरूले राज्यद्वारा संचालित "अखिल इण्डोनेशियाली श्रम युनियन" मा आबद्ध हुनुपर्ने भयो। एक वर्षपछि, १९९५ मा, एम्नेष्टी इन्टरनेशनलले "श्रमजीविहरूको अधिकार सम्बन्धी" विवरण प्रकाशमा ल्यायो। यसमा "मजदूर अधिकार सम्बन्धी कार्यकर्ताहरू डर र त्रासको वातावरणमा काम गर्न बाध्य पारिएको, जेलमा यातना र दुर्व्यवहारको सिकार भएको" टिप्पणी गरिएको थियो। प्रदर्शनीहरूमा "प्रहरीले भयानक वल प्रयोग गरी तितरवितर पारेको" पनि उल्लेख गरिएको थियो।

१९६० को दबाब मुलक कार्यक्रमहरूले अमेरिकी संसदलाई व्यापार, अन्तर्राष्ट्रिय सहयोग र सैनिक सामाग्रीको व्यापारमा मानवअधिकारहरूलाई शर्तका रूपमा स्वीकार्न बाध्य पारे। त्यसैले कार्टरदेखि आजसम्मका सबै प्रशासकहरूलाई यो बाध्यता उल्लंघन गर्ने निहुँ खोज्न निकै अप्ठ्यारो परेको छ, थुप्रै वहाना बनाउनु परेको छ। १९८० मा रेगनहरूले यसलाई अप्रिय ठट्टाको रूपमा प्रयोग गरे। उनीहरूले सदनलाई (जो धोका पाउन खुशी ठान्दछ) विश्वास दिलाए की उनीहरूका मनपरेका पीडक र हत्याराहरूले धेरै सुधार गरिसकेका छन्। क्लिण्टन पनि इण्डोनेशियाली ठग मित्र सँगको व्यवहारमा कुनै नयाँ बाटो अबलम्बन गर्न गइरहेको छैन।

१९९५ को शुरूमा वाशिङ्टन इण्डोनेशियाली अत्याचारमा पूर्ण सामेल हुन तत्पर भयो। मार्च १५ का दिन इण्डिोनेशियाका लागि अमेरिकी राजदुत रवर्ट व्यारीले वाशिङ्टनमा नै सैनिक तालिम कार्यक्रम शुरू गर्न योजना बनाए र त्यसको भोलिपल्ट रक्षा मन्त्रालयको कर्मचारी वीलियम ओवन्सले अमेरिकी रक्षा मन्त्रालयको दृष्टिकोण अघि सारे- इण्डोनेशियाली सैनिक पूर्वी टिमोरको परिस्थितिमा अमेरिकाको रूचीको संरक्षण गरिरहेको छ।

ओवेनले मनको कुरा (अमेरिकी रूची) भने प्रष्टसँग भनेन्। शायद यो अघिल्लो हप्ता लिक्वीकामा भएको ६ वटा गाउँलेहरूको नृसंश आम हत्याको सन्दर्भ थियो। अर्थात् उनी चर्चद्वारा संचालित स्वस्थ्य कार्यक्रममाका अष्ट्रेलियन स्वास्थ्य कार्यकर्ता सिमन डे फक्सको अनुभव सम्झिरहेका थिए : बन्दुकको कून्दाले मुखमा हिर्काइएको एउटा आठ वर्षे बच्चा जस्को आँखा "अनुहारभन्दा बाहिर झुण्डिरहेको थियो" वा यस्तै कथा भएका अरू बच्चाहरूको चिच्याहट "कृपया सहयोग गर"। शायद उनी यातना पीडित, बलात्कृत वा नाजुक स्वास्थ्य भएका विरामीहरूलाई संकेत गर्दै थिए जो इण्डोनेशियाली डाक्टर कहाँ जान डराउँछन्। "आम हत्याको सहायक" ठानी डाक्टसरी सेवा र औषधि लिन मान्दैनन्। ओवेलले भन्न खोजेको अमेरिकाको रूची शायद त्यो घटना थियो जुन दिन रातो फेटा बाँधेका कमाण्डोहरू (निन्जा) ले डिल्लीमा भयंकर नरसंहार मच्चाएका थिए।

ओवेनले भनेका सुधारका अरू थुप्रै उदाहरणहरू दिन सकिन्छ।

जुन दिन ओवेन क्लिण्टन प्रशासनको योजनाको बारेमा बताउँदै थिए अमेरिकी राज्य मानवअधिकार सहसचिव जोन सार्टकले सदनलाई एउटा जानकारी दिए "१९९४ देखि बिग्रिन लागेको" पूर्वी टिमोरको मानवअधिकारको अवस्था "यो जनवरीमा झन बढी खराब भयो" मानवअधिकार पर्यवेक्षण/एशिया ले भर्खरै "पूर्वी टिमोरमा बिग्रदो मानवअधिकारको अवस्था" को बारेमा एउटा प्रतिवेदन सार्वजनिक गरेको थियो। यसमा गैरकानूनी हत्याहरू, यातना, गैर कानुनी धरपकड, थुना र वेपत्ता पारिएका घटनाहरू सार्वजनिक गरिएको थियो। यी तथ्यहरूलाई (प्रायः जानकारीमा नआउने) उधृत गर्दै क्लिण्टन समर्थक पत्रिका बोस्टन ग्लोवका सम्पादकले लेखेका थिए- "क्लिण्टन प्रशासनको मानवअधिकार सम्बन्धी दृष्टिकोण व्याख्या गर्ने सबैभन्दा राम्रो तरिका यसलाई द्वेयार्थी भनेर बुझ्नु हो"- यसको अर्थ हुन्छ घरमा शान्तपूर्वक शालिन शब्दहरू बोल्नु तर व्यवहारमा ठीक उल्टोसँग यसलाई लागु गर्नु र यो नियमित रूपमा गरिनु।

मलाई बोल्न भनिएको यो विषयको संक्षिप्त विवरण शायद यस्तै हुन्छ।

क्रमश ......

*- अनुवाद : मुकुन्द कट्टेल*

पूर्वाञ्चलमा इन्सेकद्वारा प्रस्तुत जनशपथ

# के यो जनशपथ पूरा होला ?

बिन्देसर मण्डल

***अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले आफ्नो स्थापना कालदेखि नै मानवअधिकार सचेतन अभियान संचालन गर्दै आएको छ। इन्सेकले खासगरी बहुदलीय व्यवस्थाको आगमन पश्चात् भएका निर्वाचनका क्रममा मतदाता सचेतन अभियान समेत संचालन गर्दै आएको सर्वविदितै छ।***

***गएको आमनिर्वाचनका क्रममा इन्सेकले पर्चा, पोष्टर, सचेतन-पुस्तिकाका माध्यमले मतदाताहरुलाई सचेत पार्न खोजेको थियो। त्यस्का अतिरिक्त जनशपथ गराउने अभियानद्वारा पनि इन्सेकले आमजनतालाई उनीहरुको अधिकारका सम्बन्धमा घच्घच्याउने जमर्को गरेको थियो।***

देशका पाँचवटै विकास क्षेत्रहरूमा इन्सेकका कार्यकर्ताहरूले प्रतिनिधि सभा सदस्यका निम्ति उम्मेदवार भएका राजनीतिकर्मीहरू समक्ष "जनशपथ" को फाराम पुऱ्याएका थिए। कतिपय उम्मेद्वारहरूले "जनशपथ" मा हस्ताक्षर गर्न मानेनन्। इन्सेकले सोचे अनुरूप "जनशपथ" अभियानले लहर ल्याउन पनि सकेन। तर त्यस अभियानले आम जनतालाई कुनै न कुनै परिमाणमा अवश्य घच्घच्यायो। त्यस्तै साँसद पदका निम्ति उम्मेद्वार बनेको राजनीतिकर्मीहरूलाई पनि जनशपथले कुनै न कुनै रूपमा सचेत पाऱ्यो।

"जनशपथ" मा हस्ताक्षर गर्ने कैयन उम्मेद्वार निर्वाचनमा पराजित भए। कैयौंले विजय हासिल गरे। तर चुनावमा जित्ने र हार्ने दुवै किसिमका उम्मेदवारहरू

**प्रतिनिधि सभा सदस्य पदका उम्मेदवारको**

**जन-शपथ**

**म जनता समक्ष शपथ लिंदै सार्वजनिक प्रतिवद्धता जाहेर गर्दछु कि :**

- मानवअधिकार आयोग गठन गराउन अग्रसर रहने छु ।
- मल्लिक आयोगको प्रतिवेदन अनुसार दोषीमाथि कारवाहीका लागि पहल गर्ने छु।
- २०४८ साल देखि २०५५ सालसम्म सत्तामा रहेका मन्त्रीहरूको सम्पत्ति छानबीन गरी सार्वजनिक गर्न आवाज उठाउने छु ।
- बहुदलीय व्यवस्थाको गरिमा कायम राख्ने काममा लाग्ने छु ।
- महिलालाई सम्पत्तिमा समान अधिकार दिने पक्षमा बोल्ने छु।
- कृषि मजदूरको न्यूनतम ज्याला निर्धारण गर्न आवाज उठाउने छु।
- राजनीतिक विकृति र विसंगति विरूद्ध सधै संघर्षरत रहने छु ।
- जनताको मतप्रति प्रतिवद्ध रहने छु ।
- तस्करी र भ्रष्टाचारमा संलग्न हुने छैन।
- जनविरोधी कानून निर्माण गर्ने तथा पारित गर्ने पक्षमा लाग्ने छैन।
- सत्ताबाट मानवअधिकार उल्लंघन हुंदा समर्थन गर्ने छैन।
- हत्या र आतंकको पक्षमा मत जाहेर गर्ने छैन।
- कुटनीतिक सुविधाको दुरूपयोग गर्ने छैन (जस्तो रातो पासपोर्ट)।
- सत्ताको लागि खरिदबिक्रीमा सामेल हुने छैन।
- राज्यको श्रोत र साधनको अनुचित प्रयोग गर्ने छैन।

उम्मेदवारको नाम : ................ राजनीतिक दल : ................

निर्वाचन क्षेत्र र जिल्ला : ................ दस्तखत : ................ मिति : ................

आम निर्वाचन ०५६

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार, काठमाडौं

चुनावपछि पनि राजनीतिमा सक्रिय रहने हुनाले "जनशपथ" ले राजनीतिमा छाएको विकृति र विसंगतिको अन्त्य गर्न कुनै न कुनै रूपमा अवश्य सघाएको छ।

"जनशपथ" मा हस्ताक्षर गराउन जाँदा इन्सेकका कार्यकर्ताहरूले थुप्रै अनुभवहरू संगालेका छन्। कतिपय सांसद-उम्मेदवारहरूले हस्ताक्षर गर्न ठाडै इन्कार गरेको अनुभव पनि इन्सेक कार्यकर्ताहरूले संगालेका छन्। कतिपय उम्मेद्वारहरूले "जनशपथ" का केही बुँदाहरूमा असहमति जाहेर गर्दै हस्ताक्षर गरेका छन्।

प्रतिनिधि सभा निर्वाचन ०५६ का केही चर्चित उम्मेद्वारहरू मध्ये नेपाली कांग्रेसका चक्रप्रसाद बाँस्तोला (झापा-४) अनि मालेका राधाकृष्ण मैनाली (झापा-४), सी पी मैनाली (झापा -२) र देवी प्रसाद ओझा (झापा -२) ले जनशपथमा हस्ताक्षर गर्न अस्वीकार गर्नुभयो। तर एमालेका के. पी. शर्मा ओली (झापा (२ र ६) अनि कांग्रेसका कृष्ण सिटौला (झापा-१) र गिरिराजकुमारी प्रसाईं (झापा-२) ले भने हस्ताक्षर गर्न कुनै आपत्ति नहुने बताउनु भयो। ती मध्ये ओलीले हस्ताक्षर पनि गर्नुभयो।

झापा-३ बाट नेपाली कांग्रेसका तर्फबाट प्रतिनिधि सभा सदस्यको उम्मेद्वार हुनु भएका नरेन्द्र विक्रम नेवाङ्गले जनशपथमा एउटा बुँदामा असहमति जाहेर गर्दै हस्ताक्षर गर्नु भएको छ। तर उहाँले एउटा बुँदा आफ्नै तर्फबाट यसरी थपिदिनु भएको छ- "भूटानी शरणार्थी समस्या समाधान गर्दै सन् १९५० को सन्धी पुनरावलोकन गर्न लाग्ने छु" उहाँले आफ्नो

**प्रतिनिधि सभा सदस्य पदका उम्मेदवारको**

**जन-शपथ**

**म जनता समक्ष शपथ लिंदै सार्वजनिक प्रतिवद्धता जाहेर गर्दछु कि :**

- मानवअधिकार आयोग गठन गराउन अग्रसर रहने छु ।
- मल्लिक आयोगको प्रतिवेदन अनुसार दोषीमाथि कारवाहीका लागि पहल गर्ने छु।
- २०४८ साल देखि २०५५ सालसम्म सत्तामा रहेका मन्त्रीहरूको सम्पत्ति छानबीन गरी सार्वजनिक गर्न आवाज उठाउने छु ।
- बहुदलीय व्यवस्थाको गरिमा कायम राख्ने काममा लाग्ने छु
- महिलालाई सम्पत्तिमा समान अधिकार दिने पक्षमा बोल्ने छु।
- कृषि मजदूरको न्यूनतम ज्याला निर्धारण गर्न आवाज उठाउने छु।
- राजनीतिक विकृति र विसंगति विरूद्ध सधै संघर्षरत रहने छु ।
- जनताको मतप्रति प्रतिवद्ध रहने छु ।
- तस्करी र भ्रष्टाचारमा संलग्न हुने छैन।
- जनविरोधी कानून निर्माण गर्ने तथा पारित गर्ने पक्षमा लाग्ने छैन।
- सत्ताबाट मानवअधिकार उल्लंघन हुंदा समर्थन गर्ने छैन।
- हत्या र आतंकको पक्षमा मत जाहेर गर्ने छैन।
- कुटनीतिक सुविधाको दुरूपयोग गर्ने छैन (जस्तो रातो पासपोर्ट)।
- सत्ताको लागि खरिदबिक्रीमा सामेल हुने छैन।
- राज्यको श्रोत र साधनको अनुचित प्रयोग गर्ने छैन।

उम्मेदवारको नाम : केपी शर्मा ओली राजनीतिक दल : ने० क० पा० एमाले

निर्वाचन क्षेत्र र जिल्ला : झापा २ र ६ दस्तखत : ................ मिति : २०५६/१/१९

आम निर्वाचन ०५६

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार, काठमाडौं

असहमति यसरी जाहेर गर्नु भएको छ- "मल्लिक आयोगका छोषीलाई कारवाही गर्ने कुरामा असमत छु।" नेम्वाङ्ग निर्वाचन जितेर प्रतिनिधि सभामा पुग्नु भएको छ। हाल उहाँ सहायकमन्त्रीको पदमा पनि हुनुहुन्छ।

झापा- ५ का नेकपा (एमाले) का उम्मेद्वार तारा समयाङ्गयाले जनशपथको कुनै पनि बुँदामा असहमति व्यक्त गर्नु भएको छैन। तर उहाँले जनशपथमा एउटा बुँदा यसरी थपिदिनु भएको छ- "भूटानी शरणार्थी समस्या समाधानार्थ पहल गर्ने छु।" समयाङ्गया चुनाव जितेर प्रतिनिधि सभामा पुग्नु भएको छ। जनशपथमा हस्ताक्षर गर्ने अन्य थुप्रै सांसदहरूलाई झैं उहाँलाई पनि आफूले प्रतिबद्धता व्यक्त गरेका सार्वजनिक चासोका विषयहरूको अवश्य हेक्का रहेकै होला।

झापा-२ की शिव सेना नेपालकी महिला उम्मेदवार गनिता कार्कीले महिलाहरूलाई पैतृक सम्पत्तिमा समान अधिकार दिने कुराको विरोध गर्नु भएको छ। "महिलालाई सम्पत्तिमा समान अधिकार दिने पक्षमा बोल्ने छु" भन्ने जनशपथको पाचौं बुँदामा अगाडि उहाँले कोष्ठभित्र लेख्नुभएको छ- "मान्य छैन"।

धनकुटा-१ का नेपाली कांग्रेसका उम्मेदवार हरिकुमार राईले जनशपथका पन्ध्र मध्ये एक बुँदामा असहमति जाहेर गर्नु भएको छ। उहाँले संक्षिप्त टिप्पणी लेख्नु भएको छ-"महिलाहरूको सम्पत्तिमा समान अधिकारका सम्बन्धमा आवाज उठाइने छ। तर देशको मौजुदा अवस्थामा रहेको नेपाली समाजको संरचनालाई पनि विशेष ध्यान दिइनेछ।" त्यस्तै धनकुटा-१ कै जनमुक्ति पार्टी नेपालका उम्मेद्वार घामलाल राईले जनशपथका सबै बुँदाहरू प्रति पूर्ण समर्थन जनाउँदै एउटा बुँदा थपिदिनु भएको छ- "चेलिबेटी बेचबिखन गर्नेलाई कारवाही गर्ने तथा रोकथाम गर्न लागि परिनेछ।"

पाँचथर-१ र २ का एमालेका उम्मेदवारहरू वसन्तकुमार नेम्वाङ्ग र डम्बरसिंह सम्बाहाम्फेले जनशपथप्रति पूर्ण प्रतिबद्धता व्यक्त गर्नु भएको छ। उहाँहरू दुवै प्रतिनिधि सभामा पुग्नु भएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द)का चर्चित उम्मेद्वार पूर्व मन्त्री पद्मसुन्दर लावतीले "जनशपथ" मा हस्ताक्षर गर्दै आफ्नो टिप्पणी पनि लेख्नु भएको छ- "उपयुक्त अनुसारका कुराहरू मध्ये २ नं. बुँदा र ५ नं. बुँदाहरूमा म स्पष्ट छैन। अन्य सबै कुरा मैले बारम्बार उठाउँदै आएको छु। ती कुराको प्रभावकारी कार्यान्वयन गराउन पहल गर्नु आवश्यक छ। आगामी दिनमा सक्रियतापूर्वक कार्यान्वयन गराउन पहल गर्नु आवश्यक छ। आगामी दिनमा सक्रियतापूर्वक कार्यान्वयन गर्न उपायको खोजी गरी दबाब सिर्जना गरिनु पर्‍यो।"

छयालीस सालको जनआन्दोलनका सहभागीहरूमाथि तत्कालीन पंचायती व्यवस्थाद्वारा कठोर दमन चक्रम चलाइएको कुरा सबैलाई विदितै छ। जनआन्दोलनको सफलता पश्चात् पूर्व न्यायाधीश जनार्दनलाल मल्लिकको अध्यक्षतामा "०४६ फागुन ७ गतेदेखि त्यही वर्ष चैत मसान्तसम्मका घटनाबाट भएको जनधनको क्षति र ०४६ फागनु १ गतेका पोखरामा भएको घटनाका सम्बन्धमा छानवीन गर्न आयोग गठन गरिएको थियो। उक्त आयोगले जनआन्दोलनलाई दबाउन मानवअधिकारको उल्लंघन गर्नेहरूका सम्बन्धमा मेहनतका साथ छानवीन गरेर ०४७ पुस १६ गते विस्तृत प्रतिवेदन


## प्रतिनिधि सभा सदस्य पदका उम्मेद्वारको
## जन-शपथ

**म जनता समक्ष शपथ लिंदै सार्वजनिक प्रतिवद्धता जाहेर गर्दछु कि :**

- मानवअधिकार आयोग गठन गराउन अग्रसर रहने छु ।
- मल्लिक आयोगको प्रतिवेदन अनुसार दोषीमाथि कारवाहीका लागि पहल गर्ने छु।
- २०४८ साल देखि २०५५ सालसम्म सत्तामा रहेका मन्त्रीहरुको सम्पत्ति छानवीन गरी सार्वजनिक गर्न आवाज उठाउने छु ।
- बहुदलीय व्यवस्थाको गरिमा कायम राख्ने काममा लाग्ने छु ।
- महिलालाई सम्पत्तिमा समान अधिकार दिने पक्षमा बोल्ने छु।
- कृषि मजदूरको न्यूनतम ज्याला निर्धारण गर्न आवाज उठाउने छु।
- राजनीतिक विकृति र विसंगति विरुद्ध सधैं संघर्षरत रहने छु ।
- जनताको मतप्रति प्रतिवद्ध रहने छु ।
- तस्करी र भ्रष्टाचारमा संलग्न हुने छैन।
- जनविरोधी कानून निर्माण गर्ने तथा पारित गर्ने पक्षमा लाग्ने छैन।
- सत्ताबाट मानवअधिकार उल्लंघन हुँदा समर्थन गर्ने छैन।
- हत्या र आतंकको पक्षमा मत जाहेर गर्ने छैन।
- कुटनीतिक सुविधाको दुरूपयोग गर्ने छैन (जस्तो रातो पासपोर्ट)।
- सत्ताको लागि खरिदविक्रीमा सामेल हुने छैन।
- राज्यको श्रोत र साधनको अनुचित प्रयोग गर्ने छैन।

उम्मेदवारको नाम : [illegible] राजनीतिक दल : [illegible]

निर्वाचन क्षेत्र र जिल्ला : [illegible] दस्तखत : [illegible] मिति : [illegible]




मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार, काठमाडौं

*झापा-३ बाट नेपाली कांग्रेसका तर्फबाट प्रतिनिधि सभा सदस्यको उम्मेद्वार हुनु भएका नरेन्द्र विक्रम नेवाङ्ले जनशपथमा एउटा बुँदामा असहमति जाहेर गर्दै हस्ताक्षर गर्नु भएको छ तर उहाँले एउटा बुँदा आफ्नै तर्फबाट यसरी थपिदिनु भएको छ- "भूटानी शरणार्थी समस्या समाधान गर्दै सन् १९५० को सन्धी पुनरावलोकन गर्न लाग्ने छु" उहाँले आफ्नो असहमति यसरी जाहेर गर्नु भएको छ- "मल्लिक आयोगका छोषीलाई कारवाही गर्ने कुरामा असहमत छु।" नेम्वाङ्ग निर्वाचन जितेर प्रतिनिधि सभामा पुग्नु भएको छ हाल उहाँ सहायकमन्त्रीको पदमा पनि हुनुहुन्छ।*

प्रकाशित गरेको थियो।

"जनआन्दोलनको सिलसिलामा ०४६/१२/७ देखि ०४६ साल चैत मसान्तसम्मा भएको जनधनको क्षति सम्बन्धमा छानवीन गरी के कस्को त्रुटीबाट त्यसो हुन गएको हो पत्ता लगाई श्री ५ को सरकारले के कस्तो कारवाही गर्नुपर्ने हुन्छ सो को ठहर राय सहितको प्रतिवेदन पेश गर्न श्री ५ को सरकार मन्त्री परिषद् सचिवालयको ०४७ साल जेठ ९ गते ( अतिरिक्ताङ्क ९ (ग) नेपाल राजपत्र भाग ३) द्वारा प्रकाशित सूचनाबाट माननीय मुख्य न्यायाधीश श्री जनार्दनलाल मल्लिक (पू. क्षे.अ.) को अध्यक्षतामा माननीय न्यायाधीशद्वय श्री उदयराज उपाध्याय ( म.क्षे.अ.) श्री इन्द्रराज पाण्डे (हाल पू. क्षे.अ.) सदस्य रहनु भएको जाँचबुझ आयोग गठन भयो"- मल्लिक आयोगको प्रतिवेदनको भूमिकामा भनिएको छ।

"जन-शपथ" को दोस्रो बुँदामा त्यही चर्चित प्रतिवेदनको कार्यान्वयन हनु पर्छ भन्ने आग्रहका साथ भनिएको छ- "मल्लिक आयोगको प्रतिवेदन अनुसार दोषीमाथि कारवाहीका लागि पहल गर्नेछु।" जन-शपथको पाँचौं बुँदामा हाल संसद्को सम्पत्ति बनेर रहेको पैतृक सम्पत्तिमा महिलाहरूको समान अधिकार सम्बन्धी विधेयक पारित गरियोस् भन्ने आग्रह

## प्रतिनिधि सभा सदस्य पदका उम्मेदवारको
## जन-शपथ

**म जनता समक्ष शपथ लिंदै सार्वजनिक प्रतिवद्धता जाहेर गर्दछु कि :**

१. ● मानवअधिकार आयोग गठन गराउन अग्रसर रहने छु ।
२. ● मल्लिक आयोगको प्रतिवेदन अनुसार दोषीमाथि कारवाहीका लागि पहल गर्ने छु।
३. ● २०४८ साल देखि २०५५ सालसम्म सत्तामा रहेका मन्त्रीहरूको सम्पत्ति छानवीन गरी सार्वजनिक गर्न आवाज उठाउने छु ।
४. ● बहुदलीय व्यवस्थाको गरिमा कायम राख्ने काममा लाग्ने छु ।
५. ● महिलालाई सम्पत्तिमा समान अधिकार दिने पक्षमा बोल्ने छु।
६. ● कृषि मजदूरको न्यूनतम ज्याला निर्धारण गर्न आवाज उठाउने छु।
७. ● राजनीतिक विकृति र विसंगति विरूद्ध सधैं संघर्षरत रहने छु ।
८. ● जनताको मतप्रति प्रतिवद्ध रहने छु ।
९ ● तस्करी र भ्रष्टाचारमा संलग्न हुने छैन।
१० ● जनविरोधी कानून निर्माण गर्ने तथा पारित गर्ने पक्षमा लाग्ने छैन।
११ ● सत्ताबाट मानवअधिकार उल्लंघन हुँदा समर्थन गर्ने छैन।
१२ ● हत्या र आतंकको पक्षमा मत जाहेर गर्ने छैन।
१३ ● कुटनीतिक सुविधाको दुरुपयोग गर्ने छैन (जस्तो रातो पासपोर्ट)।
१४ ● सत्ताको लागि खरिदविक्रीमा सामेल हुने छैन।
१५ ● राज्यको श्रोत र साधनको अनुचित प्रयोग गर्ने छैन।

उम्मेदवारको नाम : पदम सुन्दर लावती  राजनीतिक दल : राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द)
निर्वाचन क्षेत्र र जिल्ला : पाँचथर क्षेत्र नं-२  दस्तखत : [signature]  मिति : २०५६।१।१४

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार, काठमाडौं

उपर्युक्त अनुसारका कुराहरु अहिले २ नं बुँदा र ३ नं बुँदाहरूको म स्पष्ट छैन। अन्य सबै कुरा मैले बारम्बार उठाउँदै आएको हुँ ती कुराको प्रभावकारी कार्यान्वयन गराउन पहल गर्नु आवश्यक छ। आगामी दिनमा [illegible] पूर्ण कार्यान्वयन गर्न आफ्नो [illegible] गरि दिन [illegible] पर्यो।

गरेका छ।

जनशपथप्रति पूर्ण समर्थन जाहेर गर्ने सुनसरी-१ की एमाले उम्मेदवार कुन्ता शर्मा पनि प्रतिनिधि सभामा पुग्नु भएको छ। उहाँले "म जनता समक्ष शपथ लिंदै सार्वजनिक प्रतिबद्धता जाहेर गर्दछुकि" भनेर गर्नु भएको हस्ताक्षर अवश्य बिर्सनु हुने छैन भन्ने विश्वास इन्सेकका मानवअधिकार कार्यकर्ताहरूले लिएका छनक्।

राप्रपाका चर्चित उम्मेदवार दिलबहादुर श्रेष्ठलाई पनि मल्लिक आयोगको कार्यान्वियनको मागले झस्काएका छ। उहाँल जनशपथका दोस्रा बुँदालाई काटी दिनु भएको छ।

इन्सेक कार्यकर्ताहरू उम्मेदवारहरूलाई जनशपथमा हस्ताक्षर गराउन विभिन्न पार्टीका आमसभाहरू मै पुगेका थिए। उदयपुरको इन्सेक आबद्ध संस्था मानवअधिकार र वातावरण विकास केन्द्र (हुरेण्डेक) का कार्यक्रम संयोजक भरत खड्का भन्नुहुन्छ- "हामीले सबै उम्मेदवारहरूलाई एउटै मंचमा भेला गराई हस्ताक्षर गराउने योजना बनाएका थियौं। तर उम्मेद्वारहरूले समय नदिएका कारण त्यसो हुन सकेन। माले र राप्रपाका

कृपया क्षमा गर्नुहोस्



# बलात्कारको केसमा उच्च विचार

— राजव —

डाक्टर, इन्सपेक्टर, रेक्टर, प्रोक्टर, साँसद आदि यस्ता सम्मानित पद हुन् जुन आजकल बलात्कारको केशमा जोडिन्छन्। त्यसकारण अखवारमा छापिने बालिका बलात्कारको समाचारमा होस् वा वृद्धा बलात्कारको समाचारमा होस् ती नै पदमा सम्मानितको नाम नै छापिएको पढ्नुपर्छ। किनभने "फलानो साँसदद्वारा वृद्धा बलात्कृत" "फलानो डाक्टरद्वारा सुत्केरी बलात्कृत" "फलानो इन्सपेक्टरद्वारा कन्सटेवलकी स्वास्नी बलात्कृत", "फलानो रेक्टरद्वारा फलानी छात्रा बलात्कृत" भनेर नछापिएको बलात्कारको कुनै समाचार छैन। प्रत्येक बलात्कारको समाचारले कुनै न कुनै साँसद, डाक्टर, इन्सपेक्टर बोकेकै हुन्छ। बुझिन्छ- यीद्वारा बलात्कारको सत्कार हुन्छ। त्यसकारण यी बलात्कारसँग जोडिन्छन्।

"जहाँ साँसद, इन्सपेक्टर, डाक्टर छन्, ती वरिपरि डेरा पनि लिनु हुन्न" एक छिमेकी महिलाले अर्की छिमेकी महिलालाई सल्लाह दिएको सुनेँ। मैले ती सल्लाहकार महिलासँग "किन ?" भनेर सोधिन पनि। किनभने यो भनाइभित्र तिनको आशय स्पष्ट बुझिने खालको नै थियो। तर, मैले अर्को प्रश्न चाहिँ सोधेँ-

"यदि कोही इन्सपेक्टर, साँसद र त्यस्तै विशदको घरमा डेरा गरेर बसेको रहेछ भने के गर्ने नि ?"

उनले भनिहालिन -

" तुरुन्त छोड्ने"

मैले भनेँ- सबै साँसद त्यस्तो हुँदैनन्, कोही बलात्कारी होलान्, कोही मन्त्री पनि त होलान्, यदि मन्त्री हुने साँसद्को घर छोडियो भने त बेफाइदामा परिन्छ।"

"तर मन्त्री भएपछि पनि त्यो बलात्कारी नहोला भनेर कसरी अनुमान गर्ने?" प्रश्न मैतिर सोझियो।

"तर मन्त्री भएपछि त ऊ सरकारी क्वाटरमा जान्छ नि ...." मैले जवाफ दिएँ।

" त्यसो त सबै साँसद, सबै डाक्टर बलात्कारी हुँदैनन्, कोही कोही मात्र हुने हुन् ...." वार्ता श्रावणमा संलग्न एक शिक्षिकालेँ भनिन्।

तर ती कोही मध्येका साँसदहरू बलात्कार किन गर्छन्? डाक्टर किन सतित्व हरण गर्छन्? भन्ने कुरो खोजको विषय हो। यसकारण यसतिर मनोविज्ञानको छात्र-छात्रालाई लगाउन आवश्यक छ। तथापि मैले, मेरो एक अमेरिकी मित्र डोनाल्ड हडसनसँग सोधेँ-

"मिष्टर हडसन, के अमेरिकामा पनि बलात्कारीहरू ठूला मान्छे नै हुन्छन्?"

हड्बडाएर हडसनले भने-

"अमेरिकामा त्यस्ता मान्छेहरूले त्यस्तो काम गर्दैनन्?"

"किन?" मैले सोधेँ।

उनले भने-

"किनभने अमेरिकामा साँसद हुन बलात्कारी हुन पर्दैन।"

अब हडसनले यसो किन भने भन्नेतिर नलागौँ। र, बुझौँ केही बलात्कारी नेपाली साँसद देखेर नै उनले यसो भनेको हुनुपर्छ। किनभने नेपालका सबै साँसद् यस्ता छैनन्। बरू केही त बालब्रम्हचारी नै छन्। केही घर-आँगनसम्म त्यागेका वितरागी पनि छन्। केही स्त्री बैरागी छन्। त्यसकारण सबै त्यस्ता छैनन् जस्तो केही बलात्कारी छन्।

यसै सिलसिलामा अब ताजा बलात्कारी साँसद नुरबहादुरसँग भेट गरौं। तर, नुरबहादुरले भरखरै हो बलात्कारीको श्रेय पाएको। यस पूर्व पनि उहाँले बलात्कार गर्नु भएको थियो शायद। तर, त्यस बेला उहाँले त्यसको श्रेय पाउनु भएको थिएन। पाउने कुरो पनि थिएन। किनभने त्यस बेला बलात्कार प्रतिष्ठाको विषय थिएन। र, उहाँ साँसद पनि हुनुभएको थिएन। अब हुनु भएको छ। अब त उहाँ बलात्कारी र साँसद दुवै हुनु भएको छ। त्यसकारण म उहाँलाई भेट्न हिँडेको हुँ।

म उहाँको कोठामा पुग्दा उहाँ बलात्कारी देखिने दश, पन्ध्र कार्यकर्तामाझ झोक्राएर बस्नु भएको रहेछ। त्यही बेला मैले उहाँलाई नमस्कार बक्सेँ र सोधेँ-

"साँसदज्यू सञ्चै?"

"सञ्चो, वञ्चो यस्तै हो।" उहाँले भन्नुभयो।

मैले भनें-

"कुरो गजब सुन्दै छु नि साँसदज्यू?"

हडबडाएर साँसदले सोध्नु भयो-

"के गजब सुन्नुभयो?"

"तपाइँको बारेमा ... ।"

"त्यो विरोधीको हल्ला हो"।


"तपाईको काम भएर न हल्ला भएको होला"।

"हल्ला गर्नेलाई के काम चाहिन्छ, त्यसै गर्छन् हल्ला" साँसदज्यूले यता मलाई भन्नुभयो। र, उता आफ्नू मान्छेलाई पनि भन्नुभयो-

"जसरी भए पनि यस पटक जोगाइ दिनुस् ..... नत्र चौपट हुन्छ, प्रधानमन्त्रीले मन्त्री दिन हिच्किचाउनु हुन्छ ..... । यस पटकको पुनर्गठनमा मन्त्री दिने कुरो गर्नु भएको छ ..... जसरी भए पनि यो कुरो सामसुम पारिदिनुहोस् ..... मन्त्री हुनासाथ तपाइँहरूको भलो चाहुँला ..... ।"यसो भनेर उहाँले मतिर हेर्दै मुस्काउनुभयो। र, मलाई थाहा भयो बलात्कारी साँसदको आकाँक्षा उच्च हुँदो रहेछ।

■






नेपाल विश्वकै गरीब देशहरुमध्येमा पर्छ। यसो हुनुमा अन्य कारणका वावजुद देशमा राजश्व तथा विदेशी सहायताबाट प्राप्त रकममा भ्रष्टाचार हुनुलाई नै सबभन्दा ठूलो कारण मानिएको छ। यसरी भ्रष्टाचार गर्नेहरुमा सानातिना मात्र नभएर देश चलाउने महत्वपूर्ण ठाउँमा आसीन नेता तथा कर्मचारीहरुको हात प्रत्यक्ष/अप्रत्यक्षरुपमा देखिँदै आएको पनि छ। तर यस्ता व्यक्तिहरुलाई कारवाहीको साटो पुरस्कृत गरिने परम्परा पनि वर्षौंदेखि चल्दै आएको छ। भ्रष्टाचारका यिनै पाटाहरुलाई ऐतिहासिक सन्दर्भसंगै गाँसेर यसको नालिबेली उतार्ने प्रयास यसमा गरिएको छ। बितेको वर्ष पनि भ्रष्टाचारको यो श्रृंखलामा कमी आउनुको सट्टा झन नयाँ शैली र प्रतिस्पर्धात्मकता बीच गुज्रिएकाले यस विषयलाई यस वर्षको उल्लेख्य विषयका रुपमा प्रस्तुत गरिएको छ।

## यस पुस्तक भित्र

- राज्य र मानवअधिकार
- मानवअधिकारको विश्वव्यापी घोषणापत्रको ५० वर्ष
- वर्ष पुस्तक भित्र यस्ता घटनाहरू पनि छन्
- यस वर्षको उल्लेख्य : नेपालमा राजनीतिक भ्रष्टाचार
- यस वर्षको प्रमुख घटना : नेपालमा राजनीतिक पार्टीहरूको गठन र विघटन
- माओवादी क्रियाकलाप र सरकारी व्यवहार
- आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र नेपाल
- नेपाली आमसंचारमा महिला
- नेपालमा बाल अधिकार
- मानवअधिकार स्थितिको समग्र मूल्यांकन १९९८
- सन् १९९८ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टी तथा विभिन्न क्षेत्रका धारणाहरू

**साथै पचहत्तरै जिल्लामा भएका मानवअधिकार हननका घटनाहरू**